मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द 'सेइङ'
गुरू आश्रम निजी सचिवालय
माङसेबुङ-५, लारूम्बा, इलाम

च.नं. २९१
प.सं. २०८२/०८३

मिति: २०८२/०६/१८ गते

## आनोमुई/शुभ-कामना

किरात धर्मको सञ्चार संस्था किरात इङ्भो पान्जुम्भोको संयोजनमा किरात धर्म महान दर्शनदाता, महान समाज सुधारक, महान ज्ञानदाता, महान मुक्तिदाता तथा राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरू फाल्गुनन्द लिङ्देनज्यूको १४१औं शुभ जन्मजयन्तीको पुण्य अवसरमा विभिन्न विद्वत वर्गको विचार विश्लेषण, खोज अनुसन्धानात्मक लेख रचना समेटी महागुरू फाल्गुनन्द विशेष अंकको रूपमा विगतका वर्षभैं किरात इङ्से पत्रिका प्रकाशन हुन लागेको हुँदा म ज्यादै खुशी भएको छु।

किरात धर्म दर्शन, मुन्धुम, भाषा, लिपि, संस्कार, संस्कृति, इतिहास र महागुरू फाल्गुनन्दज्यूको दिव्य ज्ञान, विचारधाराहरू र माङसिवाखाहुन सधैं मार्गदर्शन गर्ने यस माङसेबुङको नियमित धार्मिक, सामाजिक कार्य गतिविधिहरूको मुख्य रूपमा सञ्चारको माध्यमबाट विश्वव्यापी रूपमा व्यापक प्रचार-प्रसार गर्ने उद्देश्यले स्थापना गरिएको सञ्चार संस्था हो र यसको प्रमुख संरक्षक म आफै रहेको छु। यस किरात इङ्से मार्फत किरात धर्म दर्शनलाई बौद्धिक दृष्टिकोणले व्याख्या, विश्लेषण र खोज अनुसन्धान गर्न सहयोग पुग्ने आशा लिएको छु।

किरात इङ्सेको यो राष्ट्रिय विभूति महागुरू फाल्गुनन्द लिङ्देनज्यू विशेष अंक पठनीय, ज्ञानमूलक, खोजमूलक एंव शिक्षाप्रद हुन सकोस् भन्ने शुभेच्छा राख्दै, विगतका वर्षभैं राष्ट्रिय विभूति महागुरू फाल्गुनन्द लिङ्देनज्यू विशेष अंक महागुरूज्यूको कार्तिक २५ गते १४१औं जन्मजयन्तीको पुण्य तिथिमा यस पान्जुम्भोद्वारा प्रकाशन हुन लागेको हुँदा पत्रिका प्रकाशनको पूर्ण सफलताको कामना गर्दै यसै पत्रिका मार्फत विश्वको विभिन्न ठाउँमा रहनु भएका किरात धर्मावलम्बी एंव विश्व मानव समुदायलाई महागुरू फाल्गुनन्दज्यूको १४१ औं जन्मजयन्तीको पावन अवसरमा शुभ आशीर्वाद साथै सुख, शान्ति, समृद्धिको लागि हार्दिक आनोमुइ/शुभकामना व्यक्त गर्दछु।
नोगेन, आसेवारो। किरात हाङसाम साम्यो - तियाहा।

प्रमुख संरक्षक
मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङ्
मुहिङम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देन
गुरू आश्रम निजी सचिवालय
माङसेबुङ-५, लारूम्बा, इलाम

०२३५९४४०१ guruashramnijisachibalaya@gmail.com ९८२४०२४००१ ९८४२८८६४१७

# राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द जन्मजयन्तीको सन्देश

प्राचिन मौलिक धर्म किरात धर्म लोप हुन लागेको अवस्थामा पुन उत्थान गर्नु हुने उत्थापक किरात धर्म दर्शनदाता, समाज सुधारक तथा नेपालको राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द लिङ्देनले यस धर्तिमा पाइला टेक्नु भएको यहीँ कार्तिक २५ गते १४१ वर्षमा प्रवेश गर्दैछ। यो अवसरमा आम किरात समुदायहरुमा खुशीयाली मनाउने, रमझम गर्ने र शुभकामना आदानप्रदान गर्ने चलन छ। यसलाई अझ व्यापक बनाउन २०७१ साल वैशाख २४ गते किरात धार्मिक संस्थाहरूले माङसेवुङमा ६ वटा पर्वलाई किरात चाड घोषणा गरेको थियो। यसरी घोषित चाडपर्वमा चैत १ गतेलाई किरात नयाँ वर्ष, वैशाख २४ गतेलाई किरात समाज सुधार दिवस, साउन १ गते सिसेक्पा तङनाम, कार्तिक २५ गते मुहिङगुम अङसीमाङ महागुरू फाल्गुनन्द लिनको जन्मजयन्ती, मंसिर १८ र १९ गतेलाई उधौली पर्व मुहिङगुम अङसीमाङ आत्मानन्द लिङ्देन सेइङज्यूको जन्मोत्सव र माघ पहिलो साता सप्ताहव्यापी उभौली पर्व रहेका छन्।

यसरी घोषणा गरिएको पर्वमा महागुरु फाल्गुनन्दको जन्मजयन्ती पनि परेको छ। चाडपर्वको रुपमा स्थापित भएपछि जन्मजयन्तीलाई किरात धर्मावलम्बीहरुले प्रत्येक घर-घरमा, टोल-टोलमा, माङहिमहरुमा, थुमथुममा, राष्ट्र अन्तर्राष्ट्रमा जहाँ छौ त्यहाँ मनाउने भन्ने चलनहरु बढ्दै गएको छ। यसरी मनाउने चाडपर्वले धार्मिक सहिष्णुतामा आँच पुग्न नदिन पनि उत्तिकै सचेत हुन आवश्यक छ। यो पर्वलाई आम किरात समुदायको मात्र नभई सारा मानव समुदायकै पर्व हो भन्ने भावना जगाउनु पर्दछ। तर, विगतमा महागुरुको जन्मजयन्ती सभा, समारोहमा मनाउदै आएका किरातजन्य संघ सस्थाहरुले चाडपर्व घोषणा गरेपछि मनाउने विधिहरु तयार बनाए पनि प्रभावकारी कार्यान्वयन हुन सकिरहेको अवस्था छैन्। नेपालीहरुको चाडपर्व विजय दशमी मानिए झै महागुरु फाल्गुनन्दको जन्मजयन्तीलाई पनि सम्पूर्ण नेपालीहरुको पर्वको रुपमा स्थापित गर्नु पर्दछ। यसका लागि नेपाल सरकारले समानता र सद्भावको नीति अविलम्ब गर्नु जरुरी छ भने, किरात धर्मजन्य संघ संगठनहरुले फराकिलो नीति र दीर्घकालिन योजना तर्जुमा गर्न आवश्यक छ। किन की महागुरु फाल्गुनन्द राष्ट्रिय विभूति हुनु भएपछि किरातीहरुको मात्र महागुरु नभई राष्ट्रको निधि बन्नु भएको छ। त्यसैले राष्ट्रको सम्पत्तिलाई संरक्षण र प्रचारप्रसार गर्ने दायित्व सिंगो राष्ट्र र सारा जनताको हो। यसमा सम्पूर्ण किरातीहरु भने अछुतो रहन सक्दैन र रहन पनि हुँदैन्।

यसरी मुहिङगुम अङसीमाङ फाल्गुनन्दको जन्म दिनलाई भव्य प्रचार-प्रचार गरी धार्मिक सहिष्णुता कायम गर्दै किरात धार्मिक चाडपर्वको रुपमा मनाउन आवश्यक छ। महागुरू फाल्गुनन्दको दर्शनहरु विश्वको कुना कन्दरासम्म पुगेकोले सारा मानवले मनाउन सक्ने विधि र नीतिहरु अघि बढाउनु उचित देखिन्छ। यो पर्व किरातीहरुले मात्र मान्ने भन्ने संकुचित सोचाई र बुझाईमा नभई हामी सारा मानव समुदायले मनाएर जानुपर्छ भन्ने भावना जगाउनु आवश्यक छ। सबै नेपालीले धार्मिक सद्भाव र सहिष्णुता कायम गर्दै भव्य र सभ्य ढंगले महागुरू फाल्गुनन्द जन्मजयन्ती मनाउनु पर्दछ। यसरी जन्मजयन्ती मनाईरहँदा वहाँले नेपाली समुदायलाई दिनुभएको शिक्षा वा मार्गदर्शन सत्य, शान्ति, अहिंसाका दर्शनहरू सबैले अंगिकार गर्न सकौं। वहाँको धर्म उपदेशहरूको मर्म बुझेर सबै समानता र एकतामा रहन सकौं। यसका लागि राज्यले सबै धार्मिक, जातीय, लिङ्गीय समुदायलाई समान व्यवहार गर्न आवश्यक छ। तब मात्र राष्ट्रिय एकता दर्बिलो बन्न सक्छ। अनि मात्र विश्व शान्ति तथा एकता कायम रहन सक्छ।

किरात धार्मिक संस्थाहरुको साझा आवाज
किरात इङ्से
बर्ष ५, अंक १, २०८२ कार्तिक
माङसेबुङ ५, इलाम,
पत्रिका तथा अनलाइनका लागि प्रमुख संरक्षक : मुहिङगुम अङसीमाङ लिङदेन आत्मानन्द सेइङज्यू तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङदेनज्यू
प्रकाशक : किरात इङभो पान्जुम्भो अध्यक्ष : केहेरसिं योङहाङ, सम्पादक : ज्ञानु केदेम
व्यवस्थापक : प्रकाश सावादेन, कमला तुम्बापो, लोकबहादुर लिङदेन, चन्द्रा सेन्दाङ, पूर्ण कार्कीढोली, सीमा मुकारुङ, राजेन्द्र खिम्दिङ, नाम फुरुम्बो, मजदुर साँबा, सुरेश फुरुम्बो, हर्क साम्पाङ
Facebook : KIRAT INGSE, पेज : किरात इङ्से, डिजाईन : कैलाश राई, मुद्रण : ओत् प्रिन्टिङ, प्रेस दमक झापा
इमेल kiratingse@gmail.com, dharmkirat@gmail.com
मूल्य रु. ५०/-



### किरात धर्म दर्शनदाता, महान समाज सुधारक तथा राष्ट्रिय विभूति

# महागुरू फाल्गुनन्द लिङ्देन संक्षिप्त जीवनी

किरात धर्म दर्शनका पुनः उत्थापक, महान समाज सुधारक तथा नेपालको राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरू फाल्गुनन्द लिङ्देनको जन्मावतार भएको १४० वर्ष पूरा भई आगामी कार्तिक २५ गतेबाट १४१ वर्षमा प्रवेश गर्दै छ। यहीँ अवसरमा महागुरू फाल्गुनन्दको १४१ औ जन्मजयन्ती कार्तिक २५ गते विविध कार्यक्रम आयोजना गरी भव्य रूपले संसारभर मनाईदैछ।

तत्कालीन समयमा लोपोन्मुख अवस्थामा पुगेको किरात धर्म दर्शन, भाषा, लिपि, संस्कार र संस्कृतिलाई पुनः उत्थान गर्न र कुरीति कुसंस्कारमा रमाइरहेका समुदायलाई सत्मार्ग दर्शनमा डोऱ्याउन किरात धर्म दर्शनका पुनः उत्थापक, महान समाज सुधारक तथा नेपालको राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरू फाल्गुनन्द लिङ्देनज्यूको किरात समुदायमा जन्म भएको थियो।

सत् आहार, सत् विहार र सत् कर्म गर्नु भनि सिवाखाहुन दिनुहुने महागुरू फाल्गुनन्दज्यूको सत्य, शान्ति र अहिंसावादी दर्शनलाई पछिल्लो समय विश्वमा अनुसरण गर्न थालिएको छ। वहाँ सत्य, शान्ति र अहिंसाका सूत्रधारको रूपमा सबैमा पुज्य हुनु भएको छ। किरात धर्मावलम्बीहरूले वहाँलाई किरात धर्म दर्शन पुनः उत्थापक, महान समाज सुधारक मुहिङगुम अङसीमाङको रूपमा आस्था र श्रद्धा पोख्ने गर्दछन।

महागुरूले समाज सुधारका लागि वि.स. १९८८ साल बैशाख २४ गते पान्थरको लब्रे कुटीमा तत्कालीन लिम्बुवानबासी गन्यमान्य सुब्बा, सुवाङगी, कारवारी, बुद्धिजीवीहरूलाई आमभेला बोलाएर सत्य धर्म मुचुल्का निर्माण गर्नु भएको थियो। समाज सुधार अभियानमा आजीवन लाग्नु भएका महागुरूलाई राज्यले जीवन भरी राजद्रोही, देशद्रोही र पूर्व लिम्बुवानको राजा हुन खोजेको आरोप लगाउँदै गिरफ्तार गर्ने र अनेकौं दुःख, पीडा दिने काम मात्र गरेको थियो। तर, वहाँको देहावसान भएको ६१ वर्षपछि राज्यले पनि महागुरू फाल्गुनन्दलाई समाज सुधारकको रूपमा चिनेको छ। यसरी राज्यले चिनेपछि वहाँलाई वि.स. २०६६ मसिर १६ गते नेपाल सरकारले महागुरू फाल्गुनन्दलाई राष्ट्रिय विभूतिले सम्मानित

गरेको छ।

किरात समुदायमा तत्कालीन समयमा कायम रहेको कुरीति कुसंस्कारलाई हटाउन किरात धर्म दर्शन दाता, महान समाज सुधारक तथा राष्ट्रिय विभूति मुहिङ्गुम अङ्सीमाङ महागुरू फाल्गुनन्द लिङ्देन इलामको चुक्चिनाम्बामा जन्मनु भएको थियो। वहाँको जन्मदिनको अवसरमा किरात समुदायमा खुशीयालीका साथ रमझम गर्ने, शुभकामना आदानप्रदान गर्ने, धार्मिक सेवा र विविध कार्यक्रमहरू आयोजना गरी महागुरू फाल्गुनन्द जन्मजयन्ती मनाउने चलन छ। महागुरूले निर्माण गरिदिनु भएको समाज सुधार दिवस र वहाँको जन्म दिनलाई थप रौनकता र व्यवहारिकता बनाउन किरात धार्मिक संस्थाहरूले वि. स. २०७१ साल बैशाख २४ गते किरात धार्मिक चाडपर्व घोषणा गरेको छ।

छरपस्टिएको र दिशाविहिन किरात धर्म दर्शनलाई निश्चित मार्ग देखाउँदै किरात धर्म दर्शन, भाषा, लिपि, संस्कार संस्कृतिलाई पुनः उत्थान गर्नुहुने किरात धर्म दर्शनदाता फाल्गुनन्दलाई तत्कालीन किरात समुदायमा चलेको कुरीति कुसंस्कारलाई हटाई समाज सुधार गर्नका लागि ७ बुद्धे सत्य धर्म मुचुल्का निर्माण कर्ता समाज सुधारक तथा राष्ट्रले राष्ट्रिय विभूषणले सम्मानित गरेकोले राष्ट्रिय विभूतिको रूपमा पनि सबै माझ् पुज्य हुनुभएको छ।

वहाँलाई विगतमा राज्यले पूर्व लिम्बुवानको राजा बनेको भनि देशद्रोहीको आरोपमा धेरै नै दुःख दिएको भएपनि अनि तत्कालीन किरात समाजले साँधु, खराने भनेर घृणा, अपहेलना गरेको भएपनि पछिल्लो समयमा सबैको आस्थाको धरोहर बनिन्नु भएको छ। वहाँले थालनी गरेको विश्व शान्ति मानव एकताको मार्गदर्शनमा आज किरात समाज मात्र नभई संसारका सत्य, शान्ति, न्यायप्रेमी र अहिंसावादीहरू सबै लाम लाग्न थालेका छन्।

समाजमा रहेको कुरीति र कुसस्कार हटाई सभ्य र शिक्षित समाज स्थापनाका लागि वहाँले देखाएको मार्गदर्शन पछिल्लो समय संसारभर फैलिँन्दै गएको छ। सत्य, शान्ति र अहिंसावादी महागुरूको ज्ञान र दर्शन विश्वव्यापी हुँदै गएको छ। तत्कालीन समयमा छोरा छोरीबीच विभेद रहेको संस्कार संस्कृतिमा समानता र सदभाव कायम गर्न वहाँलाई कम चुनौति पक्कै भएनन्। तर, पनि छोरी चेलीको सोतरीत खाने कुरीति कुसंस्कारलाई हटाउन अहोरात्र लागिपर्नु भयो।

२१ औं शताब्दीमा चर्को रूपमा उठिरहेको मौलिक पहिचान र समानता समावेशिताको मूल मुद्दालाई महागुरूले २० औं शताब्दीमै उठान गर्नु भएको थियो। छोरा छोरीलाई समान व्यवहार गर्न मार्गदर्शन गराउनु भयो। मौलिक मातृभाषा, लिपि, संस्कार संस्कृतिलाई संरक्षण र प्रचारप्रसार गर्न सबैलाई प्रेरित गरिरहनु भयो। वहाँले सुरूवात गर्नु भएको पहिचान र समानताको आन्दोलन आज विश्वव्यापी हुँदै गर्दा महागुरू फाल्गुनन्द दूरदर्शी महान् व्यक्तित्वको रूपमा संसारभर कहलिँदै जानुभएको छ। पढ्न लेख्न पूर्ण प्रतिबन्द रहेको निरङ्कुश राणा शासनकालमा वहाँले मातृभाषा, लिपि पढ्ने र लेख्ने अभियान चलाउनु भयो। समाज सुधारको लागि आज भन्दा साढे ९ दशक अगावै निरङ्कुश राणाशासनलाई खुल्ला चुनौती दिँदै सत्य धर्म मुचुल्का निर्माण गर्नु भयो। महागुरूको जीवनकालमा निर्माण गरिएको ऐतिहासिक र महत्वपूर्ण दस्तावेजको रूपमा रहेको मुचुल्काले वहाँलाई राष्ट्रिय विभूति बन्न पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।



यसरी समाज सुधारको महान अभियान लिएर अघि बढ्नु भएका महागुरू फाल्गुनन्दले सत्य धर्म मुचुल्का निर्माण गरेसँगै नेपालमा जनताका लागि बन्देज गरिएको शिक्षाको ज्योतिलाई व्यापक फैलाइदिनु भयो। वहाँले सत्य, शान्ति र अहिंसाको मूल मार्गदर्शनलाई अघि बढाउदै, मौलिक पहिचान, समानता र समावेशिताको आन्दोलनलाई सुरूवात गरिदिनु भयो। महागुरूले प्रारम्भ गर्नु भएको शान्तिवादी, अहिंसावादी, पहिचानवादी र समानतावादी अभियान पछिल्लो समयमा किरात धर्मावलम्बीहरूका लागि मात्र मार्गदर्शन बनेको छैन्।

यी दर्शन विश्वव्यापीकरण भएकोले अब किरात समुदाय अर्थात

फाल्गुनन्दमार्गीहरूले मात्र मान्छन्, मान्नु पर्छ र वहाँको मार्गदर्शन किरात समुदायका लागि मात्र हो उनीहरूले मात्र अनुसरण गर्नु पर्छ भन्ने संकुचित सोचाई र बुझाईबाट गैर किरात समुदायहरू फराकिलो सोचाई र बुझाईमा पुग्न जरूरी छ । महागुरू फाल्गुनन्द कुनै एक समुदायको मात्र हो र वहाँको मार्गदर्शन एक धार्मिक समुदायको लागि मात्र हो भन्ने गलत सोचाई र विभेदकारी नीतिबाट विशेषत राज्य पक्ष र सबै समुदायहरू मुक्त हुन आवश्यक छ।

महागुरू फाल्गुनन्द लिङ्देनज्यूले किरात धर्म दर्शनको उत्थान र संरक्षणका लागि पुऱ्याउनु भएको अतुलनीय देनहरूको अध्यायहरू अनेकौं छन् । वहाँले तत्कालीन हाम्रो समाज र राज्यले दिएको पीडा, कष्टहरू असंख्य छन् । महागुरू फाल्गुनन्दज्यूले किरात समाज सुधार्न गर्नु भएका योगदानहरू यसमा पूर्ण समावेश गर्न सकिन्न, त्यसैले यसमा महागुरू फाल्गुनन्दज्यूको जीवनी सम्बन्धी संक्षेपमा मात्र चर्चा गरिएको छ।

## फाल्गुनन्दको जन्म र बाल्यकाल

नेपालको पूर्वी लिम्बूवान भूमिको इलाम जिल्ला माङसेबुङ गाउँपालिका वडा नं. २ साविक इभाङ गा.वि.स वडा नं. ५, चुक्चीनाम्बा डाँडागाउँमा बुवा जगुनवाज लिङ्देन र आमा हंसमति वेघा लिम्बूको कोखबाट वि. स. १९४२ साल कार्तिक २५ गते आइतबार राती साईला छोराको रूपमा मुहिङगुम अङसीमाङ लिङ्देन फाल्गुनन्दज्यूको जन्म भएको थियो । सामान्य किसान परिवारमा जन्मिएका महागुरू फाल्गुनन्द आमाको गर्भमा रहँदा आमाले मासुमंस सेवन गरे अस्वस्थ हुने, सपना विग्रने, दुःख दिने जस्ता लक्षणहरू देखिएता पनि त्यसतर्फ ध्याननै दिइएको थिएनन्।

तर, पछि महागुरू जन्मनु भएपछि आमाले कुखुराको मासु, जाँड



खुवाउँदा आमाको स्तनपान गर्नु नहुने भयो । जन्मेको ३/४ घण्टासम्म नरूने, दुध पनि नचुस्ने जबर्जस्ती स्तनपान गराउँदा आमाको स्तनमा खतिरा आएपछि आमाको दुध समेत नचुसाएको र चार दिन अघि ब्याएको कालो बाख्राको दुध खुवाएर उनको पालनपोषन सुरू गरिएको थियो।

महागुरू वाल्यवस्था हुँदै आमाको देहावसान भएकोले बुवाले दोस्रो विवाह गर्नुभयो । त्यसपछि सानी आमाको रेखदेखमा हुर्कनु भो महागुरू फाल्गुनन्दज्यू । महागुरू फाल्गुनन्दज्यूको बाल्यकाल गाई बाख्राको गोठला गर्दै वनजंगल, खोलानाला, डाँडाहरू चहार्दै बित्यो । बाल्यकालमा शान्त, एकान्तप्रेमी, कम बोल्ने स्वभावको हुनुहुन्थ्यो । महागुरू मदमंस छुन पनि नहुने बिरामी भइहाल्ने, दैनिक बिहान बेलुका माङसेवा गर्ने गर्नुहुन्थ्यो । दैवको खेलले आमाको माया ममताबाट विछोडिएका फाल्गुनन्द, बुवा र सानी आमाको रेखदेखबाट समेत बाल्य अवस्थामै बन्चित हुनुपरेको थियो।

उनले काका काकीसँग पनि बाल्यकालका केहीं बसन्तहरू पार गरेका थिए । तर, फाल्गुनन्द शुद्ध शाकाहारी जीवनयापन गर्ने, काका काकी मदमंस सेवन गर्ने भएकाले भान्सामा समस्या भएकोले काका काकीसँगसँगै बस्न असहज भयो । त्यसैले काका काकीले लेछेबुङ बारीमा सानो कटेरो बनाइदिनुभयो । र, उनी छुटेर त्यतै बस्नुभयो । लेछेबुङमा ३ रोपनी ३ आना बारी, एउटा कोदालो, एउटा तेरेङ खेस्या, एउटा माटाको हण्डी, एउटा सिलबर थाल, एउटा कराई, एउटा खुर्पा र एउटा हँसिया, दुई माना पिठो र चार भुत्ता मकै वहाँलाई अंश दिइएको थियो । त्यसपछि भ्याकुर र तरूल खनि खाँदै जीविका चलाउन थाल्नु भयो। तरूल खन्न जाँदा बुढी मान्छे अघि गएको देखिने र, तरूल पनि उनले धेरै भेटाउने गरेको उनको जीवनीमा पढ्न पाइन्छ।

## समाधिज्ञान प्राप्त

महागुरू फाल्गुनन्दज्यूका बुवा जगुनवाज देउमाई खोलापारी जीतपुरमा खेति गर्ने क्रममा जीतपुरको खत्रक्पा पारी दानावारीको सहविरे वोरूङ भनिने ठाउँमा गोठ बनाएर बस्ने क्रममा समय समयमा घरबाट खाद्य सामग्री पुऱ्याउन जानु पर्थ्यो । त्यहीं शिलशिलामा सानी आमाले बुवालाई सातुसामल गोठमा पुऱ्याउन महागुरूलाई पठाउनु भयो । चामलसँगै मासु पनि डोकोमा बोकाएर पठाएको कारण महागुरूलाई ज्वरो आउन थाल्यो।

शरीरभरि फोकै फोका आउन थाल्यो, मुस्किलैले गोठमा पुग्दा छोराको अवस्था देखेपछि बुवाले सोध्दा महागुरूले आँशु झारेर टुलुटुलु हेरी

मात्र रह्यो । महागुरूलाई लिएर बुवाले छिमेकी गोठालाहरूलाई गोठ हेर्न लगाएर घर तिर फर्कयो । महागुरूलाई तीन दिनसम्म फेदाङमा, विजुवा लगाएर उपचार गर्दा पनि निको भएनन् । सबै छिमेकीहरू भेला भएर रूङने क्रममा चौथो दिन बेलुकी भने, गाउँलेहरूले रूगेर सुतिरहेका महागुरू जुरूक्क उठेर जंगलतिर दौड्यो ३/४ जनाले पछ्याउँदै दौडे तर जंगलमा अल्पेपछि फेला परेनन्।

यसरी महागुरू ८ वर्षको हुँदा सुतिरहेको अवस्थामा एक दिव्य पुरूषले इशारा दिएर बोलाएकोले महागुरू आकर्षित भएर जुरूक्क उठेर दिव्य पुरूषको पछिपछि लाग्दा माईखोलामा नुहाउन लगाएको र केही माथि खत्रक्पाको खोल्सीमा लगेर लाम्पातेको रूखको फेदमा उभ्याएर खुट्टानेर छेउको भुईमा खोस्रेर सिमीको दाना रोपे जस्तो गरेर त्यही बीउ उम्रेर लहरा भई महागुरूलाई चलमल गर्न नसक्ने गरी बाँधेर दिव्य पुरूषले माईखोला तिर औल्याउँदै, आमासँग माफी माग भनि त्यहीं अल्पिएर महागुरूको शरिर हल्का भएको र बेरिएको लहरा पनि लोप भएको थियो भनि महागुरूको जीवनीमा उल्लेख गरिएको छ।

त्यसपछि केही छिनमै शरिरनै आनन्द भएर माईखोला तिर फर्केर हेर्दा बाजागाँजाहरूको ध्वनीसँगै खोलाको बीचबाट दिव्य सुन्दरी युमामाङ निस्केर महागुरूलाई सुम्सुम्याउँदै तपस्वी हुन्छौ अगाडिको ब्रत पूर्ण गर्नु भनेपछि पुनः दिव्य सुन्दरी अल्पेपछि मुन्धुममा ठूला-ठूला अक्षरहरू क्रमैसँगले खस्न थाले जुन महागुरूले क्रमैसँगले दैविक शक्तिले पढ्दै जानु भएपछि ज्ञानबोध भयो भनि उल्लेख गरिएका छन्। अन्ततः महागुरूले खत्रक्पा लाम्पातेको रूखको फेदबाट समाधिज्ञान प्राप्त गर्नु भयो।

## जीवन शैली

महागुरू फाल्गुनन्द आजीवन ब्रम्हचारी भएर बस्नु भयो । महागुरू फाल्गुनन्द महिलाको भेषभूषा र गरगहनामा सजिएर बस्नु हुन्थ्यो । हिङ्मु हुन्थ्यो । महागुरूको जीवन शैली सरल रहेको जनाइएको छ । कम बोल्ने, मसिनो स्वर भएको हुनुहुन्थ्यो।

वहाँ शाकाहारी भोजन ग्रहण गर्ने संधै हिँडिरहने, ज्ञान गुणका कुराहरू बाँडिरहने फाल्गुनन्दले आजीवन सादा जीवन व्यतित गर्नुभएको थियो । वहाँले प्रयोग गर्नु भएको खराउको चप्पल, महागुरूको केश, चिम्टा, त्रिशुल र खुर्मीहरू महागुरूकालीन माङहिमहरूमा अहिले पनि सुरक्षित रहेका छन्।

## किरात माङहिम निर्माण

मुहिङगुम अङसीमाङ लिङ्देन महागुरू फाल्गुनन्दले विभिन्न थुम थुममा माङहिमहरू निर्माण गर्नुभएको छ। वि.स. १९८५ सालमा पान्थरको चोकमागु ३, लब्रेकुटीमा ८ जिल्ला माङहिम, किरात साङसेन वरक चोत्लुङ माङहिम स्थापना गर्नु भयो । यसरी नै वि.स.१९८८ मा सत्रथुम गोश्वारी युमा माङहिम लोब्रेकुटीमै निर्माण गर्नु थियो।

वि.स. १९८६ मा चुक्चिनाम्बा गैरीगाउँ इभाङमा किरातेश्वर हाङसाम माङहिम (किरात हाङसाम फाल्गुनन्द माङहिम) निर्माण गर्नुभयो। वि.स. १९९७ मा किरात हाङसाम माङहिम निगुरादिन ताप्लेजुङमा स्थापना गर्नु भएको थियो। त्यसैगरी किरात नाम्भुनयक माङहिम सिलौटी पान्थर, काबेली माङहिम साब्लाखु ताप्लेजुङ र किरात हाङसाम नाम्गेनयक माङहिम जीतपुर इलाममा पनि माङहिम निर्माण गर्नुभएको थियो।

वि.स. १९९५ सालमा फक्ताङलुङ पारूङतेम्बेमा धर्मशाला बनाउनुभयो। वि.स. १९९५ सालमै पान्थर रानिटारमा सिलौटी कुटी स्थापना गर्नुभयो। त्यसैगरी भुटानमा समेत माङहिम निर्माण गर्नुभएको थियो । महागुरूले चोकमागु लगायत विभिन्न ठाउँमा पहिरो रोक्ने कार्य समेत गर्नु भएको थियो।





## महागुरुको उपनाम तथा आभूषण

महागुरू फाल्गुनन्दको न्वारनको नाम नरधोज राखिएको थियो । तर पनि नानीहरू जन्मिन्दै मरेकाले महागुरूको जन्म भएपछि जीवन रक्षाको लागि फलामको चुरा लगाईदिदा दिर्घायू हुन्छन भन्ने जन विश्वास भएकाले महागुरूलाई फलामको चुरा लगाई दियो जसले गर्दा उनको बोलाउने नाम फलामसिं हुन गयो।

महागुरूले लिम्बुवानवासी सबैलाई एकै ठाउँमा भेला गरेर तत्कालीन किरात समाजमा रहेको विकृति विसंगतिहरूलाई हटाउने उद्देश्यले १० लिम्बुवान १७ थुमका किरात समुदायहरूलाई वि.सं. १९८८ बैसाक २४ गते बुधबार भेला गराएर ७ बुँदे सत्यधर्म मुचुल्का पारित गर्नुभयो । सोही भेलाको क्रममा एक साँझ महागुरूका चेला तथा तत्कालीन सुब्बाद्वय शेरबहादुर लाओती र काजीमान तुम्बाहाम्फेलाई महागुरूले सोध्नुभयो, 'म को हु ?' दुबै जनाले राति सल्लाह गरेर भोलिपल्ट उत्तर दिने भन्ने आज्ञा पाएपछि भोलीपल्ट, 'सत् आहार, सत् विहार, सत् कर्म, सत्य बोल्ने सत्यहाङमा' भनेर भन्नुभयो।

तबदेखि वहाँ सत्यहाङमा नामले पनि परिचित हुनुभयो । महागुरूलाई विशेष गरी ध्यानी, तपस्वी, सत्यहाङमा, महागुरू, फलामसिं र मुहिङगुम अङसीमाङ, राष्ट्रिय विभूति उपनाम र उपमाले समेत चिनिनु भएको छ। महागुरू फाल्गुनन्दज्यूले केहीं समय सैनिक जीवनपनि विताउनु भएकोले वहाँलाई ध्यानी हवल्दारको उपनामले पनि सैनिक जीवनमा चिनिएको थियो।

त्यसै गरी महागुरू फाल्गुनन्दले छरपष्टिएको अनि दिशाविहीन भएको किरात धर्म दर्शनलाई मार्गदर्शन गर्नु भएका कारण महागुरू किरात धर्म दर्शनदाता हुनुभयो । भने, तत्कालीन समाजमा व्याप्त विकृतिलाई हटाउन सत्य धर्म मुचुल्का खडा गरी त्यसलाई पालन गर्न, गराउन पहल गर्नु भएकोले महान् समाज सुधारक बन्नु भयो।

महागुरू जनसांख्यिक तथ्याङक अनुसार मुलुकको चौथो धर्मको सबैभन्दा पूज्य व्यक्ति, वहाँले प्रतिपादन गर्नुभएको सिद्घान्त एवं महागुरूले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर जीवनभर गर्नुभएको कार्यका कारण सरकारले दिएको राष्ट्रिय सम्मान राष्ट्रिय विभूति र किरात धार्मिक इतिहासमा विभिन्न देवअवतारी व्यक्तिहरूको जन्म भइरहन्छ, सोही क्रममा महागुरू पनि अवतरित हुनु भएकोले मुन्धुमी भाषामा मुहिङगुम अङसीमाङ भनेर महागुरूलाई सम्बोधन गर्ने गरिएको छ।

## फक्ताङलुङ तीर्थस्थल यात्रा

मुहिङगुम अङसीमाङ फाल्गुनन्दले किरात धर्मावलम्बीहरूको तीर्थभूमि, मुक्तिभूमि तीर्थस्थलको रूपमा सेन्चेई फक्ताङलुङ (कुम्भकर्ण हिमश्रृंखला) मा सर्वप्रथम वि.स. १९९३ सालमा वहाँले तीर्थयात्रा गरेर ढोका खुला गरिदिनु भएको थियो। जसले गर्दा आजसम्म पनि किरात धर्मावलम्बीहरूले वर्षेनी फक्तालुङको तीर्थयात्रा गर्दै आइरहेका छन्।

पहिलो फक्ताङलुङको यात्रामा महागुरूले फक्ताङलुङको फेदीमा पुगेर ठूलो सेवा लगाएर फर्किनु भएको वहाँको जीवनीमा पढ्न पाइन्छ। वि.स.१९९५ सालमा फक्तालुङ जाँदा पारूङतेम्बेमा धर्मशाला समेत निर्माण गर्नु भएको थियो।

## सत्य धर्म मुचुल्का निर्माण

महागुरू फाल्गुनन्द लिङ्देनको महत्वपूर्ण र ऐतिहासिक कार्यको रूपमा रहेको सत्यधर्म मुचुल्कानै वहाँलाई समाज सुधारकको रूपमा परिचित गराई राष्ट्रिय विभूति बनाउने सूत्र बन्यो । महागुरूले मुचुल्का निर्माण नगर्नु भएको भए सायद राष्ट्रिय विभूति हुने आधार नरहने थियो । लिम्बुवानबासी सबैलाई एकै ठाउँमा भेला गरेर तत्कालीन किरात

समाजमा रहेको कुरीति कुसंस्कारलाई हटाउँने उद्देश्यले १० लिम्बु १७ थुमका सुब्बा, कारबारी, गन्यमान्य, बुद्धिजीवी, ठूलाठालुलाई पत्र लेखेर वि.सं. १९८८ बैसाख २४ गते बुधबार पान्थरको लब्रेकुटीमा बृहत् भेला गराई महाचुम्लुङको आयोजना गर्नु भएको थियो।

पान्थर यासोक भदौरेका सुब्बा शेरबहादुर लाओती, तेह्रथुम म्याङलुङका सुब्बा काजीमान तुम्बाहाङफे, धनकुटा चौविसका सुब्बा प्रेमबहादुर माबोहाङ लगायत लिम्बुवानका सबै सुब्बा, कारबारी, गन्यमान्य, बुद्धिजीवी, ठूलाठालु सबैको उपस्थितिमा मुचुल्का खडा गरिएको थियो। सो भेलाले तीन ठाउँमा सर्दै पाँच दिनसम्म महागुरू फाल्गुनन्दद्वारा प्रस्तुत प्रस्ताव माथि गहँन छलफल गरी किरात मुन्धुम, भाषा, लिपि, संस्कार, संस्कृति सम्बन्धि ७ बुँदे मुचुल्का तयार गरेको थियो । सो मुचुल्कालाई सत्य धर्म मुचुल्का नामाकरण गरिएको थियो।

७ बुँद्वे सत्यधर्म मुचुल्का किरात समाजमा प्रचलित तुम्याहाङ प्रणालीको आधारमा निर्माण गरिएको ऐतिहासिक दस्तावेजको रूपमा तयार पारिएको थियो । तुम्याहाङ (भद्र भलाद्मी) भेला भएर समाजका प्रथाजनित कानूनहरू निर्माण गर्ने प्रचलन तुम्याहाङ प्रणालीको विद्यमान थियो। सोही अनुरूप सत्य धर्म मुचुल्का निर्माण भएको थियो। सत्य धर्म मुचुल्काले समाजलाई समानता, अहिंसा, शान्ति र प्रकृतिपूजाको दिशामा मार्ग निर्दिष्ट गरेको छ।

सत्य धर्म मुचुल्काकाले विशेष गरी छोरी चेलीको सोतरित नखानु, माङसेवा गर्दा, बिहे भोज गर्दा, सुध्याई गर्दा जीव हत्या नगर्नु, बलिपूजा नगर्न जोड दिएको छ। मृतकलाई पिण्ड चढाउँदा मदमदिरा, मासु मंसको प्रयोग नगर्नु, मृत्यु सुतक बार्नु, वृद्धि सुतकलाई समेत ध्यान दिनु, मदमदिरा, मासु मंस सेवन नगर्नु भनेर शाकाहारी जीवन पद्धतिलाई विशेष जोड दिएको पाइन्छ।

छोरा र छोरीमा विभेद्को अन्त्य गर्नु, लैंगिक, जातीय, वर्गिय विभेदको अन्त्य गर्नु, मातृभाषाको शिक्षामा जोड दिनु, ठाउँ ठाउँमा माङहिम र स्कूलहरू निर्माण गर्नु, सादा जीवन शैली अपनाउनु, विचारले उच्च हुनु, उत्पादनशिल बन्नु, स्वावलम्बी बन्नु, विश्व शान्ति तथा मानव एकता कायम राख्नु जस्ता समाज सुधारका महत्वपूर्ण बुद्वाहरूलाई मुचुल्काले सशक्त रूपमा उठान गरेको छ । लामो समय मुन्धुम मौखिक परम्परामा रहेकोले हराउँदै गएको र मुन्धुमलाई लिपिवद्ध गर्न पनि मुचुल्काले जोड दिएको छ।

## महागुरुको देन

महागुरू फाल्गुनन्दले गलत मार्गमा दौडिरहेको संस्कारलाई दिशाबोध गराएर किरात धर्म दर्शनको रूपमा सत्तमार्ग, सुसभ्य मार्गको रूपमा किरातीहरूलाई डोऱ्याएर साथै साम्जीक मुन्धुमलाई संहिताकरण गरेर किरात समुदायको निमित्त सुसंस्कृति समाज निर्माण गर्नुभएको थियो। लोपोन्मुख अवस्थामा रहेको किरात लिपिलाई प्रचार-प्रसार गरी पुनः ब्यूँताउनु भएको थियो।

यसरीनै विश्व शान्ति र मानव एकताको शंखघोष गर्दै सत्य, शान्ति र अहिंसाको मार्ग देखाउनु भयो। समाजमा रहेको जातीय, वर्गिय, लैङगिक विभेदको अन्त्य गर्नु पर्नेमा वहाँले जोड दिनु भयो। वहाँले सादा जीवनशैली अपनाई सधै उत्पादनमुखी, सीपमुखी हुनुपर्ने, परिवर्तन र विकासको लागि, पहिचान र सभ्यताको लागि मातृभाषा शिक्षालाई समेत प्राथमिकता दिई अघि बढनुपर्ने कुरामा महागुरूले सदा दिशाबोध गराउँनु भएको थियो।



सत्यधर्म मुचुल्काको प्रतिलिपि

तर, पनि एक पक्षले वहाँलाई साधु, खराने, सत्यहाङमा नामले पनि सम्बोधन गरेका थिए आजसम्म पनि यहीं उपनामले वहाँलाई चिनेका छन् । धेरैले वहाँको जीवन उपयोगी मार्ग दर्शन नबुझेर महागुरूलाई अपशब्दले पनि सम्बोधन गरेको इतिहास भेटिन्छन् । कसैले जानेर र बुझेर पनि पृथकपन देखिनको लागि पनि वहाँको दर्शनलाई गलत सावित गराउन प्रयत्नशील छन् ।

किरातीहरूको आफ्नो धर्म, भाषा, लिपि, साहित्य, संस्कार संस्कृति लोप हुन लागेको अवस्थामा किरात सभ्यताको ज्योति बनेर जन्म लिनु भएका महागुरू फाल्गुनन्दले कुरीति र कुसंस्कारको दलदलमा रूमालिएको किरात समाजलाई सभ्य र सुसंस्कृत बनाउन जीवननै समर्पण गर्नु भएको थियो ।

सत्य, शान्ति र अहिंसाका सूत्रधारको रूपमा सबैमाझ पुज्य हुनुभएका फाल्गुनन्दले देश तथा विदेशका विभिन्न ठाउँहरूमा पुगेर सभ्य समाज निर्माण गर्नमा जीवनपर्यान्त लागिपर्नु भो । सत्य र अहिंसाको मार्गमा किरात समाजलाई डोऱ्याउनमा कति पनि कसुर नराखिकन परिवर्तनका पाटोलाईनै अंगालेर मानव समुदायलाईनै ज्ञान बाड्न, उपदेश बाड्न निरन्तर अघि बढिरहनु भएको थियो ।

## प्रतिमा स्थापना

मुहिङगुम अङसीमाङ लिङ्देन फाल्गुनन्दको विभिन्न भुभागहरूमा प्रतिमा निर्माण भएको छ । व्यक्तिगत रूपमा विभिन्न ठाउँमा पहिले देखि स्थापना हुँदै आएको भएपनि संस्थागत रूपमा सबै भन्दा पहिले एकै दिन झापाको दमकमा र इलामको माङसेबुङ स्थित भञ्ज्याङ्मा वि. स. २०६१ साल कार्तिक २५ गते महागुरू फाल्गुनन्दको प्रतिमा स्थापना भएको थियो । सो कार्यक्रममा माङसेबुङमा महागुरू



फाल्गुनन्द संकल्पीत सेवा समारोहको रूपमा भव्यताका साथ महागुरूको १२० औं जन्मजयन्ती कार्यक्रममा मनाइएको थियो । त्यसपछि वहाँकै कर्मभूमि फेदेन नगरपालिका स्थित चोकमागु लब्रेकुटीमा महागुरूको प्रतिमा निर्माण गरिएको थियो ।

यसरी महागुरू फाल्गुनन्दज्यूको प्रतिमा स्थापना गर्ने क्रममा वि.स. २०६१ सालदेखि अहिलेसम्ममा किरात धर्मावलम्बीहरूले विभिन्न ठाउँमा स्थापना गरी मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङ तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देनज्यूको हस्तबाहुलीबाट अनावरण गरिएको शालिकहरू करिब चार दर्जन पुगेको जनाइएको छ । यसरी महागुरू फाल्गुनन्दको प्रतिमा स्थापना गर्ने क्रममा यस वर्ष १४१ औं जन्मजयन्तीको अवसरमा मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङ तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देनज्यूहरूले झापाको कमल गाउँपालिका ३ केर्खा र अर्को दमक नगरपालिका ६, मा स्थापना गरिएको महागुरू फाल्गुनन्दज्यूको शालिक अनावरण गर्ने कार्यक्रम रहेको जनाइएको छ ।

## राज्यको सम्मानमा असमानता

महागुरू फाल्गुनन्द लिङ्देनलाई राज्यले राष्ट्रको अमूल्य निधिको रूपमा सम्मान गरेको छ । महागुरू फाल्गुनन्दको नाममा रू १५ को हुलाक टिकट राज्यले सार्वजनिक गरेको छ । महागुरू फाल्गुनन्दको नाममा नेपाली पाठ्यक्रममा संक्षिप्त जीवनी समेत प्रकाशन गरेको छ भने, वि. स. २०६६ साल मसिर १६ गते नेपाल सरकारले वहाँलाई राष्ट्रिय विभूति घोषणा गरेको छ । यसरी महागुरूलाई राज्यले विभूति घोषणा गरेपछि वहाँको जन्मजयन्तीलाई थप रौनकता दिंदै किरात धार्मिक संस्थाहरूले वि. स. २०७१ साल बैशाख २४ गते महागुरूको जन्मजयन्तीलाई किरात चाडपर्व घोषणा गरेको थियो । त्यसपछि सेवा र सभामा सिमित्त रहँदै आएको वहाँको जन्मजयन्तीले पर्वको रूपले व्यापकता लिएको हो ।

तर, राष्ट्रिय विभूति



महागुरूको जन्मदिन हरेक वर्ष कार्तिक २५ गते सार्वजनिक बिदा दिने तत्कालीन सरकारले गरेको निर्णयलाई बदर गर्दै, नेपाल सरकारले नै फाल्गुनन्द जन्मजयन्तीको सार्वजनिक बिदा कटौती गरेको छ। राष्ट्रिय विभूतिको जन्मदिनमा दिइने बिदा किरात धर्मावलम्बीहरूलाई मात्र बिदा दिने भनि परिभाषित गरिएको छ। राष्ट्रिय विभूति महागुरू फाल्गुनन्द जन्मजयन्तीको दिन किरात समुदायलाई मात्र बिदा दिने भन्ने परिभाषानै विभेदकारी रहेको किरात धर्मावलम्बीहरूको मत छ। यसले फाल्गुनन्द राष्ट्रिय विभूति हुन कि किरात समुदायको मात्र हो अन्योलता सिर्जना गरेको छ। यी परिभाषाले फाल्गुनन्द, राष्ट्रिय विभूति हुन कि होइन ? भन्ने जिज्ञासा चौतर्फि उब्जाएको छ।

यस्ता विभेदकारी र अस्पष्ट संवैधानिक परिभाषालाई संशोधन गरिनु पर्ने नभए हिन्दु धर्मावलम्बीहरूको चाडपर्व दशैं, तिहार, कृष्ण अष्टमीमा हिन्दु धर्मावलम्बीहरूलाई मात्र बिदा, बुद्ध जयन्तीमा बुद्ध धर्मावलम्बीहरूलाई मात्र बिदा दिएर धर्म निरपेक्षता र समावेशी समानुपातिक सिद्धान्त व्यवहारिक लागू गर्नु, गराउनु पर्ने हुन्छ। हिन्दुधर्मावलम्बीहरूको चाडपर्व दशैंमा पूरै महिना दिन सार्वजनिक बिदा दिंदा हुने मुलुकमा अन्य धर्म वा समुदायले आफ्ना पर्व मान्न वर्ष दिनमा एक दिन पनि बिदा नपाउने संवैधानिक प्रावधाननै विभेदकारी रहेको छ।

महागुरूलाई सरकारले आफै राष्ट्रिय विभूति घोषणा गरी सम्मान गरेर विभूति बनाएको व्यक्तित्व आज कसरी कुनै एक समुदायसँग मात्र सम्बन्धित रहेको परिभाषित गरियो ? राज्यको यस्तो परिभाषा र व्यवहारले महागुरू फाल्गुनन्द राष्ट्रको विभूति हुन कि किरात समुदायको मात्र विभूति हुन भनि गम्भीर प्रश्न जन्माएको छ। यदि राष्ट्रिय विभूति हो भने, राष्ट्रको सम्पतिलाई संरक्षण गर्न र प्रचार-प्रसार गर्ने दायित्व पनि सिंगो राज्यको हुनुपर्ने होइन र ?

यसरी नै महागुरूको नाममा राष्ट्रिय विभूतिको रूपमा सरकारले घोषणा गरेर सम्मानको हात बढाएको छ। महागुरूको नाममा दर्जनौ शैक्षिक संस्था, वितिय संस्था तथा कैयौ माङहिम र क्लबहरू पनि सञ्चालनमा आएका छन। महागुरूको सम्मानमा हरेक वर्ष कार्तिक २५ गते जन्मजयन्ती पर्व, चैत २२ गते स्मृति दिवस र बैशाख २४ गते समाज सुधार दिवस समेत मनाउदै आइरहेका छौ।

तर, महागुरू फाल्गुनन्द जन्मजयन्तीको नाममा सार्वजनिक बिदा दिने सरकारको निर्णय कार्यान्वयन नगरी वहाँको नाममा दिने भनिएको बिदा सरकारले आफै कटाएको छ। त्यसैगरी झापाको दमकदेखि इलामको माङसेबुङ हुँदै पान्थरको चिसोपानी पञ्चमी, रबि जोड्ने सडक खण्डलाई फाल्गुनन्द मार्ग भनि घोषणा गरेर कार्यान्वयनमा दमक चिसापानी रवि सडक नामले कारोबार भइरहनु र झापाको दमकमा निर्माणाधीन फाल्गुनन्द सभागृहलाई रातारात दमक सभाहल बनाइनु महागुरू फाल्गुनन्दप्रति राज्यले गर्ने सबैभन्दा विभेद र अन्यायपूर्ण कदम हो।

## देहत्याग र समाधिस्थल

मुहिङगुम अङसीमाङ लिङदेन फाल्गुनन्दले वि. स. २००५ चैत २२ गते सोमबार अपरान्ह ६३ वर्षको उमेरमा पान्थरको सिलौटी मुनी हाङयकमा देहत्याग गर्नु भयो। हाङ्यकमा देहत्याग गर्नु भएपछि महागुरूको पार्थिव शरीरलाई सिलौटी माङहिममा पुऱ्याएर तीन दिनसम्म राखेर टाढा टाढाका चेलाहरूलाई खबर गरी तीन दिनपछि बुधबार विधिवत रूपमा ठूलो सेवा लगाएर अन्तिम संस्कार गरिएको थियो। यसरी महापुरूष मुहिङगुम अङसीमाङ फाल्गुनन्द लिङदेनको देहवसान पश्चात, देह त्याग गर्नुभएको स्थल हाङयक र सिलौटीमा जहाँ अन्तिम संस्कार गरिएको थियो, त्यहाँ समाधिस्थल निर्माण गरिएको छ।

अन्त्यमा किरात धर्म दर्शनदाता, महान समाज सुधारक, राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरू फाल्गुनन्द लिङदेनज्यूको १४१ औं जन्मजयन्तीको पावन अवसरमा संसारको विभिन्न ठाउँमा बसोबास गर्नुहुने सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति र समृद्धिको लुङमेन्दिङ नोनिङवा (हार्दिक शुभकामना)

**प्रस्तुति : ज्ञानु केदेम लिम्बू**

# मुहिङगुम अङसीमाङ फाल्गुनन्द लिङ्देन

## किरात धर्मका महान दार्शनिक एवं समाज सुधारक



डकेन्द्रसिंह थेगिम

नेपालको बहुल सांस्कृतिक तथा धार्मिक इतिहासमा किरात धर्म एक प्राचीन र मौलिक परम्परा हो, जसले प्रकृतिपूजक, मानववादी तथा नैतिक मूल्यहरुलाई उच्च सम्मान दिएको छ । यस धर्मका महान दार्शनिक, अध्यात्मिक युगपुरूष तथा समाज सुधारकका रुपमा महागुरू फाल्गुनन्द लिङ्देनको नाम विशेष आदरका साथ लिइन्छ । उहाँको योगदानले किरात धर्मलाई पुनः जागरण दिलाउनुका साथै सम्पूर्ण किरात समुदायलाई एकताको सूत्रमा बाँध्ने काम गरेको छ।

### जन्म र बाल्यकाल

महागुरू फाल्गुनन्द लिङ्देनको जन्म वि.सं. १९४२ साल कात्तिक २५ गते इलाम जिल्लाको माङसेबुङ गाउँपालिका-२ साविक इभाङ गाविस -५ को चुक्चिनाम्बा डाँडागाउँमा पिता जगुनबाज लिङ्देन र माता हंसमति बेघाको कोखबाट साधारण परिवारमा जन्मनु भएको थियो। बाल्यकालदेखि नै एकान्तप्रेमी, मृदुभाषी, कम बोल्ने, गम्भीर चाल चलन भएको धार्मिक प्रवृत्तिका धनी फाल्गुनन्दको ज्योतिष नाम नरधोज लिङ्देन भएता पनि बालक दीर्घायु रहुन् भन्ने स्थानीय परम्परा, प्रचलन र विश्वास अनुसार जन्मेको केही दिनमा मै लोहा (फलाम) को बाला र कल्ली बाँधी दिएर गाउँका बुढीपाकीहरूले फलामसिंह भनि नामकरण गरिदिए। उनै फलामसिंह आफ्नो कडा साधना, योग ध्यान र तपस्याले फाल्गुनन्द तपस्वी हुनुभयो।

### मुहिङगुम अङसीमाङको दर्शन र मूल सन्देशहरु

मुहिङगुम अङसीमाङ फाल्गुनन्द लिङ्देनले आफ्नो जीवन दर्शनमा केही विशिष्ट मुल्यहरूलाई केन्द्रमा राख्नुभएको छ, जुन आजको सामाजिक परिवेशमा अत्यन्त सान्दर्भिक छन् -

**सत्यता, शुद्धता, सरलता :** उहाँले जीवनमा सत्य बोल्न, चोरी-जारी नगर्नु, गुरू, माता- पितालाई निचा मानी निन्दा नगर्नु, परस्त्री गमन, हत्या बध नगर्नु, शुद्ध आचरण गर्नु सरल जीवनयापन गर्न जोड दिनुभएको छ।

**मानवता, अहिंसा, विश्व शान्ति र प्रेम :** उहाँको दर्शनका अनुसार मानवतानै सर्वोच्च मूल्य हो। मानव मानवबीच भ्रातृत्वको भावनात्मक एकता अपरिहार्य हो । यसबाट विश्वमा शान्ति आउँछ । प्राणी बध, मद्यपान, दुर्व्यसन, हिंसा जस्ता कुरीतिहरुले समाजलाई पथभ्रष्ट बनाउँछन्।

**प्रकृति परिस्थितिसँग सामञ्जस्यता :** किरात धर्म परम्परामा प्रकृति पूजा-संस्कार महत्वपूर्ण छन् । उहाँले रूख पात, जलस्रोत, पहाड पर्वत-नदीनाला जस्ता प्राकृतिक तत्वहरुप्रति सम्मान जनाउनु पर्दछ।

**शिक्षा र मातृभाषा :** समाज सुधारका लागि शिक्षा अपरिहार्य ठानेर उहाँले मातृभाषामा शिक्षाको व्यवस्था गर्नुपर्ने कुरा जोड दिनुभएको छ र यस बारेमा वि सं १९८८ साल बैशाख २४ गते पान्थरको लब्रेकुटीमा भएको ऐतिहासिक बिराट भेलामा बुलन्द आवाज उठाउनु भएको जगजाहेर छ । समाज सुधार र जात भेदको विरूद्ध उहाँले उठाउनु भएको विश्व मानव एकता नै सामाजिक विभाजन, जातीय भेदभावको व्यवहार विरूद्ध आवाज हो।

### सत्यधर्म मुचुल्का र समाज सुधारमा योगदान

महागुरू फाल्गुनन्द लिङ्देनले आफ्नो जीवन किरात धर्म र समुदायको सेवा र उत्थानमा समर्पित गर्नुभयो। उहाँले सामाजिक कुरीतिहरु, अन्धविश्वास, व्यसनको विरूद्ध आवाज उठाउँदै किरात समाजलाई सुधार्ने आन्दोलन चलाउनु भयो। उहाँले पान्थर जिल्लाको चोकमागुस्थित लब्रेकुटीमा वि सं १९८८ साल बैशाख २४ गते पल्लो किरात लिम्बुवानका १० लिम्बू १७ थुमका तुतु तुम्याहाङ (भद्र भलादमी) सुब्बा, थरी, तालुकदार, गन्यमान्य बुद्धिजीवीहरूको बृहत् ऐतिहासिक भेला गराई किरात समुदायमा ब्याप्त कुरीति कुसंस्कार बिरूद्ध ७ बुँदे सत्य धर्म मुचुल्का खडा गर्नुभयो। जुन मुचुल्का किरात समाज सुधारको लागि कोशे ढुंगा सावित भएको छ र किरात समुदायमा बुद्धको पञ्चशील, इसाईको दस आज्ञा भने झैं किरातको सप्त शीलको रुपमा ग्रहण गरिन्छ।

उक्त मुचुल्कामा समेटिएका ७ बुँदाहरू संक्षिप्तमा यसप्रकार छन -

१) छोरीचेलीको सोतरीत नखानु । खाएमा सूर्य चन्द्र रहुञ्ज्याल नर्कवास रहने शास्त्रको मत रहेको।

२) देवपितृ लगायतका विभिन्न कार्जेमा जीवघात नगर्नु। जीवघात गरे परलोकमा पाप बोक्नुपर्ने।

३) शुरूआतमा लिम्बू जातले सुँगुर, कुखुरा नखाएकोले अब उप्रान्त नखानु।

४) मृतक सुतक बार्दा १० महिना आमाको गर्भमा रहेर धर्तीमा आएको हुँदा मृत्यु भएको ९ दिन बारी १० औं दिनमा शुद्ध हुने।

५) वृद्धि सुतकमा २२ दिन सुत्केरी बार्नु।

६) कुल कुटुम्बसँग भेटघाट हुँदा मंस दिने खाने नगर्नु।

७) कृयापुत्रीले मृतकलाई मंसको पिण्ड नचढाई अब उप्रान्त अदुवा, फलफूल र भात चढाउनु।

## किरात धर्मको पुनः जागरण तथा पुनः उत्थान

महागुरू फाल्गुनन्द लिङ्देन किरात धर्मको दार्शनिक आधार निर्माण गर्ने महामानव हुनुहुन्छ । उहाँले किरात धर्मको मौलिक र वैज्ञानिक पक्षलाई प्रस्ट्याउँदै नयाँ पुस्तालाई धार्मिक शिक्षा र संस्कारमा जोड्नुभयो। छरपष्ट भएको किरात साम्जीक मुन्धुमलाई लिखित रूपमा संहिताकृत गर्नु भई मुन्धुम र संस्कारमा एकता गर्नुभयो । उहाँको प्रेरणाले किरात धर्मले आफ्नै अस्तित्व र गौरवको पुनःस्थापना गर्न सकेको छ।

किरात धर्ममा उहाँकै योगदानका कारण लोपोन्मुख किरात धर्मको पुनः जागरण एवं पुनः उत्थान सम्भव भएको छ । आज विश्वभरी छरिएर बसेका किरात धर्मावलम्बीहरूले गर्वका साथ आफ्नो मौलिक भाषा र लिपिमा किरात साम्जीक मुन्धुम पठन गरेर आफ्नो धर्म संस्कारको परिपालन र अवलम्बन गर्दछन्।

## आजको सामाजिक सांस्कृतिक प्रसङ्गमा महत्व

आजको विश्व जहाँ वातावरणीय संकट, सामाजिक असमानता, जातीय विभाजन र आधुनिक उपभोगवादले चुनौती दिइरहेका छन्, त्यहाँ महागुरू फाल्गुनन्द लिङ्देनका विचार-सन्देशहरू अत्यन्त सान्दर्भिक देखिन्छन् । जस्तै - मासु-उपभोग, वनक्षय र मद्यपान जस्ता विषयहरूमा उहाँले आवाज उठाउनु भएको छ। आजकालको स्वास्थ्य, वातावरण र सामाजिक समरसता-सम्बन्धित बहससँग यी विचार मेल खान्छन्।

- मातृभाषामा शिक्षाको उहाँको माग, आज बहुभाषिक शिक्षा नीति र भाषा अधिकारको संयन्त्रसँग मेल खान्छन्।
- समानता, अहिंसा, मानवताको उहाँको दर्शनले आजका सामाजिक आन्दोलनहरू (जातीय न्याय, लैगिक समानता, आदिवासी अधिकार) सँग प्रतिध्वनित हुन्छ। यसरी हेर्दा, महागुरू फाल्गुनन्दको जीवन र विचार केवल किरात समुदायमा मात्र सीमित नभएर समग्र नेपाली समाजका लागि उपयोगी स्रोत बन्न सक्छ।

## राष्ट्रिय मान्यता र सम्मान

नेपाल सरकारले महागुरू फाल्गुनन्द लिङ्देनको योगदानलाई कदर गर्दै




लुङमेन्दिङ नोनिङवा

किरात धर्म दर्शनदाता, समाज सुधारक, राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरु फाल्गुनन्द लिङदेनको १४१ औं जन्मजयन्तीको अवसरमा सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति र समृद्धिको

लुङमेन्दिङ नोनिङवा

गुरू निजी आश्रम अर्थ समिति

माङसेबुङ-५, सुभाबारी, इलाम

शेरबहादुर लाओती
कोषाध्यक्ष

चतुरसिंह वालिङहाङ
महासचिव

ताराबीर नेम्बाङ
अध्यक्ष

उहाँलाई वि. सं २०६६ साल मंसिर १६ गते नेपालको १६ औं राष्ट्रिय विभूति घोषित गरेको छ - जसले उहाँको योगदानलाई राष्ट्रिय मान्यता दिइएको हो।

वि.स. २०५० सालमा नेपाल सरकारद्वारा महागुरू फाल्गुनन्दको नाममा रू १५/- को हुलाक टिकट निष्कासन, विद्यालय पाठ्यक्रममा संक्षिप्त जीवनी र झापाको दमकदेखि माङ्सेबुङ हुँदै चिसोपानी पञ्चमी, रबि जोडिने सडकलाई २०५५ सालमा फाल्गुनन्द मार्ग नामकरण गरिएको छ। केही विगत बर्षहरूदेखि १ नं प्रदेश सरकारद्वारा कार्तिक २५ गते फाल्गुनन्द जयन्ती सार्वजनिक बिदा घोषणा गरिएको छ । प्रत्येक वर्ष विश्वभरी छरिएका अनुयायीहरूले उहाँको सम्झनामा विभिन्न कार्यक्रमहरूको आयोजना गरी फाल्गुनन्द जन्मजयन्ती विश्वका कुना-कुनामा धूमधामसँग मनाउने गरिएको छ।

वास्तवमै भन्ने हो भने श्रद्धालु भक्तहरूले मुहिङगुम अङसीमाङ फाल्गुनन्दलाई ईश्वरीय अवतार पुरूषको रूपमा अंगीकार गर्दछन् । उहाँको शालिकहरू निर्माण गरी गाउँ, टोल क्षेत्रहरुमा धमाधम स्थापना गर्ने बढ्दो क्रममा छ । उहाँका अनुयायीहरूले उक्त शालिकहरू र घरघरमा प्रतिमा राखेर श्रद्धापूर्वक पूजा पाठ गर्दछन्।

**निष्कर्ष**

महागुरू फाल्गुनन्द लिङ्देन किरात धर्मका महान दार्शनिक, एक कुशल समाज सुधारक, अध्यात्मिक मार्गदर्शक र यथार्थवादी चिन्तक पनि हुनुहुन्थ्यो । उहाँका विचार दर्शन र उपदेशहरू युग-युगसम्म किरात समुदायमा मात्र नभई सम्पूर्ण नेपाली समाजको लागि मार्ग दर्शक रहनेछन्। वर्तमान पुस्ताले उहाँको विचारधारालाई आत्मसात गरी समाजमा नैतिकता, सत्यता, एकता र शुद्धताको संस्कार फैलाउने हो भने मात्रै उहाँको योगदानको साँचो सम्मान हुनेछ र समाज सभ्य र सिर्जनशील बन्नेछ।

जय किरात !

मुहिङगुम अङसीमाङ फाल्गुनन्द-अमर रहुन्!

मुहिङगुम अङसीमाङ फाल्गुनन्द लिङ्देन १४१ औं जन्मजयन्ती - सफल पारौं।



# सत्य धर्म मुचुल्का र यसको दूरगामी प्रभावबारे

## युवा पुस्तालाई एउटा कुरा अचम्म लाग्ने छ कि महागुरुले बोलाउँदा १७ थुमकै प्रतिनिधिहरु खुसुक्क आउनुमा के रहस्य थियो त ?



कुमार लिङ्देन मिराक

त्यस बेला वा वि.स. १९८८ सालतिर नेपालको राजनैतिक सामाजिक परिस्थिति सहज थिएन। समग्र किरात प्रदेशलाई अज्ञानता र अशिक्षाको कालो बादलले ढाकेको थियो। पल्लो किरात भनेर चिनिने लिम्बुवानमा लिम्बू (किरातहरू) अशिक्षाको कारणले गर्दा विकृत र विसंगतिको मन्द विष पिएर संधैका लागि निदाउन खोजिरहेका थिए। ति लिम्बूहरूले आफ्नो गौरवमय इतिहासलाई विर्सदै लगेका थिए। नत्र पहिले पहिलेका लिम्बू प्रतिनिधिहरू आपसमा भेला भई आफ्ना समस्याका बारेमा गम्भीर रूपले छलफल गर्ने कुरा विर्सेर आ-आफ्नो साँढे भएर बसी आफू खुशी जीवन विताउन थालेका थिए। जब कुनै पनि समाजमा भेला भएर आफ्ना समस्याहरू बारेमा छलफल, बहश हुँदैन तब त्यो समाजको पतन हुन्छ, विकृत र विसंगतिले घेर्छ। लिम्बूहरू लगभग यहीं अवस्थाबाट गुज्रिरहेका थिए।

एउटा गौरवमय इतिहास भएको जाति वा आफूले जन्म लिएको लिम्बू (किरात) जाति यसरी पतनको बाटोमा हिडेको अवस्थाले महागुरू फाल्गुनन्दलाई अत्यन्त दुःखी बनायो। लिम्बुवानको अग्लो डाँडाहरूमा यदि सुतिरहेको लिम्बू (किरात) समाजलाई हेरेर महागुरू फाल्गुनन्द कति धेरै पल्ट रून्नु भयो होला। (पाठकहरूलाई थाहा होस हरेक महान मान्छेहरूको आत्मा अत्यन्त कठोर र अत्यन्त कोमल पनि हुन्छ) उहाँले लिम्बू (किरात) समाजलाई विउँझाएर चेतनशील बनाई सुसंस्कृत सभ्य बनाउने सपना देख्नु भयो। व्युँझाउन त व्युँझाउने तर कसरी त्यो सुतिरहेको लिम्बू (किरात) समाजभित्र प्रवेश गर्ने भन्ने कुराले महागुरूलाई धेरै दिन, धेरै महिना र वर्षसम्म सोचमग्न बनायो। किनभने अशिक्षाले ग्रस्त बनाइरहेको समाज भित्र प्रवेश गरेर उनीहरूलाई झक्झक्याउनु सजिलो काम पटक्क थिएन।

त्यसो त वि.स. १९८८ सालतिर लिम्बुवानमा महागुरू फाल्गुनन्दले धेरै धार्मिक जागरणका काम गरिसक्नु भएको थियो। भनौं न उहाँ यस भेगमा प्रतिष्ठित व्यक्तिको रूपमा परिचित भइसक्नु भएको थियो। तर, पनि थुम थुमका सबै लिम्बूहरू ज्ञान चेतनाका कुराहरू सिक्न, उहाँलाई भेट्न आइहाल्ने स्थिति थिएनन। यदि उनीहरू महागुरूलाई भेट्न आउँदा हुन त उहाँले तिनीहरूलाई ज्ञानको ज्योति दिनु हुन्थ्यो होला। तर उनीहरू अशिक्षाको कारणले वा तत्कालीन अवस्थाको राजनीतिक कारणले गर्दा महागुरूलाई भेट्न सकिरहेका थिएनन्। अब यस्तो स्थितिमा के गर्ने भनेर धेरै सोचेपछि महागुरू एउटा निर्णयमा पुग्नु भयो। उहाँले आफू स्वयम नै थुम थुममा रहेका लिम्बूहरूको घर-घरमा गएर भेट्ने कुराकानी गर्ने छलफल गर्ने सोचाईमा पुग्नु भयो।

महान् मान्छेहरू नम्र हुन्छन्, उनीहरू जनताको सुख र प्रगतिको लागि जस्तो सुकै दुःख गर्न पनि तत्पर हुन्छन् भन्ने कुरा महागुरूले देखाउनु भयो। उहाँले केही सहयोगीहरू लिएर लिम्बूवानको प्रत्येक थुम-थुमको यात्रा आरम्भ गर्नु भयो। उहाँले ती प्रत्येक थुमका लिम्बू (किरात) हरूको अवस्थाको बारेमा जानकारी लिनु भयो। उनीहरूसँग भेटघाट गर्नु भयो र उनीहरूलाई सही मार्गमा हिड्नको लागि अर्ति उपदेश दिनु भयो।

आफ्नो घर आगनमा स्वंयम महागुरू आइपुगेको देखेर लिम्बुवानवासीहरू हर्षविभोर भए। यति महान् मान्छे आफ्नै घरमा आइपुगेको देख्दा ति गाउँवासीहरूको आँखाबाट खुशीको आँशु छल्कन्थ्यो। महागुरू नपुगेको सायद कुनै थुम नै छैन होला, उहाँले पूरा लिम्बुवानको भ्रमण गर्नु भयो। उहाँले यो भ्रमण नै एउटा ऐतिहासिक भ्रमण हो जसले निद्रामा मस्त रहेका लिम्बू (किरात) हरूलाई झसंग बनाई दियो। यदि महागुरूले अहमता प्रदर्शन गरेर १७ थुमको भ्रमण नगर्नु भएको भए के हुन्थ्यो होला भनेर कहिलेकाहीं सोच्न मन लाग्छ। तर, यदि भ्रमण नगर्नु भएको भए आज पनि किरात समाजलाई त्यहीं कुरीति कुसंस्कारको कालो बादलले छोपी राखेको हुन्थ्यो होला।

अब आउने युवा पुस्तालाई एउटा कुरा अचम्म लाग्ने छ कि महागुरूले बोलाउँदा १७ थुमकै प्रतिनिधिहरू खुसुक्क आउनुमा के रहस्य थियो त ?

महागुरूसँग त्यस्तो शक्ति थियो कि क्या हो ? जसले आइज भन्दैमा जस्तोसुकै मान्छेहरू पनि खुसुक्क आउने । वास्तवमा यसलाई रहस्यमय तरिकाले हेर्नु भन्दा वास्तविक तथ्यको आधारमा बुझ्नु उत्तम हुनेछ । हुन त कतिपय लेखक हुँ भन्ने मानिसहरूले महागुरूलाई अति रहस्यमय, चमत्कारी, जादुगरी व्यक्तिको रूपमा चिनाउने प्रयास गर्छन् । तर, त्यसो गर्नु महागुरू प्रति अन्याय हुन्छ । हो, महागुरूमा अध्यात्मिक शक्ति पनि थियो तर त्यसको साथसाथै उहाँले आफ्नो भौतिक शरीरले पनि धेरै दुःख गर्नुभएको छ।

उहाँ पैदल हिँडेर लिम्बुवानका किरातीहरूको घर आँगनमा पुग्नु भएको थियो। अनि अर्ति उपदेश दिनु भएको थियो। ८८ सालको चुम्लुङ गर्नु अघि भोक तिर्खा केही नभनि रातदिन लगाएर सबैको घरमा पुगि सम्झाएर बुझाएर मान्छेहरूलाई चेतनशील बनाउने प्रयास गर्नु भएको थियो। त्यसैले उहाँले बोलाउँदा सबैजना खुसुक्क आउनुको कारण उहाँको महान् भावना, मान्छेहरूसँग नम्र हुने उहाँको क्षमता र किरात समाजको लागि उहाँले गर्नुभएको दुःख र त्याग नै हो। भविष्यका लेखक विश्लेषकहरूले के बुझ्न जरूरी हुन्छ भने, ८८ सालको चुम्लुङ एक्कासी वा एकै रातको सोचाईमा सम्पन्न भएको होइन।

यो चुम्लुङ सम्पन्न गर्न महागुरू र उहाँको सहयोगीहरूले धेरै लामो र कठीन मिहेनत गर्नु परेको थियो। तर, दुःखको कुरा के छ भने, उहाँले गर्नु भएको दुःख र परिश्रमको बारेमा आजभोलीका लेखकहरूले खासै खोजी र चर्चा गर्दैनन् । उहाँ त्यसरी घुम्ने क्रममा कति रात कति दिन भोकै तिर्खै पर्नु भयो होला, बास पाउनु भएन होला, तर यी कुराहरूको कहीं चर्चा गरिदैनन्।

बरू उहाँले पैरो रोकेको, पानी पारेको जस्तो जादुगरी कुराहरू लेखेर उहाँलाई अर्कै खालको वा चटके व्यक्तिको रूपमा चित्रित गर्न केही लेखकहरू लागिपरेका छन्। यहाँ बुझ्नु पर्ने कुरा के छ भने, महागुरू फाल्गुनन्द एउटा चटके व्यक्ति भन्दा धेरै-धेरै माथी हुनुहुन्थ्यो। उहाँसँग पहिरो रोक्ने, पानी पार्ने क्षमता थियो होला वा थिएन होला त्यो विश्वासको कुरा हो। तर, उहाँसँग एउटा यस्तो भयंकर शक्ति थियो कि त्यो शक्तिले नै फलामसिंहलाई महागुरू फाल्गुनन्द बनायो। महागुरूसँग भएको त्यो शक्ति हो मान्छेको मन जित्न सक्ने शक्ति। उहाँले भ्रमणको क्रममा लिम्बुवानका धेरै गन्यमान्य व्यक्तिहरूको मन जितिसक्नु भएको थियो । त्यसैले गर्दा पनि ८८ सालको चुम्लुङ ऐतिहासिक रूपमा सफल भयो।

> **महागुरुसँग एउटा यस्तो भयंकर शक्ति थियो कि त्यो शक्तिले नै फलामसिंहलाई महागुरु फाल्गनुन्द बनायो । महागुरुसँग भएको त्यो शक्ति हो मान्छेको मन जित्न सक्ने शक्ति ।**

८८ सालको चुम्लुङको बेला महागुरूको उमेर ४५ वर्ष ५ महिना २९ दिनको थियो। हुन त त्यो उमेर धेरै पनि हो तर अर्कै तरिकाले सोच्दा यो उमेर आफैमा त्यति धेरै होइन पनि महागुरूले त्यो उमेरमा धेरै गरिसक्नु भएको थियो। उहाँले केही माङहिम (मन्दिर) हरू निर्माण गर्न लगाई त्यसमा फूल अक्षताले मात्र पूजा गर्ने सेवासाबा (पूजारी)हरू नियुक्ति गर्नुभएको थियो । यी सेवासाबाहरूले महागुरूको समाज सुधार अभियानमा धेरै महत्वपूर्ण भूमिका खेलेका छन् । उनीहरू केहीको नाम लिनुपर्दा, चुक्चिनाम्बा माङहिमका सेवासाबा बद्रीनन्द तुम्वापो, लब्रेकुटीका वैजनाथ तुम्बापो, कावेलीका गंगादिल लिम्बू, सिलौटीका सिद्धिनन्द फेजोङ, निगुरादिन चिलिङसेका विशुदानन्द योङहाङ, जीतपूरका माङदेने माइला नरदिल लिङ्देन प्रमुख छन्।

यसका साथै अन्य गन्यमान्य व्यक्तिहरूले पनि महागुरूको समाज सुधार आन्दोलनमा महत्वपूर्ण सहयोग गरेका छन्। केहीको नाम सम्झन पर्दा, तेह्रथुमका सुब्बा काजीमान तुम्बाहाम्फे, पान्थर यासोकका सुब्बा शेरबहादुर लाओती, जीतपूर चारखोलाका काले दमाई, फिदिमका सुब्बा प्रतापसिंह, मुढे रबिका पदमलाल, (रामानन्द) बजीरमान राई, सिहाङका भालुमान राई, सिद्धिदास वान्तावाहरूको नाम प्रमुख रूपमा आउँछ । बाजवीर थलङ, तिलकसिंह मुरिङला, इमानसिंह चेम्जोङ, रनधोज नेम्बाङ जस्ता किरात श्रीजङगा लिपिका अनुसन्धानकर्ताहरूको अथक परिश्रमले गर्दा महागुरूको अर्ति उपदेशहरू किरात लिपिमा लिपिबद्ध हुने सौभाग्य मिल्यो।

महागुरू फाल्गुनन्दको नेतृत्व र माथी उल्लेखित सहयोगीहरूको पूर्ण सहयोगमा लिम्बूवान पाँचथर चोकमागुको शिरमा वि.स. १९८८ साल वैशाख २४ गते १७ थुमका १० लिम्बू प्रतिनिधिहरूको वृहत चुम्लुङ बसी धार्मिक, सामाजिक, सांस्कृतिक र आर्थिक सुधारका ७ बुद्दे कार्यक्रमहरू नै कालान्तरमा ८८ सालको सत्य धर्म मुचुल्का भनेर किरात इतिहासमा सुनौलो अक्षरमा कोरिएको छ।

सत्य धर्म मुचुल्काकाले मुख्यतया किरात समाजभित्र कर्म संस्कारमा सुधार गर्ने तथा आफ्नै लिपि

आफ्नै कपडा प्रयोग गरेर स्वावलम्बी भई राष्ट्रवादी मार्गमा हिंडने दिशातिर निर्देशित गर्छ । यी दशवटा बुँदालाई गहिरिएर नियाल्दा महागुरू फाल्गुनन्दले तत्कालीन लिम्बू (किरात) समाजलाई सभ्यता र संस्कृतिको नयाँ उचाईमा पुऱ्याउने परिकल्पना गर्नु भएको थिएछ भन्ने प्रष्ट हुन्छ । कुनै पनि समाज समुन्नत हुनको लागि महागुरूले तीनवटा पक्षलाई जोड दिनु भएको छ।

प्रथमत: त्यो समाजसँग सभ्य कर्म संस्कार हुनु पऱ्यो । दोस्रो त्यो समाजमा राम्रो प्रचार-प्रसार भएको हुनु पऱ्यो। शिक्षाको कुरा गर्दा शिक्षा आफ्नै भाषा र लिपिमा लागू गरिएको शिक्षाले त्यस समाजलाई आत्माबाट (भित्रैबाट) परिवर्तन हुन प्रेरित गर्छ। किरात भाषा र लिपिमा दिएको शिक्षाले जसरी किरातीहरूलाई भित्रै दिलबाट छुन्छ तर अन्य भाषा र लिपिको शिक्षाले उनीहरूलाई बाहिरी सतहबाट मात्र परिवर्तन गर्छ भन्ने कुरालाई महागुरूले त्यतिबेला नै बुझिसकेको देखिन्छ।

तेस्रो कुनै पनि समाज समुन्नत हुनको लागि उनीहरू आर्थिक रूपमा आत्मा निर्भर हुनुपर्छ। उनीहरूले आफ्नै उत्पादन प्रणाली विकास गर्नु पर्छ र त्यसबाट उत्पादित समानहरू प्रयोग गर्नु पर्छ। जस्तो कि कुनै किराती समाज कर्म संस्कारमा सुध्रियो उनीहरूले आफ्ना भाषा र लिपिको पनि ज्ञान प्राप्त गरे तर उनीहरूले आफ्नो किरात प्रदेशमा उत्पादन भएका सामानहरू प्रयोग नगरेर संधै विदेशी सर समानप्रति मात्र मोह देखाए भने त्यो किरात समाज पनि अपूर्ण हुन्छ। किरातीहरूमा आफ्नो राष्ट्रप्रतिको अगाध माया हुनुपर्छ । आफ्नो दाजुभाईको परिश्रमी हातहरूले उत्पादन गरेका सामानहरूप्रति सम्मान र प्रेम व्यक्त गर्नु पर्छ भनेर त्यसबेलाको जमानामा नै महागुरूले एउटा राष्ट्रवादी आर्थिक चिन्तन पनि सत्य धर्म मुचुल्का मार्फत प्रस्तुत गर्नुभएको थियो।

यसरी सत्य धर्म मुचुल्काले लिम्बू समाजलाई अग्रगमनतिर डोऱ्याउने थुप्रै पक्षहरू समेटिएको पाइन्छ । तर, विगतमा सत्य धर्म मुचुल्काको बारेमा छलफल, बहस, विश्लेषण हुँदा यसलाई धार्मिक मुचुल्का मात्र हो भनेर बुझाउने र बुझ्ने प्रयास भयो । यदि सत्य धर्म मुचुल्कालाई धार्मिक मुचुल्का मात्र भनेर कसैले साँगुऱ्याउने कोशिस गर्छ भने त्यो पुर्खाहरूको प्रयासप्रति वा महागुरूप्रति ठूलो अन्याय हुनेछ। यसको मतलब सत्य धर्म मुचुल्कामा धार्मिक सुधारको विषयहरू छँदै छैनन् भनेको

**धार्मिक, सामाजिक, सांस्कृतिक र आर्थिक सुधारका ७ बुद्धे कार्यक्रमहरु नै कालान्तरमा ८८ सालको सत्य धर्म मुचुल्का भनेर किरात इतिहासमा सुनौलो अक्षरमा कोरिएको छ।**

होइन तर यसका साथसाथै यहाँ अन्य थुप्रै विषयहरू पनि छन् । जस्तो कि यसभित्र सांस्कृतिक, शैक्षिक, सामाजिक र आर्थिक दृष्टिकोणहरू सबल रूपमा छन्। त्यसकारण महागुरूको नेतृत्वमा सम्पन्न ८८ सालको सत्य धर्म मुचुलकालाई केवल धार्मिक रूपमा मात्र होइन सामाजिक, आर्थिक कोणहरूबाट पनि विश्लेषण र बहस गरियो भने किरात समाजले त्यहाँबाट धेरै मार्ग निर्देशक कुराहरू सिक्न सक्ने देखिन्छ।

सत्य धर्म मुचुल्काले किरात समाजमा अनेकौं सकरात्मक प्रभावहरू पाऱ्यो, पारिरहेको छ र भविष्यमा पनि पारिरहने छ। यसको प्रभाव दूरगामी छ। यसले लिम्बू (किरात) समाजभित्र बहसका थुप्रै विषयहरूलाई उठाई दिएको छ । प्रथमत : यसले किरात धर्मभित्र अहिंसावादी सोचको प्रादुर्भाव गरेको छ। महागुरू फाल्गुनन्दको विनम्र अनुरोध थियो कि इश्वरको नाममा काटमार नगरौं, हत्या हिंसा नगरौं, बलिपूजा नगरौं।

इश्वरको नाममा काटमार गर्नु कुनै पनि हालतमा धर्म हुन सक्दैन । महागुरूको प्रसिद्ध तर्क छ- यदि इश्वरको नाममा काटमार गर्नु धर्म हो भने पाप चाही के हो ? महागुरूको यो अहिंसावादी सोचले वर्तमान समयमा किरात समाजलाई मात्र होइन छेउछेउका अन्य धर्मावलम्बीहरूलाई पनि प्रभाव पार्दै लगेको छ । किरातहरूभित्र जसले महागुरूको कर्म संस्कारलाई अनुसरण गर्छन् उनीहरूले त सेवा पूजामा मारकाट गर्ने कुरै भएन यसका साथै महागुरूको कर्म संस्कारलाई नअगालेका अन्य किरात समुदायले पनि महागुरूको अंहिसावादी सोचलाई शिरोधार्य गर्दै जुनसुकै विधिले कर्म संस्कार गरेपनि मारकाट चै गर्नु हुँदैन रहेछ है। यसले मान्छेभित्रको बर्बरतालाई झल्काउने रहेछ है भनेर क्रमश: अहिंसावादी सोच बनाउदै लगेको देखिन्छ।

यसरी मान्छेहरूको सोचाईभित्र विस्तारै भएपनि परिवर्तन आउनु सकरात्मक कुरा हो, महागुरूको सपना पूरा हुँदै जानु हो। महागुरूले पढ्ने मुन्धुमहरू पढेर वा उहाँको कर्म संस्कार जस्तै गरेर सेवापूजा गर्ने मानिसहरू मात्र महागुरूको अनुयायी हुन् भनेर महागुरूलाई साँगुरो बनाउनु हुँदैन । जुनसुकै मन्त्र पढेर भएपनि हत्या हिंसा नगर्नेहरू महागुरूका सच्चा चेला हुन् भनेर फराकिलो तरिकाले बुझ्दा र बुझाउदा राम्रो हुन्छ। महागुरूका मुख्य दर्शन अहिंसा हो । अन्तत: अहिंसाका पुजारीहरू नै महागुरूका शिष्य हुनेछन्।

हालका दिनहरूमा फेदाङबा, साम्बा, येबा, नाक्चाहरूले पनि आ-आफ्नो मुन्धुम अनुसार फूल फलेदोले सेवा पूजा गर्न थालेका छन्। यो पनि सकरात्मक कुरा हो। सत्य धर्म मुचुल्काको प्रभाव नै हो।

दोस्रो कुरा, ८८ सालको सत्य धर्म मुचुल्का पछि पल्लो किरात लिम्बुवानमा किरात श्रीजङ्गा लिपि र मुन्धुमी भाषाको प्रचार-प्रसारमा व्यापकता आयो । किन कि त्यस मुचुल्कामा नै यस कुराको आव्हान गरिएको थियो। आज किरात लिपि युवा पुस्ताको हातहरूले पनि व्यापक मात्रामा लेखिन्छ र २१ औं शताब्दीको साना नानीहरूको तोते जिब्रोले पनि मुन्धुमी भाषा बोलिन्छ । लिपि र भाषाको विकासमा धेरै संस्थागत प्रयासहरू अघि बढिसकेका छन्। सायद यो पनि सत्य धर्म मुचल्काको देन नै हो।

तेस्रो, यो मुचल्काले किरात समाजभित्र सुधारको लागि ठूलो नैतिक दबाव दिइरहेको छ । जस्तो कि यतिबेलाको लिम्बू (किरात) समाजभित्र जर्बजस्ती कस्तो छलफल भइरहेको छ भने महागुरूले भनेको सबै मान्न नसके कम्तिमा आधा भएपनि मानौं न । विबाहमा मासु खाएपनि मरेको दुःख काम सुधाईमा त मासु नखाउँ न, यो त अति भयो भनेर मान्छेहरू स्वयमले आत्मा आलोचना गर्न थालेका छन्। यो पनि एउटा सकरात्मक मोड हो । परिवर्तनको पहिलो खुड्किलो हो।

सत्य धर्म मुचुल्का पल्लो किरात लिम्बुवानको प्राण हो, आत्मा हो भन्दा कुनै अत्युक्ति नहोला । निदाईसकेको लिम्बुवानलाई यहीं मुचुल्काले फेरि व्युँझाई दिएको छ । श्वास भरिदिएको छ। यस मुचुल्कामा महागुरू फाल्गुनन्दको समाज सुधारका व्यक्तित्व प्रबल रूपमा प्रष्टिएको छ । महागुरू स्वयम्को जीवनमा पनि यो मुचुल्का एउटा कोशे ढुङ्गा नै सावित भएको छ। किन कि, जसले उहाँलाई धार्मिक गुरूको रूपमा पुज्ये। उनीहरूले त उहाँलाई श्रद्धा गर्ने परि नै गए तर, धर्म र इश्वरप्रति खासै चासो नराख्ने भौतिकवादीहरूले पनि सत्य धर्म मुचुल्काले गर्दा महागुरूलाई महान् समाज सुधारकको रूपमा सदैव श्रद्धा गर्छन् । त्यसकारण महागुरू फाल्गुनन्दले इश्वरप्रति आस्था राख्ने र इश्वरप्रति आस्था नराख्ने समाजको दुवै पक्षको मन जित्नु भएको छ। श्रद्धा प्राप्त गर्नुभएको छ । यसको मुख्य कारण चाही महागुरूले आफ्नो जीवनलाई यति सक्रिय र सटिक गरी विताउनु भयो कि उहाँले आफ्नो जीवनकालमा उहाँको

> **महागुरु फाल्गुनन्द कसैको पेवा होइन, सबैको साझा हो। कसैले महागुरुलाई इश्वरको रुपमा मान्न सक्छन्, कसैले उहाँलाई महान समाज सुधारकको रुपमा मान्न सक्छन्।**

धार्मिक र समाज सुधारक दुवै गुणहरूलाई किरात जातिको लागि उपयोग गर्नुभयो। सायद त्यसैले होला महागुरू फाल्गुनन्द श्रद्धाको जुन उचाईमा हुनुहुन्छ त्यो ठाउँमा धेरै कम मात्र पुग्न सक्छन्।

सत्य धर्म मुचुल्का किरात समाजलाई हलचल ल्याउने एउटा भुकम्प नै हो । भुकम्प सुरू हुने इपिसेन्टर हो, आधारविन्दु हो। यसले किरात समाजमा तरङ्गहरू प्रवाहित गरेको छ, गरिरहने छ। तर, सबैले बुझ्ने पर्ने कुरा के छ भने, महागुरू फाल्गुनन्दले सबै किरात समाजको लागि काम गर्नु भयो, सबैलाई व्युँझाउने, बाटो देखाउने प्रयास गर्नु भयो । त्यसैले महागुरूलाई विश्लेषण गर्दा वा उहाँको बारेमा बोल्दा, लेख्दा कसैले पनि साँघुरो मन बनाउनु हुँदैन्।

महागुरू फाल्गुनन्द कसैको पेवा होइन, सबैको साझा हो। कसैले महागुरूलाई इश्वरको रूपमा मान्न सक्छन्, कसैले उहाँलाई महान समाज सुधारकको रूपमा मान्न सक्छन् । उहाँलाई मान्ने आ-आफ्नो तरिका र बुझाई हुन्छ। त्यो तरिकालाई नै आपसी मनमुटावको विषय बनाइनु हुँदैन। जसरी भएपनि किरात समाज निर्माणको लागि आ-आफ्नो ठाउँबाट रातदिन मेहेनत गर्नुपर्छ । महागुरूले किरातहरूलाई अन्धविश्वास र कुरीति कुसंस्कारको अन्योलबाट बाहिर ल्याउन प्रयास गर्नुभएको थियो । त्यसैले कुनै पनि बहानामा किरात समाज फेरि पनि अन्धविश्वासको खाडलमा जाकिनु हुँदैन। दिमागलाई से-से साङ-साङ बनाएर सत्य र असत्य छुट्याउनु पर्छ। अनि मात्र हामी महागुरू फाल्गुनन्दले सत्य धर्म मुचुल्का मार्फत गर्न खोज्नु भएको किराती बगैंचाको एउटा सुन्दर फूल भएर फुल्न सक्नेछौं।

**सन्दर्भ सामग्री :**


१. डा स्वामी प्रपन्नाचार्य : फलासिं देखि महाप्रभु फाल्गुनन्दसम्म किरातेश्वर सन्देश वर्ष २ अंक २ २०४३ साल

२. बैरागी काइला : हराउन लागेको इतिहासको पन्ना : सत्य धर्म मुचुल्का किरातेश्वर सन्देश वर्ष २ अंक २ २०४३ साल

३. डा. सुभद्रा सुब्बा दाहाल : किरात धर्मले अवलम्बन गरेको सुधारका पक्षहरू। किरात धर्म प्रथम अन्तर्राष्ट्रिय महासम्मेलन स्मारिका २०५७

४. कुमार लिङदेन : किरात धर्म प्रथम अन्तर्राष्ट्रिय महासम्मेलनमा प्रस्तुत तीनवटा कार्यपत्रहरूको समिक्षात्मक अध्ययन, ऐ, ऐ,

५. डा. नोबल किशोर राई : किरात धर्म मुहिङगुम अङसीमाङ फाल्गुनन्द र रबिको सेरोफेरो, ऐ, ऐ,


**(यो लेख समय सान्दर्भिक लागेकोले किरात तुमिङसो मासिकबाट साभार गरिएको हो – सम्पादक)**

# सिद्धि शक्ति प्राप्त गर्ने अवसर आएको बेला चिनेनौं भने फर्केर जानेछ : महागुरु फाल्गुनन्द

## मैले गरेको कर्म नयाँ होइन र काल्पनिक वा बनावटी पनि होइन



नन्दकुमार नेम्बाङ

### विषय प्रवेश

नेपालको सुदुर पुर्वी इलाम जिल्लाको इभाङस्थित चुक्चिनाम्बा गाउँमा वि सं १९४२ साल कात्तिक २५ गते आइतबार जन्मनु भएका महागुरू फाल्गुनन्द लिङ्देनज्यूको बारेमा थाहा नहुने समुदाय सम्भवत थोरैमात्र होलान्। उहाँले समाज रूपान्तरणका लागि दिएको योगदानको सम्बन्धमा विभिन्न कोणबाट बहस पैरवी भइरहेको छ। कसैले नकारात्मक टिप्पणी गरिरहेका छन् भने कसैले सकरात्मक बहस पैरवी पनि गरिरहेका छन्। यथार्थमा महागुरू फाल्गुनन्द को थिए र उनले के के गरे भन्ने कुरा अहिले बौद्धिक अध्ययन् र खोजीको विषय पनि बन्न थालेको छ।

हुन त उहाँको विषयमा विभिन्न प्रकारका कृति र अभिलेखहरू धेरै प्रकाशनमा आइसकेको छ। उनले समाजलाई दिन खोजेको उपादेयता र महत्वका बारेमा सघन बहस र अध्ययन प्रारम्भ भएको छ। यो अत्यन्तै सकरात्मक पाटो हो। तत्कालिन निरङ्कुश राजतन्त्र र जहानीया राणा शासकीय शक्तिको बीचमा उहाँले आफ्नो समुदायको लागि कदम उठाउनु अवश्य पनि सजिलो थिएन।

त्यतिमात्र नभएर तत्कालिन याक्थुङ/लिम्बू समुदायमा सुब्बाहरूको हुकुमी शासन थियो। प्रायः जसो उनीहरु राजासँग सिधा सम्पर्कमा थिए। बाँकी याक्थुङ/लिम्बूहरू अज्ञानता, अशिक्षा र गरीबीको चपेटामा डुबेका थिए। उनीहरुको दैनिकी रासलिला, जुवातास, मदमदिरा सेवन गर्दै कूलतमा रमाउनुमा वितिरहेको थियो। यस्तो जटिल अवस्थामा महागुरू फाल्गुनन्द लिङ्देनले समाज रूपान्तरण र समाज सुधारका लागि जोखिमपूर्ण कदम उठाएका थिए। उहाँले समाज रूपान्तरण र समाज सुधारका लागि उठाएका केही विषय माथि संक्षेपमा छलफल गरौं।

### समाज रुपान्तरणका जोखिमपूर्ण यात्रा

महागुरू फाल्गुनन्द लिङ्देनले समाज रूपान्तरणको अभियानको थालनी गर्दा तत्कालिन याक्थुङ/लिम्बू समाज सम्पूर्ण रूपमा बिलखबन्दमा थिए। धर्म, कर्म, ज्ञान, शिक्षा र चेतना शून्य अवस्थामा थियो। यहीं समयमा उनले समाज सुधारको अभियान शुरू गरेको थियो।

सोधकर्ता लिओनेल कप्लानका अनुसार, तत्कालिन लिम्बुवान भूमिमा बसोबास गर्ने लिम्बूहरू दुई समूहमा विभाजित थिए। एउटा समूह किपट भएको र अर्को किपट नभएको। यो प्रावधानले याक्थुङ लिम्बूहरूको भूमि उपयोग नीति असमान देखिन्छ। यो असमानताले लिम्बू-लिम्बूबीचमा फरक खालको बेमेल थियो।

एकातिर कानुन विहीन हुकुमी शासनको कारण अलग अलग भएर बसेका याक्थुङ/लिम्बूहरू किपट हुने र नहुनेबीचमा पनि बेमेलताको गहिरो खाडल थियो। अर्कोतिर धर्म, कर्म, ज्ञान र शिक्षा विहीन भएर सामाजिक र मानसिक रूपमा विभाजित थिए। यस्तो समयमा महागुरू फाल्गुनन्दले समाज रूपान्तरणको लागि यात्रा तय गर्नु भएको थियो।

याक्थुङ लिम्बू/आदिवासीहरूमा व्याप्त यस्तो समस्याका बाबजुद फाल्गुनन्दले विभिन्न गाउँ वस्ती चहार्दै धर्म, कर्म संस्कार र भाषा साहित्यको प्रचारप्रसार गर्दै हिंड्नुभयो। उति बेलाका लिम्बुवान शासकहरू आगे सुब्बा, सुब्बा, कारबारी, भद्रभलादमी सबैलाई भेटेर धर्म कर्म सुधारका लागि शिक्षा दिए, सम्झाउने कोशिश गरे। उहाँका दैवी ज्ञान गुणका कुराहरु कसैले सुने जस्तो गरे भने कसैले उल्टो गाली गलौज गरे। यी कुराहरु उहाँले आफ्नो चेलाहरूलाई यसरी व्यक्त गर्दथे।

[illegible]
[illegible]
[illegible]
[illegible]
[illegible]

मुहिङगुम अङसीमाङ लिङ्देन फाल्गुनन्द नु लिङ्देन आत्मानन्द सेइङ रे माङसिवाखाहुन २०७३, पेज १९-२०।

भावार्थ : भनौं भने भद्रभलादमीहरू रिसाउने,
नभनौं मेरो आराध्यदेवी रिसाउने, म के गरौं कसो गरौं।
प्यारा किरात सन्तति हो ! मातादेवीको सन्देश नभनेर कहिले हुन्छ।

हामीले माथिल्लो पंक्तिमा छलफल गरिसकेका छौं। महागुरूले गाउँ गाउँ घुमेर धर्म कर्मको प्रचारप्रसार गर्दाको समयमा कुन अवस्थाको समाज थिए भनेर। उहाँलाई गाउँमा जाँदा दुनियाँ उपमा दिएर खिशीटिउरी गर्थे। गाली गलौज गर्थे, यो क्रम अहिलेसम्म जारी रहेको छ।

चरम संकटमा पुगेको समाजलाई रूपान्तरण गर्नका लागि अभियानमा जाँदा कतिपय ठाउँमा भौतिक रूपमा सामाजिक बहिस्करणमा परेका थिए भने अध्यात्मिक हिसाबले आफ्नो आराध्यदेवी

माताले जसरी भए पनि पिछडिएका आफ्नो समाज सुधारका लागि अगाडि बढ्नुपर्छ भन्ने देवआज्ञा भएकोले महागुरू फाल्गुनन्द धर्म संकटमा परेको देखिन्छ।

यहीँ दोहोरो चपेटामा परेका महागुरूले आफ्नो अनुयायीहरूलाई राखेर आफ्नो वेदना पोखेका हुन। उनले भनेका छन् भनौं भने आफ्नो दाजुभाइ किरातहरू रिसाउने, नभनौं भने मेरो आराध्यदेवी रिसाउने। म के गरौं कसो गरौं त। फेरि यतिबेला पनि मेरो आराध्य मातादेवीको सन्देश नसुनाएर कहिले सुनाउनु मेरो किरात दाजुभाइहरूलाई।

## सिद्धि-शक्ति आउने कर्म गरे आउँछ बेवास्ता गरे हराउँछ

नेपाली उखान छ जस्तो कर्म गर्छौ उस्तै फल पाउँछौ ! मानिसले राम्रो कर्म गरे राम्रै फल पाउँछ र नराम्रो कर्म गरे नराम्रो फल पाउँछ। कुलतको संगत गरे कुलतमा फस्छ। यो आम मानिसको सामान्यतया जिउने शैलीमा भर पर्ने कुरा हो।

यस्तै समाज रूपान्तरणका लागि बेला बेला समय आउँछ जुन समयलाई चिन्न सकेको खण्डमा या बुझ्न सकेको खण्डमा उपयुक्त परिणाम आउनेगर्छ। तर त्यस समयलाई पछ्याउन सकिएन भने हातपर्न लागेको उपलब्धि पनि गुम्न सक्छ। यहीँ कुरालाई महागुरूले संकेत गर्दै भन्नुभएको छ !

[illegible]

भावार्थ : यो आउने-जाने शक्ति आवस् भन्ने बाचाले आउँछ !

बेवास्ता गरे फर्किन्छ/हराउँछ।

आएको बेला राम्रोसँग चिनेर सम्हालेर राख्नु।

यो नै सिद्धि शक्ति पाउने आधार हो।

राम्रो चिज पटकपटक फर्केर आउँदैन।

आएको बेला विवेकशील भएर यसलाई आत्मसात गर्नुपर्छ। यदि आएको बेला त्यो शक्तिलाई चिनिएन भने फर्केर जान्छ। त्यो शक्ति आएको बेला जसले चिनेर आत्मसात् गर्दै सम्हालेर राख्छ उसले शक्ति आर्जन गर्नेछ।

महागुरू फाल्गुनन्दले यो पनि भन्नुभएको छ कि, शक्ति आर्जन गर्नका लागि उसको प्राप्तिका लागि भक्ति गरेर माग्नुपर्छ। अनि मात्र आउँछ ! यसलाई तामा पाचाल्ले ता रो! भन्नु भएको छ। आफ्नो अगाडि घुमिरहेको शक्तिलाई विवेकले चिनेन र सम्हाल्न सकिएन भने त्यो फर्केर आउने छैन् भनेर सचेत पनि गराउनु भएको छ।

विशेषगरी आफनो याक्थुङ/लिम्बू समुदायलाई महागुरूले

> **मैले जेजति कर्म गरेको छु यो कुनै काल्पनिक र नयाँ चिज होइन। किरात सन्ततिको हराउँदै गएको धर्म, कर्म संस्कार र कर्मकाण्डहरुलाई सुधार गर्दै पुन:स्थापना मात्रै गरेको हो। लोपोन्मुख रहेको किरात लिपि, भाषा र साहित्यको उत्थान गर्दै विर्सिंदै गएको तागेरा निङवाभुमाङको उपदेश, ज्ञान र शिक्षाहरु सत्य वचनका रुपमा मैले मेरो समुदायलाई भन्नुपर्ने कर्तव्य पूरा गरेको छु है।**

धेरै सम्झाउने प्रयास गरेका छन्। जोसँग धर्म, कर्म, मुन्धुम, ज्ञान र शिक्षा सबै समाप्त हुँदै गएको थियो। माङको नाममा बली पूजा गर्नाले दैवी शक्ति ह्रास हुँदै गएको थियो। छोरीचेलीको नाममा हत्तबा माग्ने, विभिन्न वहानामा अनेकौं सोतरीत माग्दै खाने, सुनौली-रूपौलीका नाममा घुमाउरो तरिकाले चेलीबेटी बेचबिखन गर्नाले असामाजिक बेथितिको प्रचलन बढ्दै गएकाले आर्थिक र सामाजिक रूपमा धरासयी बन्दै गएको थियो।

समाज सुधारको मूल आधार स्तम्भ धर्म नै भुलिसकेका आफ्नो सन्ततीहरू राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा विचलित हुँदै गइरहेको थियो। यहीँ बेला महागुरू फाल्गुनन्द लिङ्देनको याक्थुङ/लिम्बू समुदायलाई गाउँ गाउँ घुमेर सम्झाउने प्रयास गर्नुभएको थियो। यति दु:ख कष्ट गरेर आफ्नो समुदायको उत्थानको लागि सम्झाउने-बुझाउने कोशिश गर्दा पनि सुनुवाइ नभएपछि उहाँले सचेत गराउँदै भन्नुभयो ! यस्तो (सिद्धि शक्ति प्राप्त गर्ने) अवसर पटक-पटक आउँदैन। आएको बेला सम्हालेर राख्नु, यो अवसर गुमायौ भने फर्केर आउँदैन है।

## मैले गरेको कर्महरु नयाँ, काल्पनिक र बनावटी होइन

महागुरू फाल्गुनन्द लिङ्देनले करिब करिब ८ वर्षको कलिलो उमेरमै इलामको माइनदि, देउमाई र मेक्वा माइको संगम भूमि खत्रक्पामा ज्ञानसिद्ध गर्नुभएको थियो। उहाँले भौतिक जीवनमा आएपछि बिर्सेका अघिल्लो जन्मका कुराहरु युमामाङले लाम्पातेको रूखमा बाँधेर, माई नदिको पानीमा चोबलेर सम्झाएका थिए। त्यहीँ बेला उहाँलाई किरात लिपिको दर्शन/अध्ययन पनि गराएका थिए।

त्यसपछि उहाँले सेन्छेई फक्ताङलुङ लगायत थुप्रै शक्तिपिठहरूमा कठोर साधना र तपस्या गर्नुभएको थियो। त्यसबाट प्राप्त ज्ञान र शिक्षालाई उहाँले आफ्नो समुदायको सघन बस्तीमा गएर सम्झाउने बुझाउने प्रयास गर्नुभएको थियो। यसरी धर्म प्रचारप्रसार गर्दै जाँदा थुप्रै अवहेलनाहरू खेप्नुपरेको थियो। नयाँ साधु आएर हाम्रो संस्कार संस्कृति बिगार्यो भन्ने आरोप खेप्नुपरेको थियो। पूर्वको लिम्बू राजा भन्ने आरोप पनि लाएकै थियो यहीं बेला उहाँले भन्नुभएको छ।

[illegible]

मुहिङगुम अङसीमाङ लिङ्देन फाल्गुनन्द नु लिङ्देन आत्मानन्द सेइङ रे माङसिवाखाहुन २०७३, पेज १९

भावार्थ : प्यारा किरात सन्ततिहरू, मैले भनेको गरेको/भनेको यी कुराहरू नयाँ होइन र बनावटी पनि होइन। ओत तागेरा निङ्वाभुमाङ मातादेवीको सन्देश, सत्य वचनलाई भन्ने मेरो जिम्मेवारी भनिराखें है।

महागुरू फाल्गुनन्दले जति कर्म गरेका छन् ती सबै नयाँ उत्पत्ति गरिएको होइन भन्ने कुरा घाम-जुन जत्तिकै छर्लङ्ग छ। उहाँले फेजिकुम फेदाङमा, सावाला साम्बा, येभुङ-येबा, येभुङ-येमाहरूले आफ्नो आफ्नो तरिकाले गरी ल्याएको मुन्धुमलाई एकीकृत गरेर लिपिवद्ध गरेका छन्। यसैलाई अहिले किरात साम्जिक मुन्धुम भनेर कर्मसंस्कार र कर्मकाण्डहरूमा प्रयोग हुँदै आएको छ।

उहाँले दिएका उपदेश तथा शिक्षाहरू प्रकृतिप्रेमसँग सम्बन्धित छ। इश्वरको नाममा निर्दोष प्राणीको हत्या नगर्नु, खोलानाला, देवी देउरालीको सेवा पूजा गर्न उत्प्रेरित गर्नु यी सबै प्रकृतिको संरक्षणका लागि गरिएको अभियान हो। यो कुरालाई कुनै पनि दृष्टिकोणबाट नयाँ उत्पत्ति गरिएको ठहरिँदैन।

त्यस्तै छोरीचेलीको सोतरित खान नहुने, छोरा सरह छोरीलाई समान शिक्षा दिनुपर्ने, माङहिम बनाएर सेवा अनुष्ठान गर्ने, हरेक माङहिम परिसरमा निसामहिम स्थापना गरेर आफ्नो मुन्धुम र भाषाको अध्ययन अध्यापन गराउनु भन्ने उहाँको उपदेशहरू समाज सुधारका सूत्र हुन। यसैगरी शुभकार्य र अशुभ कार्यमा मदमदिरा र मासुमंस प्रयोग नगर्ने भन्ने सन्देशहरू समाज सुधारका लागि अत्यावश्यक उत्प्रेरणा हो।

त्यसैले महागुरू फाल्गुनन्द लिङ्देनले भनेका छन्! मैले जेजति कर्म गरेको छु यो कुनै काल्पनिक र नयाँ चिज होइन। किरात सन्ततिको हराउँदै गएको धर्म, कर्म संस्कार र कर्मकाण्डहरूलाई सुधार गर्दै पुनःस्थापना मात्रै गरेको हो। लोपोन्मुख रहेको किरात लिपि, भाषा र साहित्यको उत्थान गर्दै विर्सिँदै गएको तागेरा निङवाभुमाङको उपदेश, ज्ञान र शिक्षाहरू सत्य वचनका रूपमा मैले मेरो समुदायलाई भन्नुपर्ने कर्तव्य पूरा गरेको छु है।

## अन्त्यमा

महागुरू फाल्गुनन्द लिङ्देनको केही दिव्यवाणीलाई संक्षेपमा छलफल गर्यौं। यसमध्ये विशेषगरी दुईवटा उपदेशमा ध्यानाकर्षण भएको हुनुपर्छ।

पहिलो : [illegible] ॥ [illegible] ॥

भावार्थ : आउने जाने शक्तिको स्रोत आउनुपर्छ भनेर भक्ति गरे आउँछ बेवास्ता गरे हराउँछ/आउँदैन।

महागुरू फाल्गुनन्द लिङ्देनले हामीलाई मुख्य सिद्धि र शक्तिको स्रोतको रूपमा किरात साम्जिक मुन्धुम, माङसिवाखाहुन र सत्य धर्म मुचुल्का हस्तान्तरण गरेका छन्। यसबाहेक अध्यात्मिक ज्ञान र शिक्षा पनि दिएका छन्। यी स्रोतहरू विश्वमा छरिएका किरात समुदाय र मानव जातिका लागि अमूल्य निधि हुन। यसलाई चिन्न सक्यौं, बुझ्न सक्यौं र मान्यौं भने हामीले चाहेको मुक्ति प्राप्त गर्न छौं। यसलाई चिनेनौं र बेवास्ता गरिरह्यौं भने हाम्रो अगाडि रहेको शक्तिको स्रोतको उपयोग गर्न पाउने छैनौं, भन्ने सन्देश यो दिव्य सन्देशले दिएको छ।

दोस्रो : [illegible] ॥ भावार्थ : मैले गरेको कर्म नयाँ होइन र काल्पनिक वा बनावटी पनि होइन। महागुरू फाल्गुनन्दले मैले जेजति धर्म र कर्म गरेको छु, यो कुनै पनि नयाँ उत्पत्ति गरिएको होइन र यो चिजहरू काल्पनिक पनि होइन! भनेका छन। विशेषगरी अहिले नयाँ विचार र नयाँ धर्म भन्दै अलमलमा रहेका साथीहरुका लागि यो अमूल्य सन्देश हो। याक्थुङ/लिम्बू समुदायलाई फुटायो भन्ने आरोप लगाउने मित्रहरुका लागि पनि यो अचुक सन्देश हो।

महागुरूले देखाएको बाटोमा आउन सक्यो भने महागुरूले उल्लेख गर्नुभए झैं सिद्ध ज्ञान र शक्तिको उपयोग गर्न पाइनेछ। नत्र यसको विरोध मात्रै गर्दै बस्ने हो भने तपाईंको हातमा यो चिज हुने छैन। तर जसले आत्मसात् गरेको छ उसले अवश्यम्भावी उपयोग गर्न पाउनेछ र सम्पूर्ण रूपमा मुक्ति पाउनेछ! भन्ने निष्कर्ष निकालेको छु। तसर्थ : म भन्छु, प्रथम कुरा महागुरू फाल्गुनन्दको दिव्य सन्देशको आत्मसात् गर्दै उहाँको मार्गमा लागौं, मनपर्दैन भने विरोध नगरौं।

**सन्दर्भ सामग्रीहरु**

१) किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा केन्द्रीय समिति, मुहिङगुम अङसीमाङ लिङ्देन फाल्गुनन्द नु लिङ्देन आत्मानन्द सेइङ रे माङसिवाखाहुन, २०७३ तेस्रो संस्करण।

२) महागुरू फाल्गुनन्द स्मृति प्रतिष्ठान, महागुरू फाल्गुनन्द २०६६ प्रथम संस्करण।

३) लिओनेल कपलान, पूर्वी नेपालमा लिम्बू जातिको किपट र सामाजिक फेरबदल, नेपाली संस्करण सन् २०१०।

४) किरात समाचार मासिक, वर्ष २२ अंक १ कात्तिक २०७३।

५) मुहिङगुम अङसीमाङ फाल्गुनन्द विशेषाङ्क, विभिन्न अंकहरू।

## आफ्नै कुरा

**विद्वत लेखक/पाठक**

किरात धर्म दर्शन, संस्कार, संस्कृति, भाषा, लिपि, साहित्य, साम्जिक मुन्धुम, माङसिवाखाहुन साथै किरात धर्म सम्बद्ध स्थान, किरात धार्मिक संस्थाहरूको गतिविधिहरूबारे तपाईंको लेख रचना भए प्रकाशनार्थ हामीलाई पठाइदिनु हुन हार्दिक अनुरोध गर्दछौं। यो अनलाइन र पत्रिका तपाइलाई कस्तो लाग्यो ? यसलाई स्तरीय, पठनीय बनाउन साथै निरन्तरता दिनका लागि तपाईंको सल्लाह सुझाव हामी सदैव कदर गर्दै अघि बढ्ने छौं।

**विज्ञापन तथा शुभकामनादाता**

कुनै व्यापार व्यवसायको विज्ञापन, जन्म, विबाह तथा सफलताको बधाई तथा शुभकामना सन्देश दिन साथै कसैको मृत्यूको समवेदना, श्रद्धाञ्जली दिन परेमा हामी तपाईंको सहयोगी हुन सक्छौं। यसका लागि किरात इङभो पान्जुम्भोको कार्यालयमा वा अनलाइनको ठेगानामा इमेल गर्न सक्नुहुने छ।

कार्यालय : माङ्सेबुङ ५, इलाम, इमेलः kiratingse@gmail.com/dharmkirat@gmail.com ९७६१४५१६७४/९८४४६०४४५६

# [illegible]

## [illegible]



[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]


[illegible]



# लुङमेन्दिङ नोनिङ्वा

किरात धर्म दर्शनदाता, महान समाज सुधारक, राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ
महागुरू फाल्गुनन्द लिङदेनज्यूको १४१ औं जन्मजयन्तीको पावन अवसरमा
सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति र समृद्धिको
लुङ्मेन्दिङ नोनिङ्वा

**किरात धर्मगुरू लिङदेन आत्मानन्द सेइङ गुरू निजी आश्रम कृषि समिति**

माङसेबुङ ५, लारूम्बा, इलाम

| शेरबहादुर लाओती | उदय विक्रम तुम्बापो | टिकाराम केरुङ |
|---|---|---|
| कोषाध्यक्ष | सचिव | अध्यक्ष |

[illegible]

[illegible]

[illegible]




[illegible]

# लुङमेन्दिङ नोनिङ्वा

किरात धर्म दर्शनदाता, महान समाज सुधारक, राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरू फाल्गुनन्द लिङदेनज्यूको १४१ औं जन्मजयन्तीको पावन अवसरमा सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति र समृद्धिको

लुङ्मेन्दिङ नोनिङ्वा

**किरात साम्यो माङसेवासाबा मुजोत्लुङ पान्जुम्भो** माङसेबुङ, इलाम

| | | |
|---|---|---|
| प्रकाश सावादेन | सञ्चहाङ सङबाङफे | बलराम खजुम |
| कोषाध्यक्ष | सचिव | अध्यक्ष |





[illegible]

# लुङमेन्दिङ नोनिङ्वा

किरात धर्म दर्शनदाता, महान समाज सुधारक, राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरू फाल्गुनन्द लिङदेनज्यूको १४१ औं जन्मजयन्तीको पावन अवसरमा सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति र समृद्धिको



लुङ्मेन्दिङ नोनिङ्वा

**महागुरु फाल्गुनन्द ज्ञानभूमि खत्रक्पा धार्मिक पर्यटकीय क्षेत्र पूर्वाधार तथा संरक्षण समिति**

**देउमाई न. पा. ९, इलाम**

**(देउमाई न.पा., माई न. पा. र माङसेबुङ गा.पा. को संगमस्थल खत्रक्पा)**

# हामी प्रकृति पूजक



**(वि.स. २०८१ माघ ५ गते इलामको माङसेबुङमा आयोजित सावायेहाङ किरात खिबेक्वा याक्वा सेवा तथा माङवाहाङवा वितरण महासमारोह कार्यक्रममा मुहिङगुम अङसीमाङ लिङदेन आत्मानन्द सेइङज्यूले दिनु भएको आशीर्वचनको सम्पादित अंश।)**

ओत् तागेरा निङ्वाभुमाङे सेवारो !

हाम्रा श्रद्धालु भक्तप्रेमी, आज विश्वभरिबाट हाम्रो कार्यक्रमहरू हेरिरहनु भएको होला। खिबेक्वा याक्वा सेवा भूटान थिम्पूमा पनि भइरहेको छ । यहाँ नजिकै झापामा पनि भइरहेको छ । हाम्रो कार्यक्रमहरू धेरै ठाउँ भइरहेको छ । यहाँ आज हाम्रो माननीय मन्त्रीज्यू प्रदेशबाट पाल्नुभएको छ।

हाम्रो अतिथिहरू मात्र नभएर भूटान, दार्जिलिङ, सिक्किम, आसाम, अमेरिका, अष्ट्रेलिया, युके, हङकङ लगायत विभिन्न मुलुकबाट हाम्रा धर्मावलम्बीहरू उपस्थित हुनु भएको छ । अब अमेरिका, रसिया सबै ठाउँमा हाम्रा मान्छेहरू पुगेका छन्। अष्ट्रेलियामा पनि छन् । अमेरिकामा त झन् धेरै छन् हाम्रो मान्छेहरू। यसरी तपाईंहरू विश्वको कुना काप्चामा पुग्नु भएको छ । हामीले तागेरा निङ्वाभूमाङसँग प्रार्थना गर्यौं । विश्व शान्ति मानव एकता रहोस् । विश्वमा झैंझगडा नहोस् । विश्वमा लडाइँ मारामार नगरोस् । झगडा नहोस् भनेर हामीले माङसँग कामना गरेका छौं । यो उभौली पर्व किरातहरूको महान चाड पनि हो । महा पूरानो पर्व पनि हो । हामीले यो माघे संक्रान्ति मान्छौं यो पनि किरातहरूको पर्व हो। त्यसकारणले हामी प्रकृति पूजक हौं।

प्रकृति पूजक भनेको कस्तो हो भने, पृथ्वीसँगै आएको। हामी हिजो जंगली युगमा थियौं। ओडारमा थियौं। हामी लुगा लगाउन सिक्यौं। खेति गर्न सिक्यौं। सिक्दै आउँदा यो पर्व मान्दै आएको हो । अब माघे संक्रान्तिमा हाम्रो पुर्खाहरूले वन तरूल पहिला खानुपर्छ भन्थ्यो। त्यति बेला वन तरूल पाकेको हुन्छ । छिपिएको हुन्छ। र, हामी जंगलमा हुँदा, हामी जंगली अवस्थामा हुँदा वन तरूल खायौं। कुन्दमूल खाएरै हामीले चाड मानेका थियौं।

एउटा अचम्मको कुरा के छ भने, माघे संक्रान्तिमा रातको १ बजे यो बाघ, भालुहरू जो माथि लेकका वन मान्छेहरू अघि खोलामा गएर नुहाउँछन् । पशुपक्षिहरूले पनि यो चाड मान्छन्। त्यसले गर्दा हाम्रो पुर्खाहरूले पनि यो मान्दै आएको हो। हाम्रो सभ्यता भनौं। हाम्रो जंगली अवस्था हुँदाको हाम्रो चाड भनौं। हामीले मान्दै आयौं। पछि, धार्मिक रूपमा विभिन्न धर्महरू जन्मिदै गए। धर्म दर्शनमा पनि माघे संक्रान्तिको दिन नुहाउँदा पाप काटिन्छ भन्थ्यो।। पाप काट्नको लागि हामी चिसो पानीले नुहाउँछौं। यसरी हामी मान्दै आइराखेका छौं। हिजो अस्ति भर्खरै मानिसक्यौं।

अब यो उभौलीपर्व हामी मानिराखेका छौं। यो उभौली भनेको अहिले हाम्रो विज्ञहरूले धेरै अर्थ लगाउनुभयो। सही कुरा भएको छ । जमिन जब तातिँदै जान्छ, ऋतु परिवर्तन हुँदै जान्छ । अब जमिन मुनि कमिलाहरू बास बसेको हुन्छ। तिनीहरू निस्किंदै जान्छन्। रूखपातले पत्ता फेर्दै जान्छ । र, कक्फेवा भनेको यो चाँपको फूल यति बेला फूल्न सुरू हुन्छ माथि लेक तिर अनि यसलाई कक्फेवा तङ्नाम पनि भन्छन् । तर, यो खासगरी चेरेङ्नाम कक्फेवा तङनाम हो। चेरेङ्नाम भनेको यो सूर्यको ताप अलिचर्को-चर्को हुँदै जान्छ। अनि ६ महिना पुगेपछि फेरि अलि लो हुँदै जान्छ । हाम्रो पुर्खाहरूले यो साह्रै नापेर बनाएको छ । उनीहरू आधुनिक वैज्ञानिक जस्तै थिए। पानी पर्ने नपर्ने कुराहरू पनि शरीरले थाहा पाउँछ । यति बेला पानी आउँछ यति बेला आउँदैन भन्ने कुरा चाहिँ शरीरले थाहा पाउँदै लान्छ । उहिले हामीसँग घडी थिएन। टाइम हेर्ने केहीं थिएन हिजो अस्तिसम्म। घडी त देख्नै पाएका थिएनौं हाम्रो उमेरमा त। अहिले पो थुप्रै क्यामेरा पनि हातहातमा, घडी पनि हातहातमा छ होइन् ? हाम्रो घडी त हाम्रो छायाँ हेर्यो।

यो छायाँ ठ्याक्कै दिनको १२:०० बज्यो भनेपछि डोलो हुन्छ । अब बाह्र बज्यो है भन्थ्यौं। अनि जुवा-जुवा भनेर नाम लाउँदै जान्थ्यो । यो छायाँ पर डाँडामा यसो जान्थ्यो यति पुगेपछि घाम अस्ताइहाल्छ है भनेर भन्थे। हामी त्यहीं किसिमले गोठाला गर्थ्यौं। त्यो हाम्रो पुरानो साइन, एउटा वैज्ञानिक तत्व हो

त्यो। यसरी आज त्यो कुरा पनि आउँदा मलाई विरक्त पनि लाग्यो। अहिले त अलि विकास भएर आएका छौं । हाम्रो पर्व भनेको महान पर्व हो। यो पर्व अहिले त सामान्य छ। तर, पछि गएर यो पर्व राष्ट्रिय पर्वको मान्यता पनि हुन्छ। सात, आठ दिन लगातार मान्नु पर्ने अवस्थाहरू पनि आउँछ । त्यसले गर्दा हामीले बिस्तारै बिस्तारै मान्दै, गर्दै जाउँ। हामीले विश्व शान्ति मानव एकतामा जोड दिउँ । हामीले हत्या हिंसा गर्नु हुँदैन । मैले एक नम्बरमा भन्छु हामीले हिंसा गर्नु हुँदैन। हिंसा भएको मुलुकहरू हेरिरहेका छौं, लडाइँ भइरहेको छ। बम बारूद्ध पड्किरहेको छ।

अब, त्यसको असर त हामीले पनि पाउँछौं नी। यहाँ त्यसको असर आइसक्यो। यसले विभिन्न रोगहरू आउँछ। हामी यसबाट सचेत रहनुपर्छ। यसबाट हामी सुधार पनि हुनुपर्छ। दिन रात माङलाई पनि सम्झिनुपर्छ। घरी-घरी भूकम्प आउने चेष्टा गरिराखेको छ। यसको बारेमा त मैले पहिल्यै बोलिसकेको छु। यसबारे मेरो धेरै भविष्यवाणीहरू छन्। त्यो पनि तपाईंहरूले अध्ययन गर्नुहोस्। अब पृथ्वीमा मान्छे धेरै भएपछि लडाइँ, झगडा हुन्छ। मारामार हुन्छ। पेलापेल हुन्छ। अनि मान्छे सकिन्छ। कुरा बुझ्नु भयो नी, मान्छे धेरै भएपछि यहाँ शक्तिशाली बम पड्कियो भने, पृथ्वीनै तहसनहस भइहाल्छ। हाम्रो बस्ने ठाउँनै बिग्रिहाल्छ। यसले गर्दा यिनीहरूमा पनि सत् बुद्धि आवस्। पृथ्वीमा जति जनता बढेका छौं, त्यति सबैलाई रक्षा गर्ने एउटा ज्ञान यिनीहरूमा पनि बसोस् भन्ने मेरो चाहिं प्रार्थना छ।

आज भक्तजनहरू जति यहाँ आउनुभयो। तपाईंहरूको लागि मैले अघि विहानै आएर सम्झेको छु। माङलाई पुकारेको छु। तपाईंहरूले चिताएको, हाँकेको कामहरु सबै पुगोस्। सोचेको कुराहरू पुगोस्। कसैले के गर्ने, कसैले के पाउने, कसै जागिर खाने कसै के गर्ने विभिन्न सोच गर्नु भएको छ त्यो सबै पुगोस्। पढाइमा राम्रो होस्। शिक्षामा पनि सिद्ध होस् भनेर मैले बल मागेको छु। तपाईंहरू अनकन्टार ठाउँमा पुग्नुभएको छ। पैसाको शिलशिलामा हामी नेपाली जनताहरू संसार भर पुगेका छौं। त्यो सबै पैसाको शिलशिलामा जानेहरूलाई रक्षा होस्। हाम्रो मान्छेहरू लडाइँ, झगडामा नपरोस्। मारामार नहोस्, नमरोस्। सुख, शान्ति, आनन्दसँग पैसा कमाएर नेपालमा आवस् यहीं कुरा मैले सम्झेर अघि माङसँग प्रार्थना गरेको छु।

तपाईंहरू सबैजना आउनु भएको छ। मलाई खुशी लागेको छ। आज यहाँ मन्त्रीज्यू, हाम्रो गाउँपालिका अध्यक्षज्यूहरू पाल्नुभएको छ। आफ्नै जस्तो हामी बसिराखेका छौं। हामीलाई न्यानो आमाले ओधारे जस्तो आनन्दले बसिराखेका छौं। अब विकास भन्ने कुरा त क्रमश हुँदै जाने हो, होइन् र ?भौतिक विकास भनेको क्रमश हुँदै जाने हो। अब यो माङ्सेबुङमा मैले पहिले बसोबास सुरू गर्दा यहाँ केहीं थिएन। यहाँ स्कूल थिएन। खानेपानी थिएन। यहाँ आवतजावतका लागि गाडीको बाटो थिएन। तर, अहिले यहाँ पढनलाई स्कूलको छ।



खाने पानी प्रशस्त छ। विजुली बत्ति आइराखेको छ। हामीले यसलाई सही प्रयोग गर्न मात्र बाँकी छ।

यहाँनिर यो क्षेत्र भनेको सिग्नेचर गर्ने मान्छेनै पाइँदैन थियो। कमसेकम अहिले एक-एक सिग्नेचरसम्म त गर्छन। त्यहाँसम्म चाहिँ पुगेको छ। सरसफाईको लागि मैले पहिलादेखि ट्वाइलेट त बनाउनुपर्छ मैले भनेको हो। पछिल्लो समय सरकारले यो चाहिँ एउटा राम्रो काम गरेको छ। सबैको घर-घरमा ट्वाइलेट बनेको छ। अहिले यहाँ पखाला लाग्ने, पेट दुख्ने चाहिँ अलि हराएको छ है। यसले गर्दा हामी सबै जना सुध्रिएर जानु पर्‍यो। माथि जाने हाम्रो बाटोनै सरसफाइ हो। ध्यान, जप तप हो। नुहाइधुहाई गरेर सरसफाई गर्नु हो। ईश्वरलाई सम्झिनु हो। मुक्ति भएर जानु नै हाम्रो बाटो हो। त्यो हुँदा पो हामी मन्त्री हुन्छौं। राज्य चलाउने ठाउँमा पुग्छौं।

भोलि हामी पनि त्यो ठाउँमा पुग्छौं। नपुग्ने भन्ने कुरा छैन्। समय, युग र जमनाले ल्याउने हो। सबै कुरा समयले ल्याउँदै जान्छ। हामीले सबै भन्दा पनि, एकदम सिङ्सिङ् ल:मा भन्छ, होसियार हुनु। ज्ञानी हुनु। हामीले एक आपसमा सद्भाव राख्नु सबैभन्दा राम्रो व्यवहार हो म यहीं कुरा भन्छु। मेरो बाजे महागुरू फाल्गुनन्दज्यू पनि यहीं थलोमा जन्मेका हुन्। र, वहाँले यो बाटो भयङ्कर ठूलो अपनाएर गएका हुन्। वहाँले वि.स. १९८८ सालमा सत्य धर्म मुचुल्का बनाउनु भयो। त्यस बेला दश लिम्बुवान सत्र थुम बोलाएर शिक्षादिक्षा दिएको हो।

**राज्यको जनताहरुलाई अटाएर लानुपर्छ। कोही विरोधि निस्किन्छ। तर, सबैलाई अटाउनु पर्छ। कानुन संविधानले सबैलाई अटाएर लानुपर्छ। ऐन कानुनले जनतालाई दबाउनु भएनन्।**

त्यो शिक्षा अहिलेसम्म हामीले पक्रेर आएका छौं। हाम्रो सोच विचारहरू अलिकति विकास भएर गएको छ। यहाँ सबै राज नेताहरू आउँछन्। प्रदेश मात्र होइन यहाँ नेपालको टप लेबलका सबै राज नेताहरू आउँछन्। मसँग आशीर्वाद माग्छन्, जान्छन्। संसद बन्छन् र मन्त्री पनि हुन्छन्। अब मैले भन्दा यहाँ गिरिजाप्रसाद कोइरालाजी पहिला आउनु भएको हो। गिरिजाप्रसाद कोइराला मलाई माया लाग्यो। बुढो मान्छे राजनीति गर्दा-गर्दा बुढो भयो। अनि तिम्रो जिउभरि प्रधानमन्त्री खाउँ है बाबु भनेर मैले भने। अनि यहाँ बस्यौं, गफ गर्‍यौं, चियापान खायौं। उ जिउभरि प्रधानमन्त्री भयो। अब त्यसको नेक्स्टमा केपीजी आउनु भयो। केपी.लाई पनि आशीर्वाद दिए। अहिलेसम्म प्रधानमन्त्री भएर बसेको छ। यहाँ आएकाहरू सबैलाई आशीर्वाद दिएको छु।

द्वन्द्वकालमा माओवादीसँग हामी खच्याक घुच्चुक पनि भयौं। सामान्य बाँभ्‍यौं पनि तर अन्तिममा गएर हामी मिल्यों। हाम्रो प्रचण्डजी पनि यहाँ आउनु भयो। विगतमा हामीले केहीं गल्तीहरू गरेता पनि माफी पाउँ है भनेर यहीं मासमा उहाँले माफी माग्नु भयो। ल ठीक छ विकासतिर लम्किने हो। मान्छे मार्नेतिर चाहिँ नलम्कौं भनेर मैले चाहिँ भनें। मैले पहिले पनि भनेको प्रचण्ड जीलाई त, उनी युद्धकालमा पनि आउनु भएको थियो। प्रचण्डजीलाई युद्ध त गर्नुहुन्छ तर युद्ध गरेर, मान्छे मारेर सम्भव छैन्। तपाई शान्तिको बाटोमा आउनुपर्छ। देशलाई विकास गर्नुपर्छ। मान्छेको त राजनीतिक जीवन हो। मान्छे मारेर हुँदैन है भनेर मैले पहिले भनेको थिएँ। अन्तिममा शान्ति सम्झौतामा उहाँ आउनुभयो।

गिरिजा बाबुले म माओवादीलाई जंगलबाट निकालौं त गुरू भनेर भन्नुभयो। निकालौं न त बार्ता गरौं, वार्ताबाटै सबै कुरा समेटौं भनेर मैले भनें। अनि त्यहीं अनुसारनै गिरिजा बाबुले काम गर्नुभयो। अनि शान्ति सम्झौतामा गएपछि मुलुकमा शान्ति भयो। अहिले एक किसिमले मुलुकमा शान्ति भइराखेको छ। हाम्रो नेताहरूलाई पनि म के भन्छु भने राज्यको जनताहरूलाई अटाएर लानुपर्छ। कोही विरोधि निस्किन्छ। कसैले के-के भन्छन् तर, सबैलाई अटाउनु पर्छ। कानुन संविधानले सबैलाई अटाएर लानुपर्छ। ऐन कानुनले जनतालाई दबाउनु भएनन्। दबाइयो भने त झन् पङ्किएर जान्छ। मैले पहिला पूर्व राजा वीरेन्द्रलाई पनि भनेको हो यो पार्टीहरूलाई पनि अटाउनु पर्छ। सरकारले कानुन संविधानबाट जनतालाई दबाइयो भने त पङ्किन्छ। जति दवायो त्यति पङ्किन्छ। प्रेस परेपछि त त्यो बम हुन्छ। त्यसैले जनतालाई दबाउने काम नगर्नुहोस् मैले भनेको।

अनि पछि कांग्रेस, एमालेहरू हाईलाइटमा आइगयो नी। यसरी अन्तिममा राजतन्त्र पनि बिदा दिइयो होइन? यस्तै हो नेपालमा गडबड छ। मेरो लागि चाहिँ नेपालमा अझै पनि खतरा छ। अब सबै जनता मिल्नुपर्छ। शान्ति कायम गर्नुपर्छ। विश्व शान्ति मानव एकताको अर्थ नै त्यो भित्र लाग्छ। त्यसले गर्दा बुद्ध पनि यहीं जन्मेका हुन। महागुरू फाल्गुनन्द पनि यहीं जन्मेका हुन। हामी पनि यहीं जन्मिराखेका छौं। हामीले विश्व शान्ति मानव एकताको एउटा ठूलो दर्शन लेखेर नेपाली जनताहरूलाई अगाडि बढाउनुपर्छ।

जनताहरूमा पनि यो ज्ञान हुनुपर्छ। तँ साँढे म साँढे भइयो भने त साँढे-साँढे आखिर लडेर मरिहाल्छ। काम त दिँदैन। त्यसले गर्दा हाम्रो नेपालको राजनीति पनि सबै भन्दा सभ्य बनोस्। राम्रो बनेर शान्तिसँग अगाडि बढोस् यहीं म कामना गर्न चाहन्छु। भक्तजनहरु जति पाल्नुभएको छ। तपाईहरू सबैमा आशीर्वाद छ! आज हाम्रो प्रदेश मन्त्री पाल्नुभयो उहाँलाई मेरो आशीर्वाद छ। यहाँ आउने हामी देश सेवक, राष्ट्र सेवक, समाज सेवकहरु र धर्म सेवकहरू सबैमा शान्ति रहोस् भन्ने म शुभकामना दिन चाहन्छु। यति भन्दै मेरो शब्द यहीं टुङ्ग्याउन चाहन्छु। जय किरात। तियाहा! आसेवारो!

# [illegible]

## [illegible]



[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]



# लुङमेन्दिङ नोनिङ्वा

**किरात धर्म दर्शनदाता, महान समाज सुधारक, राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरु फाल्गुनन्द लिङदेनज्यूको १४१ औं जन्मजयन्तीको पावन अवसरमा सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति र समृद्धिको**

## लुङ्मेन्दिङ नोनिङ्वा

# किरात इङ्भो पान्जुम्भो

### केन्द्रीय समिति, माङसेबुङ इलाम


केहेरसिं योङहाङ
अध्यक्ष


कमला तुम्बापो
उपाध्यक्ष


सरुहाङमा इधिङगो
उपाध्यक्ष


ज्ञानु केदेम
सचिव


प्रकाश सावादेन
कोषाध्यक्ष


पूर्ण कार्कीढोली
सदस्य


सुरेश फुरुम्बो
सदस्य


गोपाल फियाक
सदस्य


राजेन्द्र खिम्दिङ
सदस्य


नाम फूरुम्बो
सदस्य


चन्द्रा सेन्दाङ
सदस्य


सीमा मुकारुङ
सदस्य


मजदुर साँबा
सदस्य


लोकबहादुर लिङदेन
सदस्य


विष्णुकला लाओती
सदस्य


खडगवीर आङदेम्बे
सदस्य


राजेन्द्र केरुङ
सदस्य


राजेन्द्रविक्रम खजुम
सदस्य


हर्क साम्पाङ
सदस्य


सुखबहादुर दिम्माली
सदस्य


एम.बि. सावादेन
सदस्य

किरात इङभो पान्जुम्भो सम्पर्क समिति केराबारी मोरङ संयोजक : जयकुमार जवेगु, सदस्य सचिव : ज्ञानेन्द्र कुमार राई, अर्थ संयोजक : विष्णु चेम्जोङ, सदस्य : अन्जिता नेम्बाङ

# १९८८ बैसाक २४ को सत्यधर्म मुचुल्काको परिपुरक मुचुल्का

## शुद्ध किपट जग्गा तपस्वी गुरु फलुनन्द महात्मा लिङ्देनलाई दिएको उल्लेख छ



आङबुहाङ अबोध अविरल

### परिपुरक मुचुल्का

वि.सं. १९८८ बैसाक २४ गते गरिएको सत्यधर्म मुचुल्का चर्चामा रहेको छ। राष्ट्रिय विभूति महागुरू फाल्गुनन्द लिङ्देनको पहलमा सत्यधर्म मुचुल्काको निर्माण गरिएको थियो । मुचुल्का निर्माण गर्न चुम्लुङमा पल्लो किरात १७ थुम १० लिम्बुवानका प्रतिनिधि र सर्वसाधारणलाई निमन्त्रणा गरिएको थियो। सो चुम्लुङले ७ बुँदे सत्यधर्म मुचुल्काको निर्माण गरेको थियो। तर, सोही साल मंसिर २४ गते पनि अर्को मुचुल्का उठाइएको थियो। बैसाक २४ गते उठाइएको मुचुल्का निर्माण गर्ने चुम्लुङमा लिम्बू बाहेक 'अरू जातिलाई आमन्त्रण गरिएन भन्ने गुनासो गुरू फाल्गुनन्दकै चेला अनुयायी किरात राईहरूबाट आएको' (तुम्बापो र नेम्बाङ, १०४) हुनाले अर्को परिपुरक मुचुल्का निर्माण गरिएको देखिन्छ।

१९८८ मार्ग २४ मा सम्पन्न दोस्रो चुम्लुङ सम्पन्न भयो। सो चुम्लुङले यस अघि बैसाक २४ गते गरेको मुचुल्काका सबै बुँदाहरूलाई समर्थन गरेको छ। त्यहाँ लेखिएको छ 'गये बैसाक २४ गते ४ मा पैला चुम्लुङ भै लेखाएका माथि दफाको थिती बन्दोवस्तमा मंजुर छौं' भन्ने भाषा परेको छ। यो मुचुल्का अघिल्लो मुचुल्काको परिपुरक मुचुल्काको रूपमा देखिन्छ।

### चार बुँदामा थप सुधार

यस मुचुल्कामा चारवटा बुँदामा 'थप सुधार' भनेर लेखिएको छ। सुधार गरिएको बुँदामा पहिलो बुँदामा '१० वर्ष नाघेको वा ननाघे पनि कर्म चलेको ९ दिन वारी १० दिनमा काज क्रिया गर्ने, १० वर्ष मुनी ४ वर्ष उभो ३ दिन तहाँदेखि उधोकोलाई १' दिनमा काजक्रिया गर्ने उल्लेख छ। दोस्रो बुँदामा चुम्लुङमा सहभागी चोकमागु निवासी मनरोती लिम्बुनीले 'बेहुली मैतालु पुऱ्याउन जाँदा रू. लिने गरेकोले के हुन्छ नखाने भन्ने थिति हवस्' भन्ने प्रस्तावलाई पास गरेको छ। मुचुल्कामा 'बेउली मैतालु पुऱ्याउन जानेहरू दुःख सास्ती दस्तुर लिने दिने नगर्ने' भन्ने उल्लेख गएिको छ।

तेस्रो बुँदामा श्रीमानले 'साइमुन्द्री रित' नतिरी श्रीमतीले जारी गरी गए र बिवाह खर्च लिएमा पूर्व श्रीमतीको निधन भए जुठो बार्नु पर्ने उल्लेख छ। चौथो बुँदामा धान नाच धानको थन्क्याउदा मंसिर महिनामा मात्र नाच्नु पर्नेमा वर्षै भरी चौरमा तरूनी तन्नेरी भेट भएर ४०/५० नाच्ने भइ घिनलाग्दो भएकोले 'हिले सो धान ननाच्नु नाच्न नदिनु बन्द गर्ने' उल्लेख गरेको छ। त्यसबेला पान्थरका विभिन्न खलहरूमा भेला भएर बाह्रै महिना धान नाच्ने चलन शुरू भएको रहेछ। यहाँ झरी बादलका महिनामा धान नाच बन्द गर्ने उल्लेख छ।

### ९२ जनाको नाम उल्लेख

परिपुरक मुचुल्कामा ९२ जनाको नाम समावेश छ। सहभागीहरू याङरूप, पान्थर, चारखोला, फेदाप, छथर सुदाप, मिक्लुक र आठराईको सुब्बा र सर्वसाधारणको नाम उल्लेख छ। जसमा १९८८ बैसाक २४ गते उपस्थित केही व्यक्ति समेत छन्। दोहरिनेमा कृपालाल राई, लालिखर्क पाँचथर, सुब्बा सेरबहादुर लिम्बू लगायतका रहेका छन्।

१९८८ मंसिर २४ को परिपुरक मुचुल्कामा सात जना राई समुदायबाट प्रतिनिधित्व रहेको छ। सहभागीहरूमा निम्न अनुसार रहेका छन् : पान्थर नावाखोलाको रवि पटी कुरूम्बा बस्ने बजिरमान राई साधु १, ऐ.ऐ. बस्ने चन्द्रधोज राई साधु १, ऐ.ऐ. बस्ने मचिन्दास साधु १, ऐ. हाङगुम बस्ने सिद्धिदल राई १, ऐ सिक्तेम्बा साधु रामचरन देशी राई १, थुम मिक्लुक पहाडको यांसिदे बस्ने साधु देवनन्ददील साधु १, कृपालाल किरावा राई लालीखर्क १, । (तुम्बापो र फेजङ, ४३०)

यो मुचुल्कामा 'याक्थुङ' जाति भन्ने शब्द परेका छ। साथै केही सहभागीको थर उल्लेख छ। थर उल्लेख भएकोमा आठराई थुमबाट सहभागी ५ जनाको थर 'आङभाङ' उल्लेख छ। यसैगरी सुबा सेरबहादुरको थरमा 'लौती' उल्लेख छ। यसैगरी ९ जना सहभागीको थर तुम्बापो, २ जनाको नेम्बाङ, ३ जनाले आङदेम्बे, ४ जनाले तुम्बाङफे उल्लेख गराएका छन्। यसैक्रममा छथरका हामरजुङ बस्ने

ज्ञानबहादुर साँवा, चारखोला खान्द्रुङका भगिमान येक्तेनले थर उल्लेख गराएका छन् । यो परिपुरक मुचुल्कामा याङरूप थुमका जीतवहादुर थुपोको नाम सिरानमा उल्लेख छ । सम्भवत यो पटकको मुचुल्का लेखन उनले गरेको हुनु पर्छ ।

यी माथिका थरहरूको हेर्दा 'आङभाङ' अपभ्रंस भएर 'आङबुहाङ', 'लौती' अपभ्रंस भएर 'लाओती' भएको देखिन्छ । यसैगरी 'तुम्बाङफे' अपभ्रंस भएर 'तुम्बाहाङफे' भएको देखिन्छ ।

## महागुरुले गराउन भएको थियो थुप्रै मुचुल्का

महागुरू फाल्गुनन्दको पहलमा उठाइएको 'सत्यधर्म मुचुल्का'का चर्चित छ । यसै मुचुल्का निर्माण गरी समाज सुधारको प्रयास गरेकाले वहाँलाई राज्यले समाज सुधारकको रूपमा राष्ट्रिय विभूतिको सम्मान गरेको छ । महागुरू फाल्गुनन्द पल्टने जीवन पश्चात पान्थरको लब्रे र सिलौटीमा विताउन भयो । त्यहाँ वहाँले धेरै मुचुल्काहरू गराउनु भएको छ ।

रमेश तुम्बपो र मनकुमार फेजङले 'निस्से हाङमा महागुरू फल्गुनन्दको जीवनी' मा महागुरू फाल्गुनन्दको जीवनमा बनाएको थुप्रै मुचुल्काहरू संकलन गरिएको छ । ती मध्ये 'नाम्भुनयक सिलौटी माङहिमको भूमिदान मुचुल्का' (४३६), 'थिति बन्देजको मुचुल्का', 'गौशाला सम्बन्धी थिति बन्देजको मुचुल्का', 'क्षेत्रगत कार्य विभाजनको मुचुल्का' (५२४) आदि मुख्य छन्।

'नाम्भुनयक सिलौटी माङहिमको भूमिदान मुचुल्का' वि.सं. १९९५ साल श्रावण २३ मा उठाइएको थियो । सो मुचुल्कामा सिलौटी माङहिमलाई १० जना भूमिदाताहरूले जग्गा चढाएको व्यहोरा उल्लेख छ । उक्त मुचुल्का 'शुद्ध किपट जग्गा' 'तपस्वी गुरू फल्गुनन्द महात्मा लिङ्देनलाई' दिएको उल्लेख छ । सो जग्गा 'हाम्रो ज्यू र छोरा नाति दर सन्तानतक् खोसमास नगर्ने' भनिएको छ (तुम्बापो र नेम्बाङ, ४३८) ।

वि.सं. २००४ साल अश्विन ५ मा 'साङसेनधामको पुजारी नियुक्तिको मुचुलका' उठाइएको थियो । सो मुचुल्कामा मौजा माक्लुम्बा बस्ने चन्द्रबहादुर लिम्बूलाई वि.सं. २००४ अश्विन ५ गते १ बार देखि चन्द्र, सुर्जे पृथ्वी रहुञ्जेल पुजारी नियुक्ति गरिएको छ । सो मुचुल्कामा १० लिम्बू भक्तजनहरूले उठाएको भेटी समेत हस्तान्तरण गरिएको उल्लेख छ ।

'क्षेत्रगत कार्य विभाजनको मुचुल्का' मा महागुरूका पालामा बनेका विभिन्न माङहिमहरूलाई संरक्षण र व्यवस्थापन गर्न कार्य विभाजन गरिएको छ । सो मुचुल्कामा काबेली मन्दिर, सिलौटी मन्दिर, फालेलुङ धरते गौशाला, सिक्रे गौशाला पान्थर र याङरूप थुमको जिम्मा परेको थियो । चारखोला चुक्चिनाम्बा मन्दिर, जीतपुर सानोटारको मन्दिर चारखोलाले थाम्नु भन्ने लेखिएको छ । यसैगरी आठराई निगुरादेनको मन्दिर, कुम्भकर्ण धर्मशाला, हिमालय चौरी गौशाला आठराई र फेदाप थुपले थाम्नु भनी मुचुल्का उठाइएको छ (२२६) ।

यी मुचुल्काहरू हेर्दा महागुरूको पालामा भूमि चढाइको, सेवासावा नियुक्ति गरिएको, काम बाँडफाँड आदिमा मुचुल्का उठाएको देखिन्छ ।

## टुंग्याउनी

महागुरूले आफ्नो चेलाहरूको मागलाई सम्बोधन गर्ने क्रममा १९८८ मसिरमा एक परिपुरक मुचुल्का निर्माण गरिएको थियो । जसले १९८८ बैसाक २४ मा गरेको निर्णयहरूलाई समर्थन गर्दै चार बुँदामा थप सुधार गरेको थियो । महागुरू फाल्गुनन्दका पालामा उठाइएका मुचुल्का धेरैजसो मुचुल्काहरू कुनै चुम्लुङ वा भेलाको निर्णयहरूको लिखतको रूपमा रहेका छन् । कतिपय मुचुल्काहरू घरायसी कागज गरेको जस्तो शैलीको पनि देखिन्छ । वहाँले हरेका निर्णयहरूको दस्तावेज राख्ने प्रयास गर्नुभएको देखिन्छ ।

**सन्दर्भ सामग्री**

तुम्बापो, रमेश र फेजङ, मन कुमार (२०७९) । निस्सेहाङमा महागुरू फाल्गुनन्दको जीवनी । दमक : रमेश तुम्बापो र मन कुमार फेजङ ।



लुङमेन्दिङ नोनिङ्वा

किरात धर्म दर्शनदाता, महान समाज सुधारक, राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरू फाल्गुनन्द लिङदेनज्यूको १४१ औं जन्मजयन्तीको पावन अवसरमा सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति र समृद्धिको

लुङ्मेन्दिङ नोनिङ्वा

सुकबहादुर सावादेन

हिमसामा : फेम्बु विष्णुमाया सावादेन

एंव स परिवार

माङसेबुङ -५, तेङगोबुङ, इलाम



# चुक्चिनाम्बा : सरकारी योजनामा समेटिएर पनि विकास नभएको ठाउँ

**किरात धर्मावलम्बीले फाल्गुनन्द मार्गको माङमालुङबाट चुक्चिनाम्बासम्म पुग्ने सडक हप्तौं श्रमदान गरी निर्माण गरेका हुन्**



धनबहादुर फागो

## परिचय

नेपालको पूर्वी भेगमा प्राकृतिक सुन्दरताले भरिपूर्ण, भौगोलिक, सांस्कृतिक, जातीय, धार्मिक तथा भौगोलिक विविधता भएको जिल्ला हो इलाम । यस जिल्लालाई राज्य पुनर्संरचना गरी १० वटा स्थानीय तहमा विभाजन गरिएको छ । ती तहमध्ये चार वटा नगरपालिका र छ वटा गाउँपालिका रहेका छन् । छ वटा गाउँपालिकामध्ये इलामको पश्चिम-दक्षिणमा अवस्थित गाउँपालिका हो, माङसेबुङ गाउँपालिका ।

छ वटा वडामा विभाजित यस गाउँपालिका भाषिक, सांस्कृतिक, प्राकृतिक र धार्मिक रुपले धनी छ । भौगिलिक रुपमा चुरे र महाभारत श्रृङ्खला रहेको यहाँको तल्लो भेगमा गर्मी र माथिल्लो भेगमा जाडो हुन्छ । त्यसैले यहाँ जैविक विविधता पनि छ । १४२.४१ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको माङसेबुङ गाउँपालिका समुन्द्र सतहबाट ५१.५ मिटरदेखि देखि २०२० मिटरसम्मको उचाईमा फैलिएको छ ।

यस गाउँपालिकाको नाम किरात लिम्बू भाषामा राखिएको छ । किरात लिम्बू भाषामा 'माङ' भनेको ईश्वर, 'से' भनेको रोजेको र 'बुङ' भन्नाले स्थान भन्ने बुझिन्छ । अर्थात्, ईश्वरले राजेको स्थल भन्ने अर्थमा माङसेबुङ नामाकरण गरिएको हो । यस गाउँपालिका नाम जस्तै विभिन्न धार्मिकस्थलहरुले भरिपूर्ण छ । त्यस्तै, धर्मगुरूहरुको जन्मस्थल पनि यही गाउँपालिकाभित्र रहेका छन् ।

माङसेबुङ गाउँपालिकामा किरात धर्मावलम्बीहरुको केन्द्रीय स्थल माङसेबुङ, पूर्वकै चर्चित धाम गजुरमुखीधाम, चुक्चिनाम्बा, सेन्दिपेसाप माङहिम, विराटज्योति माङहाङ मन्दिर, माङमालुङ, थालाचेप्पा, नाक्वालुङ, फुलुङ्गी, अन्धाराजा अन्धारानी जस्ता धार्मिकस्थल रहेका छन् । यस्तै, यसै क्षेत्रमा राष्ट्रिय विभूति, किरात धर्मका दर्शनदाता मुहिङगुम अङसीमाङ महागुरु फाल्गुनन्द लिङ्देन, ज्योतिनन्द गुरु, सचितानन्द गुरु (विद्यापति), किरात धर्मगुरु आत्मानन्द लिङ्देनको जन्मस्थान रहेका छन् । पञ्चायती शासन विरूद्ध लड्दा शहीद भएका रत्नकुमार बान्तावाले सहादत्त प्राप्त गरेको स्थान इभाङ माङसेबुङ गाउँपालिकामा नै पर्दछ । यहाँ घोर्लेभीर, गिद्धेभीर, चमेरे गुफालगायत प्राकृतिक सम्पदाहरु पनि रहेका छन् ।

## चुक्चिनाम्बा नाम र यस ठाउँको महत्व

चुक्चिनाम्बा माङसेबुङ गाउँपालिका वडा नं. २ मा पर्दछ । चुक्चिनाम्बा नाम किरात लिम्बू भाषाबाट राखिएको हो । उहिले उहिले यस क्षेत्रमा सउरको रूख बाक्लो थियो । सउर फुल्दा वास्ना चल्ने गर्दथ्यो । सउरको फूलको वास्ना चल्ने भएकाले यस ठाउँलाई सउरको वास्ना चल्ने ठाउँ 'चुक्चिरे कुनाम' भनी यहाँका बासिन्दाले भन्दथे । यसैबाट चुक्चिनाम्बा भएको जानकारहरु बताउँछन् । किरात लिम्बू भाषामा सउर वृक्षलाई चिक्चोर र वास्नालाई कुनाम वा नाम्बा भनिन्छ ।

चुक्चिनाम्बाको डाँडागाउँमा राष्ट्रिय विभूति महागुरू फाल्गुनन्द लिङ्देनको जन्मस्थल, गैरीगाउँमा उहाँको जीवन कालमा निर्माण भएको दोस्रो माङहिम 'किरात सेन्दिपेसाप माङहिम' र चुक्चिनाम्बा पुछार अगौटेबारीमा किरात धर्मगुरू आत्मानन्द लिङ्देनको जन्मस्थान भएकाले यस ठाउँको ऐतिहासिक महत्व रहेको छ । यस ठाउँमा विश्वका विभिन्न स्थानमा रहेका किरात धर्मावलम्बीहरु माङहिम दर्शन, महागुरू र धर्मगुरूको जन्मस्थानमा श्रद्धा प्रकट गर्न र अवलोकन गर्न आउने गर्दछन् ।

## को हुन् महागुरु फाल्गुनन्द लिङ्देन ?

राष्ट्रिय विभूति, किरात धर्मका दर्शनदाता महागुरू फाल्गुनन्द लिङ्देनको जन्म वि.सं. १९४२ कात्तिक २५ गते चुक्चिनाम्बा, डाँडागाउँमा भएको हो । महागुरू फाल्गुनन्दबारे दिलीप जबेगुले किरात धर्म दोस्रो अन्तर्राष्ट्रिय महासम्मेलन स्मृतिग्रन्थ-२०६७ (२०७१, पृ. ४१८) को 'मुहिङगुम अङसीमाङ फाल्गुनन्द लिङ्देनको संक्षिप्त जीवनी' शीर्षक लेखमा उल्लेख गर्नुभएको छ । जगुनबाज लिङ्देन र हंसमति बेघाका साइँला छोरा फाल्गुनन्दले करिब आठ वर्षको उमेरमा देउमाई नगरपालिका-९, खत्रक्पामा युमामाङको दर्शन र ज्ञान प्राप्त गर्नुभएको थियो ।

वि.सं. १९६४ सालमा अंग्रेजको गोर्खा फौजमा भर्ना हुनुभएका फाल्गुनन्दले दोस्रो विश्व युद्धसमेत लड्नुभएको थियो । सैनिक जीवनमा रहँदा उहाँले युद्धको कहालीलाग्दो दृश्य देखेपछि करिब ८ वर्ष सैनिक जीवन बिताएर हवल्दार पदबाट स्वेच्छिक अवकाश लिनुभएको थियो । त्यसपछि आफ्नो जीवन धार्मिक तथा सामाजिक काममा समर्पण गर्नुभएको थियो ।



महागुरू फाल्गुनन्दले मौखिक रुपमा रहँदै आएको किरात साम्जीक मुन्धुमको लेख्य परम्परामा शुरू गर्नुभएको हो । यस्तै, उहाँले कर्मसंस्कार, रीतिरिवाजमा भएका त्रुटिहरु सच्याउनुपर्छ भनी पाँचथरको फिदिम नगरपालिका- ५, चोकमागुस्थित लब्रेकुटीमा तात्कालीन १० लिम्बुवान १७ थुमका गन्यमान्य तथा बुद्धिजीवीहरुको भेला गराई सात बुँदे निर्णय गराउनु भएको थियो ।

त्यसै निर्णयलाई 'सत्य धर्म मुचुल्का' भनी नाम दिइएको किरात धर्म दोस्रो अन्तर्राष्ट्रिय महासम्मेलन स्मृतिग्रन्थ-२०६७ (२०७१, पृ. ४६९) को 'सत्यधर्म मुचुल्का : किरात समाज सुधारको लिखित दस्तावेज' नामक लेखमा डकेन्द्रसिंह थेगिमले उल्लेख गर्नुभएको छ । सत्यधर्म मुचुल्कामा महिलालाई पुरूष सरह अधिकार, शिक्षा दिनुपर्ने, आफ्नै भाषा र लिपिमा शिक्षा लिनुपर्ने कुरालाई जोड दिइएको छ । महागुरू फाल्गुनन्दले मुन्धुमको लेख्य परम्पराको शुरूवात तथा समाज सुधारका लागि पुऱ्याएको योगदानको कदर गर्दै नेपाल सरकारले २०६६ मंसिर १६ गते राष्ट्रिय विभूति घोषणा गरेको थियो ।

## चुक्चिनाम्बाको वर्तमान अवस्था

नेपाल सरकारको आर्थिक वर्ष २०७५/०७६ को बजेट वक्तव्यको बुँदा नं. ११४ मा नेपालको पर्यटन प्रवर्द्धनका लागि नयाँ गन्तव्य पहिचान तथा विकास गर्ने उल्लेख छ । सोही अनुसार नेपाल सरकारले पर्यटन प्रवर्द्धन र विकासका लागि एक सय गन्तव्यको सूची सार्वजनिक गरेको थियो । तीमध्ये केहीलाई 'स्थापित तथा प्रवर्द्धन गरिनुपर्ने गन्तव्यहरु' र केहीलाई 'नयाँ तथा विकास गरिनुपर्ने गन्तव्यहरु' भनी छुट्याइएको छ । नयाँ तथा विकास गरिनुपर्ने गन्तव्यहरुमा 'गुरू फाल्गुनन्द सर्किट' राखिएको छ । गुरू फाल्गुनन्द सर्किटमा पाँचथरको लब्रेकुटी, इलामको चुक्चिनाम्बा, गजुरमुखीधाम र लारूम्बा समावेश छन् ।

सरकारले पर्यटकीय गन्तव्यको सूचीमा राखेको करिब सात वर्ष बितिसक्दा पनि चुक्चिनाम्बाको डाँडागाउँमा अहिलेसम्म कुनै भौतिक पूर्वाधार निर्माण भएको छैन । महागुरू जन्मिएको ठाउँको जग्गा व्यक्तिको स्वामित्वमा छ । त्यहाँ खेतीपाती गर्दै आइएको छ । त्यस जग्गालाई सामुदायिक बनाउन सरकारले कुनै पहल गरेको छैन । महागुरूको दर्शनलाई प्रचार-प्रसार र सम्वर्द्धन गर्दै आएका धार्मिक र सामाजिक संस्थाहरु किरात धर्म तथा साहित्य उत्थान संघ र किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा समितिले प्रयास गर्दै आए पनि सफल हुन सकेका छैनन् (केहेरसिं योङहाङसँगको कुराकानी आधारमा) । यस्तै, उक्त जग्गा संस्थागत बनाउन किरात धर्मगुरू आत्मानन्द लिङ्देनले पनि प्रयास गरिरहनुभएको छ । तर, जग्गाधनीले जग्गा बिक्री गर्न नमानेकाले महागुरूको जन्मस्थलको संरक्षण तथा सम्वर्द्धन गर्न समस्या भएको छ (डकेन्द्रसिंह थेगिमसँग कुराकानीको आधारमा) ।

महागुरूको जन्मस्थल नजिक महागुरू मूल घरबाट छुट्टिए बसेको ठाउँ लेछेबुङ, उहाँको जीवनकालमा निर्माण भएको दोस्रो माङहिम र धर्मगुरू आत्मानन्द लिङ्देनको जन्मस्थल रहेका छन् । यी क्षेत्रलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न पनि सरकारको दृष्टि पुगेको छैन । सरकारले पर्यटकीय नयाँ गन्तव्य घोषणा गरे पनि यस क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण गर्न अहिलेसम्म बजेट विनियोजन भएको छैन । यस क्षेत्रमा अहिलेसम्म जे जति पूर्वाधार निर्माण भएका छन्, ती सबै किरात धर्मावलम्बी भक्तजनहरुको भेटीबाट भएका हुन् ( स्थानीय अम्बर लिङ्देनसँगको कुराकानीमा आधारित) ।

यस क्षेत्रमा सवारीसाधन आउने सडकको ट्र्याक शुरूमा किरात धर्मावलम्बी भक्तजनहरुले श्रमदान गरेर निर्माण गरेका थिए । उनीहरुले फाल्गुनन्द मार्गको माङमालुङबाट चुक्चिनाम्बासम्म पुग्ने सडक हप्तौं श्रमदान गरी निर्माण गरेका हुन् (केहेरसिं योङहाङसँगको कुराकानीमा आधारित) । पछि सरकारले यही सडकको स्तरोन्नति गरेको थियो । माङमालुङ, चुक्चिनाम्बा, अगौटेबारी, तोभाङ हुँदै गजुरमुखी जोड्ने सडकका लागि संघीय सरकारले करिब आठ करोड रुपैयाँ विनियोजन गरेको थियो । उक्त बजेटले अगौटेबारीसम्म सडक स्तरोन्नति भएको छ । अहिले उक्त सडक निर्माणको जिम्मा संघीय सरकारले प्रदेश सरकारलाई दिएको छ । तर, बजेट अभावका कारण निर्माण कार्य अघि बढ्न सकेको छैन (माङसेबुङ गाउँपालिका अध्यक्ष हेमन्त राईसँगको कुराकानीमा आधारित) ।

यस्तै, चुक्चिनाम्बा सेन्दिपेसाप माङहिम रेखदेख र मर्मतसम्भार स्थानीय र किरात धर्मावलम्बी भक्तजनहरुबाट हुँदै आएको छ । त्यस क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्र बनाउन पूर्वाधार निर्माण आवश्यक छ । जसका लागि आवश्यक जग्गासमेत भक्तजनहरुको भेटीबाट खरिद भइरसकेको छ ।






महागुरू फाल्गुनन्दको पालामा निर्माण भएको माङहिम २०४५ सालको भूकम्पले क्षति पुऱ्याएपछि त्यसयता काम चलाउ निर्माण गरी पूजाआजा गरिँदै आएको छ। माङहिम पुनः निर्माण, धर्मशाला, पूजारीघर आदि आवश्यक पूर्वाधार निर्माण गर्न जरूरी छ।

चुक्चिनाम्बालाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न किरात धर्मगुरू आत्मानन्द लिङ्देन र धर्मगुरूआमा पवित्रहाङमा साँबा लिङ्देन लागिपर्नुभएको छ । महागुरू जन्मस्थल, महागुरूको जीवनकालमा निर्माण भएको माङहिम, महागुरू परिवारबाट पहिलो पटक छुट्टिएर बसेको स्थान लेछेबुङ र धर्मगुरूको जन्मस्थलमा निजी गुरूआश्रमको लगानीमा पूर्वाधार निर्माणको काम भएरहेको छ । यी चारै स्थानलाई जोड्ने सडक, ती क्षेत्रमा आवश्यक जग्गा खरिद, पूर्वाधार निर्माण लगायतको काम चरिहरेको छ (केहेरसिं योङहाङसँगको कुराकानीमा आधारित)।

## धार्मिक पर्यटनको सम्भावना

चुक्चिनाम्बालाई धार्मिक पर्यटकीय क्षेत्रका रुपमा विकास गर्ने सम्भावना छ । माङसेबुङ गाउँपालिका वडा नं. ५ मा रहेको किरात धर्मावलम्बीहरुको केन्द्रीय माङहिम किरात हाङसाम मुजोत्लुङ माङहिममा वर्षमा तीन पटक सामूहिक सेवा/पूजा र किरात धर्मगुरूको प्रवचन हुँदै आएको छ। उक्त सेवा/पूजामा सामेल हुन र धर्मगुरूको प्रवचन श्रवण गर्न देश तथा विदेशबाट हजारौं भक्तजन आउने गर्दछन्। यस्तै, यसै क्षेत्रमा रहेको निजी गुरूआश्रममा रहँदै आउनुभएका धर्मगुरूसँग दर्शनभेट गर्न पनि भक्तजनहरु आउने गर्दछन्। महागुरू फाल्गुनन्दले ज्ञान प्राप्त गरेको स्थान देउमाई नगरपालिका वडा नं. ९ र माई नगरपालिका वडा नं. १ मा रहेको खत्रक्पा र माङसेबुङ गाउँपालिका वडा नं. ३ मा रहेको फुलुङ्गी पनि नजिकै रहेका छन्। यस क्षेत्रमा बर्सेनि माघ १ गते धार्मिक मेला लाग्ने गर्दछ। मेलामा हजारौं भक्तजनहरु आउने गरेका छन्।

माङसेबुङ, निजी गुरूआश्रम, खत्रक्पा र फुलुङ्गीमा आएका धार्मिक पर्यटकहरुलाई महागुरू फाल्गुनन्दको जन्मस्थल, त्यसको नजिकै रहेको धर्मगुरू आत्मानन्दको जन्मस्थलसम्म पुऱ्याउन सके चुक्चिनाम्बामा धार्मिक पर्यटकहरुको आवागन बढाउन सकिन्छ । यसका लागि माङसेबुङमा केन्द्रीय कार्यालय रहेको किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा नामक संस्थाले 'माङसेबुङ सर्किट'को अवधारणा ल्याई त्यसलाई विकास गर्न नेपाल सरकारसँग माग गरेको थियो। तर, त्यसको अहिलेसम्म कुनै सुनावाई भएको छैन (नन्दकुमार नेम्बाङसँगको कुराकानीमा आधारित)। माङसेबुङ सर्किटमा माङसेबुङ, खत्रक्पा, फुलुङ्गी, अगौटेबारी, चुक्चिनाम्बा, उत्तरे र माई नगरपालिकाको मैनाचुली र हाङसाम वरकलाई समेटिएको छ। सडक राम्रो भए यी क्षेत्र एकै दिनमा घुम्न सकिन्छ । साथै, माङसेबुङ र गुरूआश्रममा आउने धार्मिक पर्यटकहरुलाई ती क्षेत्रसम्म पुऱ्याउन सके धार्मिक पर्यटनको प्रवर्द्धन हुने देखिन्छ।

यसरी नै चुक्चिनाम्बाट नजिकै जैविक विविधता रहेको धार्मिक क्षेत्र माङमालुङ छ । पूर्वको चर्चित धाम गजुरमुखी पनि नजिकै छ। त्यस क्षेत्रमा आउने पर्यटकहरुलाई पनि चुक्चिनाम्बासम्म पुग्ने वातावरण बनाउन सकिन्छ। शहीद रत्नकुमार बान्तवा सहादतस्थल र घोर्लेभीर पनि चुक्चिनाम्बो नजिकै रहेका छन् । ती क्षेत्रलाई पर्यटकीय स्थल बनाए त्यहाँबाट नजिकै रहेको चुक्चिनाम्बालाई पनि पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सहज हुने देखिन्छ।

यस क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने सम्भावना रहे पनि यहाँसम्म पुग्ने सडक राम्रो छैन। यहाँ पुग्न झापाको दमक हुँदै आउने फाल्गुनन्द सडक र झापाकै बिर्तामोड, इलामको माई नगरपालिका हुँदै माङसेबुङसम्म आउने आत्मानन्द सडक (प्रस्तावित नाम) आउने सडक छन्। यी दुवै सडकबाट हिउँद याममा कष्ट गरेर पुग्न सकिए पनि वर्षा याममा पुग्न गाह्रो छ । सडक कच्ची, बीचबीचमा खोला भएकाले वर्षा यामको यात्रा जोखिमपूर्ण हुन्छ । त्यसैले यस क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सरकारले

यहाँसम्म पुग्ने सडकमा पर्ने खोलामा पुल, सडक कालोपत्रे गर्नुपर्ने स्थानीयहरुको माग रहेको छ (स्थानीय अम्बर लिङ्देनसँगको कुराकानीमा आधारित)।

## निष्कर्ष

चुक्चिनाम्बा धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्व बोकेको ठाउँ हो। चुक्चिनाम्बालाई धार्मिक पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न सबैभन्दा पहिले महागुरूको जन्मस्थानलाई व्यक्तिको स्वामित्वबाट सार्वजनिक सम्पत्ति बनाउनु आवश्यक छ । जसका लागि स्थानीय, प्रदेश र संघीय सरकारको पहलकदमी आवश्यक देखिन्छ । जन्मस्थललाई समुदाय मातहत ल्याएपछि त्यहाँ भौतिक पूर्वाधार निर्माण गर्ने बाटो खुल्छ। भौतिक संरचना निर्माण गर्नुअघि त्यहाँको संस्कृति, परम्परा, वास्तुकलाको अध्ययन हुन जरूरी छ। यस्तै, त्यहाँको ऐतिहासिक तथा पुरातात्विक अध्ययन गर्नु जरूरी छ । ती भौतिक संरचनामा ती कुराहरु झल्किनु आवश्यक छ।

## सन्दर्भ साम्रगी


केदेम, ज्ञानु र अरू (२०८१), माङसेबुङ दर्पण। इलाम। माङसेबुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय (माङसेबुङ पब्लिकेशन एण्ड मिडिया प्रालि र किरात इङभो पान्जुम्भो)।

चेम्जोङ, इमानसिंह (मूल सम्पादक), (२०६७), लिम्बू-नेपाली-अङ्ग्रेजी शब्दकोश, कमलादी, काठमाडौं, नेपाल प्रज्ञा-प्रतिष्ठान।

जबेगु, दिलीप (२०७१), किरात धर्म दोस्रो अन्तराष्ट्रिय महासम्मेलन स्मृतिग्रन्थ, मुहिङगुम अङसीमाङ फाल्गुनन्द लिङ्देनको संक्षिप्त जीवनी। दमक, झापा। किरात धर्म दोस्रो अन्तराष्ट्रिय महासम्मेलन स्मृतिग्रन्थ प्रकाशन उपसमिति।

थेगिम, डकेन्द्रसिंह (२०७१), किरात धर्म दोस्रो अन्तराष्ट्रिय महासम्मेलन स्मृतिग्रन्थ, सत्यधर्म मुचुल्का : किरात समाज सुधारको लिखित दस्तावेज । दमक, झापा । किरात धर्म दोस्रो अन्तराष्ट्रिय महासम्मेलन स्मृतिग्रन्थ प्रकाशन उपसमिति।

माङसेबुङ गाउँपालिकामा अवस्थित प्रमुख धार्मिक स्थलहरु (२०८०), माङसेबुङ, इलाम। किरात मल्टिमिडिया प्रा.लि.

पराजुली, कृष्णप्रसाद (सम्पा.), (२०५८), नेपाली बृहत् शब्दकोश, कमलादी, काठमाडौं, नेपाल प्रज्ञा-प्रतिष्ठान

यी हुन् एक सय वटा नयाँ पर्यटकीय गन्तव्य (सूचीसहित) (कात्तिक १५, २०७५)
https://deshsanchar.com/2018/11/01/115718/

कुराकानी

केहेरसिं योङहाङ, अध्यक्ष, किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा (२०८२ जेठ १ गते गरेको कुराकानी)

डकेन्द्रसिंह थेगिम, अध्यक्ष, किरात धर्म तथा साहित्य उत्थान संघ (२०८२ जेठ ४ गते गरेको कुराकानी)

हेमन्त राई, अध्यक्ष, माङसेबुङ गाउँपालिका (२०८२ जेठ ३ गते गरेको कुराकानी)

नन्दकुमार नेम्बाङ, पूर्वसचिव, किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा (२०८२ वैशाख ३१ गते गरेको कुराकानी)

अम्बर लिङ्देन, अध्यक्ष, किरात सेन्दिपेसाप माङहिम सञ्चालक समिति, माङसेबुङ-१, चुक्चिनाम्बा (२०८२ वैशाख २९ गते गरेको कुराकानी)


**तस्बीर : किरात समाचारबाट**




लुङमेन्दिङ नोनिङ्वा

किरात धर्म दर्शनदाता, महान समाज सुधारक, राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरू फाल्गुनन्द लिङदेनज्यूको १४१ औं जन्मजयन्तीको पावन अवसरमा सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति र समृद्धिको

लुङ्मेन्धिङ नोनिङ्वा

किरात साम्यो हाङसाम मुजोत्लुङ माङहिम

किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा

केन्द्रीय समिति, माङसेबुङ, इलाम

| कूलबहादुर लाओती<br>कोषाध्यक्ष | शक्तिकुमार साँबा<br>महासचिव | केहेरसिं योङहाङ<br>अध्यक्ष |
|---|---|---|

# महागुरू फाल्गुनन्द साक्षात माङ हुन्

## महागुरु फाल्गुन्दज्यूले राख्नु भएको देवशिलाहरु जंगलभित्र त्यसै रहेछन लेच्छेबुङमा



रमेश तुम्बापो

इलाम जिल्ला साविक इभाङ-५, हाल माङसेबुङ गा.पा.-२, अवस्थित चुक्चीनाम्बा (डाँडागाउँ) मा वि.स. १९४२ कार्तिक २५ गते आईतबारका रात्री ९.४५ बजेको समयमा पिता अंशुवन्त (जगुनबाज) र माता हंशमती बेघाको कोखबाट साइला सुपूत्रको रूपमा जन्मनु भएको महागुरू फाल्गुनन्दको बारेमा सहकर्मी मनकुमार फेजोङसँग सत्यतथ्य खोज अनुसन्धान गर्ने शिलसिलामा महागुरूको प्रत्यक्ष दर्शन गर्न पाउने परम भक्त शिष्य र तिनका परिवारहरूसँग गरिएको कुराकानीलाई यहाँ जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ।

एक पटक जोसमुनि सम्प्रदायको एउटा समूह आएर यो माङहिमलाई झण्डै झ्याम्पल लगाएर भत्काएको पनि रहेछ। तर त्यस दिन महागुरू पनि आउनु भएको रहेछ। महागुरूले माङहिम भत्काउन आउने जोसमनि सम्प्रदायको समूहलाई भन्नु भयो रे-लु त कसरी भत्काउँदो रहेछौ म पनि त हेरूँ, भन्नु भएपछि झ्याम्पलसँगै चुपचाप उम्दा उम्दा गरेर भत्काउँन नसकि त्यसै फर्केर गएका थिए रे हाम्रो बाजे देउनन्दले भन्नु हुन्थ्यो।

महागुरू फाल्गुनन्दलाई कहिल्यै पनि नराम्रो पाप नसोच्नु। सत्य साँचो राम्रो मात्र सोच्नु, मनमा सोचेको कुरा सबै थाहा पाउँनु हुन्छ भनेर हामीलाई अर्ति उपदेश दिनु हुन्थ्यो हाम्रो बाजेले। एकदिन बाजेको कुरा नपत्याएर, चतुरमान राई नाम गरेको मान्छेले मनमनै के गऱ्यो कुन्नि महागुरूले थाहा पाएर ए..चतुर भनि थाहा पाउदैन भनेर मनपरी भन्दैछस भन्नु हुँदै महागुरूले धकेल्नु पनि भएछ। साँचिच्कै छेछेति माङ हुनु हुन्थ्यो रे महागुरू।

यसरी फर्कन्दै गर्दा अचानक २ जना महिला दिदी बहिनीहरूसँग हाम्रो जम्काभेट भयो उनीहरू अतालिए। हाम्रो निधारमा खलखली बगिरहेका पसिनालाई पुच्दै लेच्छेबुङ भन्ने बारी (ठाउँ) कहाँ पर्छ बहिनीहरूलाई थाहा छ भनि सोध्यौं। हाम्रै प्रश्नको जवाफ दिन भन्दा पनि पहिला ती दिदीबहिनीहरूले अतालिएको मानसिकतामा प्रति प्रश्न गरे, दाईहरू कहाँबाट आउनु भएको भनेर। हामी पान्थर फिदिमबाट महागुरू फाल्गुनन्द एक्लै बस्नु भएको लेच्छेबुङ बारी हेर्न आएको तर चिनाई दिने कोही नपाएर यसरी जंगल चाहार्दै छौं तपाईहरूलाई थाहा छ भन्यौं ? तर, पनि जवाफ आएनन्। ती दुई जना बहिनीहरूबाट केवल हि.....हि....हि.. दाईहरू हामी त आज हाम्रो गाउँमा प्रहरी आउने भएकोले यहाँ लुकेर बसेको तपाईहरूलाई अघिनै देखेका हौं तर, प्रहरीहरू आएको भन्दानी चुपचाप लुकेर बसेको भन्ने जवाफ मात्र आयो।

उनीहरूले दाइहरू धेरै टाढाबाट आउनु भएको रहेछ लेच्छेबुङ यो पारीको थुम्कानै हुनुपर्छ। त्यहाँ देवशिलाहरू पनि रहेका छन्। हामीलाई पनि प्रस्ट थाहा भएन भने। यसपछि हामी पुनः लहरा बुट्यानहरूमा झुण्डिन्दै उकालो चढ्यौं र लेच्छेबुङ बारीमा पुग्यौं। महागुरू फाल्गुन्दज्यूले राख्नु भएको देवशिलाहरू जंगलभित्र त्यसै रहेछन लेच्छेबुङमा। अत्यन्त विकट स्थानमा पर्दोरहेछ, त्यहाँबाट जति कराए पनि कहीं कसैले सुन्ने छैन्।

महागुरूको काका काकीहरूले त्यस्तो विकट ठाउँमा एक्लै गएर बस कसरी भन्नु भएको होला महागरूलाई ? हाम्रो मनभित्र अनेक प्रश्नहरू उब्जिन्दै गए। महागुरूले खोप्नु भएको ढुङ्गे ओखललाई वरिपरि खोज्यौं तर, पाउँन सकेनौं। मध्यान्नको २ बजे तिर चतुरेमा खाएको चाउचाउ, चिउराले पनि बिदा दियो हामीलाई। तसर्थ झोलाबाट थप चिउरा झिकेर पानीसँग लेच्छेबुङ्को ढुङ्गामाथि बसेर खाएर खेतै खेत उकालो लाग्यौं। बाटोमा एउटा माङनिसा फर्फराई रहेको घर भेटियो। घरकै छेउमा उभिरहेका २/३ जना युवा युवतीहरूको समूहले कौतुहल्ता साथ हामीलाई हेरिरहेका थिए।

हामीले समूह नजिक पुगेर परिचय दियौं। त्यहाँ बसेर हरिचन्द्र योङहाङ र उहाँको पिता दलबहादुर योङहाङसँग महागुरू फाल्गुनन्द केन्द्रीत वार्तालाप गरेर महागुरूको जन्म थलो हेर्न उकालो चढ्यौं। जन्मथलोको माटो एक-एक मुठी टिपेर पोका पारेर झोलामा लगाएको दृश्य देखेर त्यहाँका मानिसहरूले आश्चर्य मान्दै हेरिरहे हामीलाई। तर, दुःखद कुरा महागुरूको जन्मभूमिलाई वहाँकै कुल



वंशले बेची राखेर बसाइँ गएका रहेछन्। त्यहाँबाट अझै उकालो लाग्यौं महागुरूले रोप्नु भएको नास्पातिको बोट हेर्नुलाई तर, नास्पातिको बोट केही वर्ष अगाडिनै ढालेर मकिसकेको जराहरू मात्र भेट्यौं हामीले।

त्यसैलाई पनि महागुरूको प्रतीक मानेर पोको पार्दै झोलामा लगायौं। र त्यहाँबाट एक डिल माथि चढ्दा महागुरू फाल्गुनन्दले सबै भन्दा पहिले बनाउन चाहानु भएको माङहिमको अवशेष भएको ठाउँमा पुग्यौं। आधा गारो पूरा भएर भत्किएको ढुङ्गाहरूको थुप्रो देखेर माङहिम बन्न नसक्नुको कारणबारे स्थानीय दलबहादुर योङहाङलाई केही कुराहरू सोध्यौं।

माङहरू पनि मानेन् अरे, मान्छेहरू पनि मानेन् अरे भन्ने हामी छोटो जवाफ पायौं। तर, यतिले मात्र हाम्रो जिज्ञासा मेटिएन। हामी पुनः पानी उर्मानु भएको मूल हेर्न उकालो लाग्यौं। स्थानीय समाजले उक्त पानीको मुललाई सामान्य ढंगले संरक्षण गरेको रहेछ। परिचय खुल्ने साइन बोर्ड पनि राखेको रहेछ। झमक्क साँझ पर्न लागेकोले बुद्धवीर इधिङ्गोको घर तर्फ लाग्यौं। हाम्रो बास त्यहीं भएकोले दलबहादुर योङहाङसँग छुटियौं।

भोलिपल्ट २०७४ फागुन ५ गते स्थानीय मित्रहरूसँग ढेङग्री डाँडाको जंगल चार्हायौं। महागुरू फाल्गुनन्दको माङहिम बनाउने इच्छा पूरा नभएको ठाउँ ढेङ्गे डाँडाको पान्थर पाटामा ठूलो टारसम्म फैलिएको छ। यहीनै महागुरूले माङहिम बनाउनु चाहानु भएको ठाउँ भनेर हामीलाई स्थानीय बासीहरूले देखाए। उक्त टारबाट केही तल झर्दा एउटा पानी मूल भेटिन्छ, यहीनै हो तपतपे पानी महागुरू फाल्गुनन्दले उर्मानु भएको भनेर हामीलाई स्थानीयहरूले चिनायो। त्यसपछि पान्थर इलामको सीमावर्ति बजार चिसोपानी पञ्चमी पुगेर इन्द्र लाओतीसँग हाम्रो भेट भयो। उहाँले बजारको केही पर भक्तबहादुर राईको घरसम्म पुर्‍याएर कतै सेवामा लाग्नु भयो। हामी भक्तबहादुरसँग महागुरू फाल्गुनन्दको बारेमा कुराकानी गरेर सिद्धिहाङमा राईको माङहिम हेर्न बाँझो गाउँतर्फ लाग्यौं।

केही परसम्म तेर्स्रै तेर्स्रो गएपछि करेङ करेङ छड्के लागेर पुन तेर्स्रै लाग्दा सिद्धिहाङमाको माङहिम भेट्यौं। ठूलठूला लामो-लामो ढुङ्गाहरूले पुल थापेर माङहिमको प्रवेशद्वार बनाइएको रहेछ। एउटै ढुङ्गा माथि एकै पटकमा ३/४ जना बस्न मिल्ने पत्रे ढुङ्गा माथि बस्ने ठाउँहरू माङहिम वरिपरि बनाइएको रहेछ।

माङहिमको प्वालबाट माङहिमको भित्री भाग हेर्दा रानी चाँपका फुलहरूले कलशहरू सजाईएको थियो भने बत्तिहरू धिपधिप बलि रहेका थिए। माङहिम बाहिर मार्वल बोर्डमा देउनन्दको छोरी सिद्धिहाङमाको नाममा १९८४ सालमा महागुरू फाल्गुनन्दको आज्ञामा स्थापित भएको हो भनेर लेखिएको थियो।

देउनन्द महागुरूकालीन भाते मुद्दाको लागि प्रमुख नाम भएकोले तत् सम्बन्धि परिवार स्रोतसँग बुझ्ने उद्देश्यले अझ परसम्म जाँदा एउटा घर भेटियो। वास्तवमा यिनै घर रहेछ देउनन्द राईको छोरा नातिहरूको घर। ऐतिहासिक व्यक्तित्व देउनन्द परिवारसँग रमाइलो भेटमा छोटो परिचय पश्चात महागुरू फाल्गुनन्दको विषय केन्द्रीत कुराकानी सुरू गर्‍यौ। मैले महागुरू फाल्गुनन्दको विषयमा प्रश्नहरू क्रमश सोध्दै गए देउनन्दको परिवारले जवाफ दिँदै गए।

प्रश्न - यो माङहिम बनाउनुको पछाडि कुनै कारण छ कि ?

देउनन्द परिवारले पालैपालोसँग भने - हाम्री फुपूसासु सिद्धिहाङमा राईको चित्रेका रूपाबुङ राईसँग विवाह भएको रहेछ। उनका सासु ससुराहरूले जर्बजस्ती मासु खान लगाएपछि सिद्धिहाङमा फुपू बौलाउन थाले छ। त्यति बेलासम्म हाम्रै बाजेहरू (देउनन्द) सबै जोसमनि सम्प्रदायमा थिएछन्। सबै सबैले केही गर्दा पनि फुपू निको हुनु भएनछ, बरू आफै बक्न थाल्नु भएछ। त्यसरी बक्दा मलाई उपचार गर्ने मान्छे फाल्गुनन्द भन्ने गुरू हुनुहुन्छ उसले उपचार गर्‍यो भने म निको हुन्छु नत्र हुँदिन भन्दै बक्नु भएछ।

त्यसो भएपछि देउनन्द बाजेले फाल्गुनन्द गुरूलाई ल्याउनु भएछ र सिद्धिहाङमा फुपूको उपचार गर्नु हुँदा च्वाटै निको हुनु भएछ। अनि स्वंयम फाल्गन्द गुरूलेनै चारैसुर ढुङगा गाडेर

यति भित्रमा माङहिम बनाएर पूजापाठ गर्नु त्यसो गर्दा सुव्यफाव्य पनि हुन्छ भन्नु भएको हुनाले त्यो माङहिम वि.स. १९८४ सालमा बनेको हो।

वि.स २०२५ सालमा यो माङहिमको दाँयाबाँया दुवै तर्फबाट पहिरो बग्यो तर, यो माङहिम र हाम्रो पुरानो मुलघरलाई भने जोगाई राख्यो। फाल्गुनन्द गुरू सत्यनै हुनु हुँदोरहेछ। यसो बुझ्दा आफ्नी छोरी सिद्धिहाङमा नबौंलाएको भए त हाम्रो बाजे पनि जोसमुनिनै हुनुहुन्थ्यो होला। तर, छोरी बौलाएपछि महागुरू फाल्गुनन्दको परम भक्त शिष्य पनि बन्नु भयो।

एक पटक जोसमुनि सम्प्रदायको एउटा समूह आएर यो माङहिमलाई झण्डै झ्याम्पल लगाएर भत्काएको पनि रहेछ। तर त्यस दिन महागुरू पनि आउनु भएको रहेछ। महागुरूले माङहिम भत्काउन आउने जोसमनि सम्प्रदायको समूहलाई भन्नु भयो रे- लु त कसरी भत्काउँदो रहेछौं म पनि त हेरूँ, भन्नु भएपछि झ्याम्पलसँगै चुपचाप उम्दा उम्दा गरेर भत्काउँन नसकि त्यसै फर्केर गएका थिए रे हाम्रो बाजे देउनन्दले भन्नु हुन्थ्यो। महागुरू फाल्गुनन्दलाई कहिल्यै पनि नराम्रो पाप नसोच्नु। सत्य साँचो राम्रो मात्र सोच्नु, मनमा सोचेको कुरा सबै थाहा पाउँनु हुन्छ भनेर हामीलाई अर्ति उपदेश दिनु हुन्थ्यो हाम्रो बाजेले। एकदिन बाजेको कुरा नपत्याएर, चतुरमान राई नाम गरेको मान्छेले मनमनै के गऱ्यो कुन्नि महागुरूले थाहा पाएर ए..चतुर भनि थाहा पाउदैन भनेर मनपरी भन्दैछस भन्नु हुँदै महागुरूले धकेल्नु पनि भएछ। साँचिच्कै छेछेति माङ हुनु हुन्थ्यो रे महागुरू।

प्रश्न- तपाईहरूको बाजे बोजुले भगवाननै हो भनेर विश्वास गर्नु भएको महागुरू फाल्गुनन्दलाई तपाईहरू आफैले चाहीं कतिको विश्वास गर्नु हुन्छ नी?

देउनन्द परिवार- हामीले फाल्गुनन्द गुरूलाई प्रत्यक्ष नदेखेतापनि उहाँप्रति अटल श्रद्धा विश्वास गर्छौं। उहाँ साक्षत भगवान हुन, स्वरूप मात्र मान्छे हुनु हुन्थ्यो। उहाँको आशीर्वादले आज देउनन्दको परिवारमा कुनै किसिमको दुःख, अभाव गरीबी छैन्। खान लगाउन मनग्य पुऱ्याई दिनु भएको छ। भ्याएसम्म उनै फाल्गुनन्दको सेवा पूजा गर्दछौं।

प्रश्न- एकपटक मन्दिर सार्ने प्रयास पनि गर्नु भएको थियो अरेनी?

देउनन्द परिवार- हो वि.स २०४९ साल तिरको कुरा हो। पंञ्चमी बजारमै बस्ने भइसकेकोले उतै माङहिम बनाएर माङ सामग्रीहरूलाई पनि उतै नयाँ माङहिम बनाएर सार्ने (गर्न नहुने काम गर्यो) तर, माङ सार्ने हुँदा हुनुसम्म हुने दुर्घटनाहरू भयो। त्यसपछि हेर्नेहरूले माङ सामग्रीहरू पुरानै माङहिममा ल्याएनौं भने तिमीहरू सकिन्छौ भन्ने जोखना सुनाएपछि, पुनः पुरानै माङहिममा माङ बाजागाजा सहित माङ सामग्रीहरू ल्यायौं अनि मात्र हाम्रो परिवारमा मर्नेक्रम रोकियो नी।

देउनन्द परिवारसँग यदि कुराकानी भएपछि, साविक कुरूम्बा-४, निवासी धनहाङ लाओतीसँग भेट गर्ने विचारले उहाँको घरतर्फ ओरालो लाग्यौ तर, धनहाङसँग भेट हुन सकेन हाम्रो। हामी त्यहाँबाट मुक्तुरामा महागुरू फल्गुनन्दलाई प्रत्यक्ष देखी जान्ने २ जना वृद्धहरू छन् भन्ने कुरा थाहा पाएर मुक्तुरा तर्फ उकालो लाग्यौं। बाटोको दायाँबायाँ रहेको घरहरूमा पुगेर सोधनी गऱ्यौ ती बृद्धहरूको बारेमा। तर, एक जना ८८ वर्षिय बृद्ध चाहीं चिसोका कारण तराईमा झर्नु भएकोले हाम्रो भेट हुन सकेनन्। अझ थोरै माथि चढेपछि शिवदास रूपाबुङ नाम गरेका बृद्धसँग हाम्रो रमाइलो भेट भयो। उहाँको हातमा फूलेभेटी चढाएर ३ पटक माङसेवा गरेपछि फाल्गुनन्द केन्द्रीत सम्वाद सुरू गऱ्यौं।

प्रश्न- गुरू तपाईको जन्म?

शिवदास - मेरो जन्म वि.स. १९८७ साल पौष १३ गते भएको हो।

प्रश्न- तपाईलाई महागुरू फाल्गुनन्को बारेमा केही कुरा थाहा छ भन्ने कुरा सुनेर आएको हौं हामीलाई भन्न सक्नु हुन्छ?

शिवदास- जुम्ल्याहा हात जोड्दै, आम्मै नी फाल्गुनन्द गुरू त शिव अवतार पो हुनु हुन्थ्यो त छेछेत्ती मनका कुरा जान्ने, देखने। वि.स १९९२ सालमा



ढेङग्रीडाँडाको पान्थर पाटामा माङहिम बनाउँने भनेर तप्तपे पानी उमार्नु भएको बाटो माथि अझै त्यसै छ। तप्तपे पानीमा त्रिसुल, चिम्टा गाड्नु भएको थियो। यहींका शंकरदास दुखुन राई (भोटागेवाला) ले कुवा सफा गरेर त्रिसुल त्यही गाडेको थियो।

खोई कस्ले कता हाल्यो हिजो आज देखिन्दैन। त्यहीं तप्तपे पानीको शिर माथि पनि पानी उमार्ने विचार गर्नु भएको थियो गुरूले तर, कुरूम्बाको लाओती सुब्बाहरूले माङहिम बनाउन दिएन। त्यसो र तप्तपेको शिरमा पानी पनि उमार्नु भएनन्। माङहिम पनि बनेन। तप्तपे पानीको शिरमा पानी उमार्ने ठाउँ हेर्नु भएको मेरै आँखाले देखेको।

प्रश्न- महागुरूले माङहिम चाहीं ठीक कुन ठाउँमा बनाउनु लाग्नु भएको थियो नी?

शिवदास- तप्तपे पानी मूलको सिधै माथि ठूलो टार छ हौ त्यहाँ। काठपात च्यादर ल्याएर सराहरूले थिचेर राख्नु भएको मेरै आँखाले देखेको।

प्रश्न- लाओतीहरूले किन माङहिम बनाउन नदिएको होला?

शिवदास- जग्गा चाहीं दिन्छौं, तर मन्दिर बनाउन चाहीं दिदैनौ भन्यो। फाल्गुनन्द गुरूले घर बनाउन, गाईबस्तु राख्ने गोठ बनाउन जग्गा माग्नु भएकै होइन् खास माङहिम बनाउँन भनेर जग्गा माग्नु भएको हो। सायद, यो साँधुलाई यहाँ माङहिम बनाउन दिईयो भने जाँड, रक्सी, मासु खान दिंदैन भन्ने सोचेर नदिएको होला। यदि फाल्गुनन्दलाई त्यहाँ माङहिम बनाउन दिएको भए अब त ठूलो शहर बनि सक्ने थियो होला। त्यो कुरा लाओतीहरूले बुझेनन्।

प्रश्न- लाओतीहरूले महागुरूलाई जग्गा दिए वापत महागुरूबाट रूपैयाँ रक्सी, मासु पनि लिएर खायो भन्ने चर्चा छ नी?

शिवदास- त्यो त थाहा छैन। त्यसैबेला सुब्बाको बानी व्यवहोरा हेर्दा नखाई त के दिन्थ्यो होला र।

प्रश्न - महागुरूलाई माङहिम बनाउन नदिनेहरूको नाम थाहा छ?

शिवदास - थाहा छ नि, किन छैनन्।

प्रश्न - माङहिम बनाउन नपाउँदा महागुरूलाई कस्तो लाग्यो होला?

शिवदाश - नराम्रै सराप दिनु भएको छ फाल्गुनन्द गुरूले।

प्रश्न - तपाईले देख्दा महागुरू फाल्गुनन्द कस्तो हुन हुन्थ्यो?

शिवदास - अम्मै हो, विहान केटाकेटी जस्तो उनको अनुहारको मासु मुलायम देखिन्ने स्वर पनि केटाकेटीकै जस्तो, मध्यान्नमा जवानीको रूप झरझर बल्ने, स्वर पनि उस्तै तिखो सुरिलो। साँझ पर्दै गएपछि अनुहारमा चाउरी परेको देखिन्थ्यो स्वर पनि बुढाबुढीको जस्तो हुने गलामा कण्ठा, कानमा विलविली लगाउनु हुन्थ्यो।

प्रश्न - महागुरू फाल्गुनन्द को हुन, के हुन जस्तो लाग्छ?

शिवदास - पक्कै शिव अवतार भगवान जस्तो लाग्छ। म जोसमनि भएपनि सधैं फाल्गुनन्द गुरूलाई सम्झिन्छु। म वाल्यकालमै टुहुरा भएकोले जहींतहीं डुली हिड्थे, सधैं भोक तिर्खा लाग्थ्यो। दुनियाँको लातवात पनि खाए होला। एक दिन त्यै ढेङग्रेडाँडामा फाल्गुनन्दले झोलीबाट सितली मिठाई झिकेर दिनु भएको थियो, त्यो मिठाई खाएपछि सधैं जस्तो भोक लाग्न छोड्यो, सधैं जस्तो डुलिहिड्न पनि मन लाग्न छोड्यो। त्यो सम्झेर आजपनि आश्चर्य लाग्छ।

शिवदास गुरूसँग यतिसम्म वार्ता गरेपछि हुलाक देउराली निवासी सतनन्द गुरूलाई भेट्ने उद्देश्यले हामी त्यस तर्फ लाग्यौं। तर, बाटैमा सतनन्द गुरू घरमा नभएको जानकारी पाइयो। उहाँ स्वास्थ्य उपचारको लागि फिदिमस्थित छोरीज्वाई कहाँ जानुभएको रहेछ। तसर्थ रबि वजारमा पुगेर त्यस दिन बास बसियो।




लुङमेन्दिङ नोनिङ्वा

किरात धर्म दर्शनदाता, महान समाज सुधारक, राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरू फाल्गुनन्द लिङदेनज्यूको १४१ औं जन्मजयन्तीको पावन अवसरमा सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति र समृद्धिको

लुङ्मेन्दिङ नोनिङ्वा

**चैतन्यप्रकाश केदेम**
**छोरा : सिक्कुमहाङ केदेम**
**छोरी : सन्जु केदेम**
**एंव स परिवार**
**कमल -५, झापा**



# माङसेबुङ : धार्मिक पर्यटकीय तीर्थस्थल सम्भावना र चुनौती

**सरकारले पर्यटकीय गन्तव्यको सूचीमा राखेको सात वर्ष वितिसक्दा पनि माङसेबुङमा अहिलेसम्म पर्यटन प्रवर्द्धनका लागि कुनै भौतिक पूर्वाधार निर्माण भएको छैन**



ज्ञानु केदेम लिम्बू

## पृष्ठभुमि

नेपालको सुदूरपूर्वको जिल्ला इलामको दक्षिण-पश्चिमी भागमा अवस्थित माङसेबुङ गाउँपालिका राज्य पुनः संरचनाको क्रममा इलाम जिल्लाका साबिक बाँझो, इभाङ र गजुरमुखी गाउँ विकास क्षेत्र समेटेर २०७३ साल फागुन २७ गते गठन भएको हो । ६ वटा वडा रहेको यो गाउँपालिका भाषिक, सांस्कृतिक, प्राकृतिक र धार्मिक रूपमा धनी हुनुका साथै प्राकृतिक रूपमा समेत मनोरम रहेको छ।

यस गाउँपालिकामा धार्मिक पर्यटकीय तीर्थस्थलहरू विश्व मानव जगतको आस्थाको केन्द्रको रुपमा विकसित माङसेबुङ (लारुम्बा), राष्ट्रिय विभूति तथा महागुरु फाल्गुनन्द र किरात धर्मगुरु सेइङ लिङदेन आत्मानन्दको जन्मस्थल चुक्चिनाम्बा (अगौटे), पूर्वकै प्रसिद्ध धाम गजुरमुखी रहेका छन् । भने, विराट ज्योति माङहिम, माङमाङलुङ, नावालुङ, खरानेथुम्का, तीनथुम्की डाँडा, ढेंगुरे डाँडा, अन्धाराजा अन्धारानी, ज्ञान भूमि गुफाडाँडा फुलुङगी, चमेरे गुफा, पाङबुहाङ गुफा ( कुसुण्डे), छाँगे झरना, अँधेरी झरना, ज्ञानभूमि तपोभूमि खत्रप्पा, घोर्लेभीर जस्ता पर्यटकीय तीर्थस्थलहरू समेत रहेका छन्।

माङसेबुङ किरात लिम्बू भाषामा राखिएको नाम हो । किरात लिम्बू भाषामा माङ भन्नाले देवी देवता, से भन्नाले चुनेको⁄छनोट गरेको र बुङ भन्नाले बासस्थान भन्ने बुझिन्छ । तसर्थ, किरात लिम्बू भाषाबाट देवी देवताको बासस्थान भएको स्थल वा क्षेत्रलाई नै माङसेबुङ भनिन्छ। किनकि, यसै क्षेत्रमा किरात धर्मदर्शनदाता, समाज सुधारक तथा राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द लिङ्देन, किरात धर्मगुरु मुहिङगुम अङसीमाङ लिङदेन आत्मानन्द सेइङ, मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङदेन, ज्योतिनन्द गुरु, सचितानन्द गुरु (विद्यानन्द गुरु) लगायतका गुरुहरूको जन्म भएकोले यस स्थानको नाम माङसेबुङ रहन गएको हो।

## माङसेबुङबारे पूर्व चर्चा

माङसेबुङ धार्मिक, ऐतिहासिक र प्राकृतिक दृष्टिले विशिष्ट पहिचान बनेको क्षेत्र हो । किरात धर्मावलम्बीहरूको केन्द्रीय धार्मिकस्थल हो। यहाँ किरात धर्मगुरू मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङ तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङदेनहरूको कर्मस्थल पनि रहनुले यसको महिमा बढ्दै गएको हो। यस पुण्यभूमिको महत्व र सम्भावनाबारे विभिन्न लेखकहरुले खोज अनुसन्धान गरेर आफ्ना कृति, पत्रपत्रिका तथा अनलाइन मिडियामार्फत प्रस्तुत गरेका छन्। यस्तो खोज अनुसन्धानमूलक सामग्रीहरूले माङसेबुङको महत्व अझ चुल्याएको छ।

किरात धर्मगुरु मुहिङगुम अङसीमाङ आत्मानन्द लिङ्देन 'सेइङ' तथा मुहिङगुम अङसीमामाङ पवित्रहाङमा साँबा लिङ्देनज्यूहरूको स्थायी बसोबास हुन थालेपछि माङसेबुङको प्रचार र विकास सुरू भएको लेखक आङबुहाङ अबोध अविरलले 'किरात धर्म दोस्रो अन्तर्राष्ट्रिय महासम्मेलन स्मृतिग्रन्थ' (२०६७) मा उल्लेख गर्नुभएको छ। नगरोन्मुख शहर माङसेबुङ, इलामको माङसेबुङ गाउँपालिका वडा नं. ३ र ५ मा अवस्थित छ । माङसेबुङमा किरात धर्मगुरु मुहिङगुम अङसीमाङ आत्मानन्द लिङ्देन सेइङ तथा मुहिङगुम अङसीमामाङ पवित्रहाङमा साँबा लिङ्देनज्यूहरू वि. सं. २०३५ सालदेखि स्थायी बसोबास गर्दै आउनुभएको छ (आङबुहाङ, स्मृति ग्रन्थ २०६७) (पृ. ५८९)।

माङसेबुङ क्षेत्र किरात धर्मावलम्बीहरूको तीर्थस्थल हुन अगाडि मान्द्रेडाँडा भनेर चिनिन्थ्यो भनेर यसको ऐतिहासिकता र अध्यात्मिक महत्वबारे 'माङसेबुङ संक्षिप्त परिचय' (२०६८) मा वर्णन गरिएको छ । संसारभर रहेका किरात धर्मावलम्बीहरुको मुजोत्लुङ (केन्द्रीय) माङहिम र किरात साम्जीक मुन्धुम अध्ययन् अध्यापन हुने निसामहिम पनि माङसेबुङमै रहेको छ । यसैगरी किरात धर्मावलम्बीहरूको एकमात्र आस्थाको केन्द्र



'माङसेबुङ' को नामबाट नै गाउँपालिकाको नामाकरण समेत गरिएको हो। (माङसेबुङ दर्पण, २०८१, पृ. ३-४)।

करिब साढे चार दशक अघि दुर्गम र अविकसित क्षेत्रको रुपमा रहेको मान्द्रे डाँडा छेउ लारूम्बामा किरात धर्मगुरु स्थायी बसोबास गर्नुभएपछि त्यहाँ विकासका पूर्वाधार सुरु भयो। यसरी माङहिम, निसामहिम निर्माण गरी माङसेबुङ डाँडालाई सम्याउने कार्य शुरु भयो। किरात धार्मिक कार्यक्रमहरू सेवा सोही ठाउँमा आयोजना हुन थाले। जसका कारण संसारभरका किरात धर्मावलम्बीहरुको आवतजावत हुन थालेपछि माङसेबुङको चर्चा पनि चलिँदै गएको हो (माङसेबुङ मासिक, २०७४, पृ. ३-४)। यिनै पूर्व कार्यहरूका आधारमा धार्मिक पर्यटकीय तीर्थस्थल माङसेबुङको ऐतिहासिक महत्व, अहिलेको अबस्था, पर्यटन प्रवर्द्धनको सम्भावना र चुनौतीका विषयमा यो लेखन केन्द्रीत रहेको छ।

## ऐतिहासिक पृष्ठभूमि र नामाकरण

धार्मिक पर्यटकीय तीर्थस्थल माङसेबुङ नेपालको सुदूर पूर्व जिल्ला इलामको दक्षिण-पश्चिमी क्षेत्रमा अवस्थित छ। माङसेबुङ, किरात लिम्बू भाषामा राखिएको नाम हो। किरात लिम्बू भाषामा 'माङ' भन्नाले देवी देवता, 'से' भन्नाले चुनेको वा छनोट गरेको र 'बुङ' भन्नाले बासस्थान, स्थल वा ठाउँ भन्ने बुझिन्छ। तसर्थ, किरात लिम्बू भाषाबाट देवी देवताको बासस्थान भएको स्थल वा ठाउँ भन्ने अर्थमा माङसेबुङ नामाकरण गरिएको हो। अर्थात 'माङसेबुङ' भन्नाले माङ (ईश्वर) ले रोजेको पवित्र स्थल भन्ने बुझिन्छ।

धार्मिक तीर्थस्थल र शाकाहारी शहरको पहिचान बोकेको इलामको माङसेबुङ किरात धर्मावलम्बीको आस्थाको केन्द्रस्थल हो। नगरोन्मुख शहर माङसेबुङ, इलामको माङसेबुङ गाउँपालिका वडा नं. ३ र ५ मा अवस्थित छ। माङसेबुङमा किरात धर्मगुरु मुहिङगुम अङसीमाङ आत्मानन्द लिङ्देन 'सेइङ' तथा मुहिङगुम अङसीमामाङ पवित्रहाङमा साँबा लिङ्देनज्यूहरू वि. सं. २०३५ सालदेखि स्थायी बसोबास गर्दै आउनुभएको छ।

संसारभर रहेका किरात धर्मावलम्बीहरुको मुजोत्लुङ (केन्द्रीय) माङहिम र किरात साम्जीक मुन्धुम अध्ययन् अध्यापन हुने निसामहिम पनि माङसेबुङमै रहेको छ। यसैगरी किरात धर्मावलम्बीहरूको एकमात्र आस्थाको केन्द्र 'माङसेबुङ' को नामबाट नै गाउँपालिकाको नामाकरण समेत गरिएको हो। तत्कालीन मान्द्रे डाँडाको शिर मान्द्रे थुम्की समुन्द्र सतहबाट करिब ९ सय ५० मिटर उचाँइमा रहेको छ। यो थुम्कीको विशेषता बेगल छ। यहाँ करिब साढे चार दशक अघि दुर्गम, अनकन्टार डाँडा मात्र रहेको थियो। वि. स. २०३४/३५ साल अघिसम्म विकट र अनकन्टार जंगलले ढाकेको, वारिपारी पातलो वस्ती मात्र रहेको सो थुम्कीको शिरमा रहेको पोखरीको छेउमा देवस्थल रहेको थियो ( केहेरसिं योङहाङसँग कुराकानीमा आधारित)।

तत्कालिन समयताका गाउँलेले गाई वस्तु चराउँने, घाँस दाउरा गर्ने थुम्कीमा पानी पर्ने, घाम लाग्ने संकेतको रूपमा नौमति बाजा, ढोल, झ्याम्टा बज्ने र तोप आदि पड्केको आवाज आउने गर्थ्यो (केहेरसिं योङहाङसँग कुराकानी)। माङसेबुङ धार्मिकस्थलको रुपमा स्थापित हुन पूर्वको नाम मान्द्रे डाँडा हो। तत्कालिन अबस्थामा पनि सो स्थानको विशिष्ट अध्यात्मिक महत्व थियो।

मान्द्रे डाँडाको विशिष्ट अध्यात्मिक विशिष्टतालाई त्यहाँ सिकार गर्न गएका सिकारीहरुले सबैभन्दा पहिले अनुभूति गरेका थियो (केहेरसिं योङहाङसँग कुराकानी)। स्थानीयवासी तथा किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा समितिका अध्यक्ष केहेरसिं योङहाङका अनुसार उक्त थुम्कीमा सिकार गर्न जाँदा केहीं न केहीं पशुपंक्षी भेटिने तर केही गर्दा पनि सिकार मार्न नसकिने हुन्थ्यो। त्यहाँ केही दैवी शक्ति रहेकोले सिकार गर्न नसकिने उनीहरुले अनुभव पाएका थिए।

## माङले रोजेको ठाउँ माङसेबुङ

किरात धर्मगुरू मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङ तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देनले पुर्खौली थलो इलामको माङसेबुङ गाउँपालिका २, साविक इभाङ चुक्चिनाम्वा छाड्नु भएपछि आश्रम निर्माणका लागि ताप्लेजुङको कावेली, पान्थरको रबी, फुङसेङ, नवमीडाँडा, इलाम बाँझोको नवमी, मानपुर, झापाको दमक छनोट गर्नुभएको थियो।

तर, सो स्थानहरुमा स्थायी बसोबासका लागि गुरुआश्रम निर्माण हुन सकेन। अन्त्यमा वहाँहरू स्थायी वसोवास गर्न बाँझो आदिपुर लारूम्बामा पुग्नुभयो। वहाँहरू लारूम्बामा बसोबास गरेर माङसेबुङको सामाजिक, धार्मिक, सांस्कृतिक र भौतिक विकासमा अहोरात्र लागिपर्नुभयो। परिणामस्वरुप माङसेबुङ किरात धर्मावलम्बीहरुको आस्थाको

केन्द्र बनेको छ । माङसेबुङको पूर्वी मोहडामा लारूम्बा गाउँ रहेको छ । लारूम्बामा वि.सं. २०३५ मा किरात धर्मगुरुको निजी आश्रम निर्माण गरिएको थियो ।

त्यसपछि धर्मगुरुको दर्शनभेट, मुन्धुम अध्ययन र गुरु नुमाङगेन्नाका लागि प्रत्येक साल भक्तजन आउने-जाने क्रम बढ्दै गयो । यसैक्रममा वि.सं. २०५० को दशकमा आइपुग्दा गुरु माङगेन्नामा सहभागी हुन ठूलो संख्यामा भक्तजन उपस्थित हुन थाले । त्यसपछि माङहिम र फराकिलो कार्यक्रम स्थल निर्माणका निम्ति धर्मगुरुले मान्द्रेडाँडालाई रोज्नुभयो । वि.सं. २०४९ मा किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवाको पहलमा मान्द्रेडाँडामा जग्गा खरिद गरियो (केहेरसि योङहाङसँग कुराकानीमा आधारित) ।

सो स्थानमा वि.सं. २०५० कात्तिक २५ गते मुहिङगुम अङसीमाङ फाल्गुनन्द लिङ्देनको १०९ औं जन्मजयन्तीको अवसरमा किरात धर्मगुरु मुहिङगुम अङसीमाङ आत्मानन्द लिङ्देन 'सेइङ' तथा मुहिङगुम अङसीमामाङ पवित्रहाङमा साँबा लिङ्देनले विश्व शान्ति तथा मानव एकताका लागि महावत्ती र अखण्ड धुनी प्रज्वलन गरेर किरात केन्द्रीय माङहिम 'किरात हाङसाम मुजोत्लुङ माङहिम' को उद्घाटन गर्नुभएको थियो ।

यसरी मान्द्रेडाँडामा माङहिम स्थापनापछि सो स्थानको नाम किरात मुन्धुमी भाषामा नामाकरण भयो, माङसेबुङ । त्यसपछि माङसेबुङलाई किरात धर्मावलम्बीको केन्द्रीय धार्मिकस्थलको रुपमा श्रद्धा गर्न थालिएको छ । सुरूका दिनहरुमा माङहिम अवस्थित मान्द्रेडाँडालाई मात्र माङसेबुङको रुपमा चिनिन्थ्यो । त्यसताका माङसेबुङको पारी इभाङसम्म पनि माङसेबुङ अपरिचित थियो ।

तर, समयसँगै माङसेबुङको चर्चा हुँदै जाँदा यसको क्षेत्र पनि विस्तार भएर गएको छ । मानिसको बसोबास र भौतिक संरचना बढ्दै गएपछि साविक बाँफोको ८ र ९ वडामा फैलिएको माङसेबुङलाई देश संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेसँगै राज्य पुनः संरचना हुने शिलसिलामा इलाममा १० वटा स्थानीय संरचना बनाउँदा माङसेबुङ गाउँपालिका पनि बन्न सफल भएको छ । साविक बाँफो, इभाङ र गजुरमुखि गा.वि.स.लाई समायोजन गरी माङसेबुङ बनाइएकोले यसको क्षेत्र बृहत बनेर विस्तार भएको हो ।

## मुन्धुम शिक्षा र भाषिक लडाइँ

किरात साम्जीक मुन्धुम पढाई हुने विश्वमा एकमात्र निसामहिम, किरात साम्जिक मुन्धुम निसामहिम २०४१ सालमा गुरू निजी आश्रमबाट सुरू गरिएको थियो । मुन्धुम पठनपाठनका लागि ५६ सालमा किरात साम्जिक मुन्धुम निसामहिमको औपचारिक उद्‌घाटन गरेर किरात मुन्धुमको संरक्षण र विकास गर्दै किरात माङसेवासाबा उत्पादन गर्न किरात धर्म दर्शन, भाषा, लिपि, साहित्य, संस्कार संस्कृति र मुन्धुम पढाउदै आएको छ ( आङबुहाङ, सरस्वता, स्मृति ग्रन्थ, २०६७ पृ. ५९८–६०६) ।

यहाँको शैक्षिक तह हेक्सीङ, युक्सीङ, चम्सीङ, थाङसीङ पहिलो र दोस्रो वर्ष निर्धारण गरिएको छ (ललितचन्द्र फियाकसँग कुराकानीमा आधारित) । यसरी नै वि.स. २०७१ सालमा किरात भाषा साहित्य, मुन्धुम र खस भाषा (औपचारिक शिक्षा) पढाई हुने किरात साम्जिक मुन्धुम युक्सिङ निसामहिम समेत स्थापना गरी शिक्षा दिक्षा दिइदै आएको छ ।

किरात साम्जीक मुन्धुम निसामहिमले २०५६ सालदेखि किरात मुन्धुमको संरक्षण र विकास गर्दै किरात माङसेवासाबा उत्पादन गर्न किरात धर्म दर्शन, भाषा, लिपि, साहित्य, संस्कार संस्कृति र मुन्धुम पढाउँदै आएको छ । त्यसैगरी भालुटारमा अवस्थित श्री सरस्वती माध्यमिक विद्यालयमा साधारण शिक्षा तर्फ कक्षा १२ सम्म पठनपाठन हुँदै आइरहेको छ । भने, २०७७ सालयता प्राविधिक शिक्षा अर्न्तगत वाली विज्ञान समेत पढाई हुँदै आएको छ (माङसेबुङ मासिक २०७७ पृ. ३४) । सोही विद्यालयमा कक्षा ११, १२ मा किरात लिम्बू भाषा समेत पठनपाठन भइरहेको छ । त्यसैगरी श्री



फाल्गुनन्द सेकेण्डरी बोर्डिङ स्कूल, श्री पवित्र प्रा. वि., लक्ष्मी इङन बोर्डिङ स्कूलहरूमा पनि किरात लिम्बू भाषाको पढाई हुँदै आएको छ।

उच्च शिक्षाको लागि सरस्वती मा. विको भवनमा नै सञ्चालन गर्ने भनि लिङ्देन आत्मानन्द सेइङ बहुमुखी क्याम्पस प्रस्तावित रूपमा रहेको छ। भाषा साहित्यको संरक्षण सम्बर्द्धनमा अग्रणी भूमिकामा रहन्दै आएको माङसेबुङ गाउँपालिका वडा नं. ५, मा अवस्थित धार्मिकस्थल माङसेबुङमा किरात लिपि र किरात लिम्बू भाषालाई सरकारी कामकाजी भाषाको रूपमा लागू गरिएको छ। वि.स. २०७५ साल मंसिर १३ गते औपचारिक घोषणा गरेर किरात लिपि र किरात लिम्बू भाषालाई सरकारी कामकाजी भाषा लागू गरिएको हो ( माङसेबुङ मासिक, २०७५, चैत पृ. ३-४)।

लिम्बू समुदायको बाहुल्यता रहेको यस वडामा स्थानीय भाषाको सम्मान गर्दै किरात लिम्बू भाषालाई सरकारी कामकाजको भाषा घोषणा गरेको हो। यहाँ करिब ६० प्रतिशत लिम्बू र ४० प्रतिशत अन्य जातिको बसोबास रहेको छ। त्यसैगरी वि.स. २०८२ साल भदौ ४ गतेदेखि माङसेबुङ गाउँपालिकामै पनि भाषिक कर्मचारी नियुक्ती गरी किरात लिम्बू भाषालाई पालिकाभरी सरकारी कामकाजको भाषा लागू गरिएको छ।

## शाकाहारीस्थल माङसेबुङ

स्थानीयबासी किरात धर्मावलम्बीहरूको अनुरोध र पहलमा वि. स. २०७२ फागुन २० गते माङसेबुङलाई शाकाहारी क्षेत्र घोषणा गर्ने ऐतिहासिक निर्णय गरेको थियो। सो निर्णयले माङसेबुङलाई शाकाहारी गाउँमा मात्रै परिणत गरेको छैन, यसको धार्मिक र पर्यटकीय महत्वलाई अझ बढाएको छ ( माङसेबुङ बुलेटिन पृ. ३२)। स्थानीयको निर्णयलाई कार्यान्वयन गर्दै, जिल्ला प्रशासन कार्यालय इलामले वि.स. २०७२ साल चैत ११ गते माङसेबुङलाई शाकाहारी क्षेत्र घोषणा गरेको थियो।

सरकार वा सुरक्षा प्रशासनको दवाब र प्रभावका कारण नभइ यहाँ बसोबास गर्ने स्थानीयवासीलेनै स्वतःस्फूत पशुबली, मंश, मदमदिरा, धुम्रपान, हूलहुज्जत निषेधित क्षेत्र घोषणा गरेको हो। विकृति विसंगति र हत्या हिंसा रहित शुद्ध शाकाहारीस्थल निर्माण गर्ने उद्देश्यले अङसीमाङ तथा अङसीमामाङको समुपस्थितिमा तत्कालीन इलाम सहायक जिल्ला अधिकारी सुजन फागोले माङसेबुङलाई शाकाहारी क्षेत्र घोषणा गरेका थिए। (माङगेन्ना मासिक पृ. १)

यसरी शाकाहारी क्षेत्र घोषणा गरिएको माङसेबुङ परिसरमा मद-मदिरा, लागू औषध, मद्यपान, धुम्रपान, मासुमंस सार्वजनिक रूपमा उत्पादन, उपभोग र ओसारपसार तथा विक्री वितरण निषेध गरिएको छ। सार्वजनिक रूपमा समाजमा विकृति विसंगति फैलाउने जुवातास, डाइस, पासा, वेश्यावृत्ति, होहल्ला र अश्लिल व्यवहारहरू फैलन नदिन पहल थालिएको हो। 'सामाजिक सुरक्षा तथा सौहार्दपूर्ण वातावरणलाई असर पार्ने सबै क्रियाकलापहरू र पृथ्वीमा रहेको सबै प्राणीहरू समान बाँच्न पाउने अधिकार छ भन्ने विश्वव्यापी मान्यतालाई अंगिकार गर्दै शाकाहारी क्षेत्र घोषणा गरेका हौं' केहेरसिं योङहाङसँग कुराकानी)।

यसरी शाकाहारी क्षेत्र घोषणा गरिएको चार किल्लामा पूर्वमा बेलबोटे (माङसेबुङ साविक बाँझो सिमाना), चुनियाँ, एक्ले सखुवा हुँदै मेक्वा खोलासम्म, पश्चिममा फेदिखोला हुँदै रतुवा खोला, घर्ति दोभान, बाघमारा, फाल्गुनन्द धार्मिक वनदेखि मझुवा खोलासम्म रहेको छ। भने, उत्तर क्षेत्रमा भञ्ज्याङको नेम्बाङ चोक खोल्सी हुँदै मेक्वा खोला र दक्षिणमा मझुवा खोला, पाङग्रेधाम पूर्व चूली, रिखुवा खोला हुँदै गंगटे शिरसम्म निर्धारण गरिएको छ (माङगेन्ना मासिक, पृ. १)। शाकाहारी क्षेत्र बनाउने कदमले माङसेबुङलाई आध्यात्मिक शुद्धता र सामाजिक अनुशासनका आधारमा धार्मिक पर्यटनको नमूना शहरको रुप दिइसकेको छ।

## भौगोलिक र सामाजिक अबस्था

माङसेबुङ करिब साढे चार दशक अघि दुर्गम र अनकन्टार जंगलले ढाकेको, वारिपारि पातलो बस्ती मात्र रहेको थियो। माङसेबुङको वरिपरि आठ पाटा छन्। आठै पाटामा पानीको मुहान पनि रहेको छ। एउटै ठाउँ भएपनि बेगल बेगल मौसम पाइने माङसेबुङमा एकातिर चिसो पाटा छ भने अर्को पाटा









घमाइलो छ। यसको उत्तर पूर्वमा मेक्वा, देउमाई र माई खोला बग्छ भने, दक्षिण पश्चिम दिशाबाट रतुवा खोला बग्ने गर्छ ( केहेरसि योङहाङसँग कुराकानीमा आधारित)।

माङसेबुङ डाँडा भरिएको पाथी आकारको देखिन्छ। यसको पूर्वी मोहडा गुरुआश्रम लारूम्बा, खानिटार, फुलुङ्गी हुँदै माइखोलासम्म फैलिएको छ। यसैगरी उत्तरी मोहडाको जग मेक्वाखोलाबाट उठेको र दक्षिण पश्चिमी मोहडा मझुवा, भालुटार, लामिटारजस्ता टार बनाउँदै रतुवा खोलामा टुङ्गिन्छ ( आङबुहाङ, स्मृति ग्रन्थ २०६७, पृ. ५९१)। माङसेबुङ झापाको दमकबाट १७ किलोमिटर उत्तर, इलाम सदरमुकामबाट करिब ६० कि.मि. पश्चिम, पान्थरको रबीबाट करिब २५ कि.मि. दक्षिण र धनकुटाको मिक्लाजोङबाट करिब २० कि.मि. पूर्वमा अवस्थित छ।

समुन्द्री सतहबाट ९ सय मिटर उचाइमा रहेको माङसेबुङबाट इलाम, झापा, मोरङ, धनकुटा र पान्थरका विभिन्न स्थलहरु देखिन्छन्। माङसेबुङवाट इलामको महमाई, दानाबारी, जीतपुर, इभाङ, लक्ष्मीपुर, फिक्कल, हर्कटे, कन्याम, सिद्धिथुम्का, थालाचेप्पा, चिसापानी पञ्चमी, साकफारा, झापाको दमक, बिर्तामोड देखिन्छ। यसैगरी मोरङको उर्लाबारी, रमितेडाँडा र पान्थर, इलाम तथा धनकुटाको संगमस्थल मिक्लाजोङसमेत राम्ररी दृश्यावलोकन गर्न सकिन्छ।

माङसेबुङ रिङरोड परिसर भित्र (बाटो माथि) बस्ती छैन, सो क्षेत्रमा खेतीपाति नगर्ने भनि जंगल बढाउँदै लगिएको छ। त्यसैले केही ठाउँमा चियाको खेती लगाइएको छ। थोरै जग्गामा धूपी र सल्ला पनि रोपिएको छ। २०६० साल यता वर्षेनी वृक्षारोपण गरिँदै आएको छ। यसरी बढाउँदै लगिएको वन जंगललाई संरक्षण, सम्बर्द्धन गर्न २०७२ जेठ १ गते ताम्भुङला ताङसेप येत्हाङ मुककोक्मा माङसेबुङ नामक संस्था स्थापना गरिएको छ (माङगेन्ना मासिक, साउन २०७२ पृ. १)।

झापाको दमकबाट करिब १५ किलोमिटर फाल्गुनन्द मार्ग अर्थात रतुवा खोलाको किनारै किनार फाल्गुनन्द मार्गको यात्रा पार गरेपछि २ किलोमिटर बढीको उकालो बाटो छिचोलेर माङसेबुङ पुगिन्छ भने, झापाको विर्तामोडदेखि इलामको माई नगरपालिका हुँदै आत्मानन्द मार्गबाट पनि माङसेबुङ पुग्न सकिन्छ। इलामको सदरमुकामबाट माइ नगरपालिका हुँदै आत्मानन्द मार्ग बाटो पनि जान सकिन्छ भने, सदरमुकामबाट देउमाई नगरपालिकाको बाटो लिएर पनि माङसेबुङ पुग्न सकिन्छ। यसरी नै पान्थरको रबि बजारहुँदै फाल्गुनन्द मार्ग मार्फतपनि सजिलो माङसेबुङ पुगिन्छ।

पछिल्लो समय धार्मिक पर्यटकीय तीर्थस्थलको रूपमा संसारभर चर्चा हुँदै आएको माङसेबुङ क्षेत्रमा १६ वटा टोल रहेका छन्। जसमा लासिङबुङ, कुवापानी, अमदेन, फेनाबुङ, सेनेला, सेसेला, मिक्तोक्ला, नाम्तोक्ला, बेलबोटे, नेनेदेन, भालुटार, वाबुङदेन, धराने, लारूम्बा चुनिया, रूपाङगे, भञ्ज्याङ लगायतका टोलहरू रहेका छन्। माङसेबुङमा किरात धर्ममा आस्थावान लिम्बू, राई, मगर, गुरूङ, सुनवार, याक्खा, श्रेष्ठ, ठाकुर र शिल्पी समुदायका कामी, दमाई लगायत जातीय समावेशी बसोवास रहेको छ। यहाँ धान, मकै, कोदो, आलु र नगदे बाली अदुवा, दाल, अलिम्सो, अंलैची, फलफूल आदि उत्पादन हुने गर्छ।

## माङसेबुङको वर्तमान अवस्था

किरात धर्मावलम्बीहरूको केन्द्रीय धार्मिकस्थल माङसेबुङमा वि.स. २०५० सालमा किरात केन्द्रीय माङहिम्‌ किरात हाङसाम मुजोत्लुङ माङहिमु को स्थापना गरिएको छ। माङहिम नजिकै प्रवचन प्राङगण निर्माण गरिएको छ। हाल प्रवचन प्राङगण बनाइएको ठाउँमा निकट भविष्यमा किरात केन्द्रीय माङहिम बनाउनुपर्ने छ (केहेरसिं योङहाङसँगको कुराकानीमा आधारित)। भने, २०६१/०६२ मा किरात धर्मावलम्बीहरूको जनश्रमदानबाट साढे ५ किलोमिटरको माङसेबुङ चक्रपथ ( रिङरोड) निर्माण गरिएको छ।

चक्रपथ निर्माण कार्य वि.स. २०५९ असारदेखि सुरू गरी वि.सं. २०६१ कार्तिकमा सम्पन्न गरिएको थियो । उक्त चक्रपथलाई स्तरोन्नतिका लागि पछिल्लो समयमा प्रदेश सरकारको लगानीमा विस्तृत परियोजना सर्वेक्षण (डिपिआर) गरिएको छ । डिपिआर गरिएपछि ४ करोड बजेट प्रदेश सरकारले विनियोजन गरी चक्रपथको स्तरोन्नतिको काम भएको थियो (माङसेबुङ पत्रिका, साउन, ०७७, पृ. २७)।

किरात धर्मावलम्बीहरूको सहयोगमा माङसेबुङको शिरमा रहेको डाँडामा पनि सेवा गर्ने एक माङहिम निर्माण गरिएको छ । त्यसैगरी वि.स. २०६१ साल कार्तिक २५ गते फाल्गुनन्द मार्गको भञ्ज्याङमा महागुरू फाल्गुनन्द लिङ्देनको पहिलो प्रतिमा समेत स्थापना भएको छ (केहेरसिं योङहाङसँगको कुराकानीमा आधारित) । यहाँ भालुटारमा शाकाहारी बुधबारे हटिया लाग्दै आएको छ । सो क्षेत्रमा माङसेबुङ गाउँपालिकाको आर्थिक सहयोगमा किरात प्रथम राजा यलम्बरको शालिक पनि स्थापना गरिएको छ। भने, श्री सरस्वति मा. वि. परिसरमा मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङको पूर्ण कदको प्रतिमा समेत स्थापना गरिएको छ । माङसेबुङलाई धार्मिक सांस्कृतिक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न माङसेबुङ गाउँपालिकाको सहयोगमा विस्तृत परियोजना सर्वेक्षण (डिपिआर) गरेको छ।

माङसेबुङमा प्रदेश सरकार सहरी विकास तथा भवन कार्यालय इलाम आत्मा पवित्र बस पार्कको पनि डिपिआर गरेको छ। तर, २०७७ सालमा डिपिआर गरेर माटो काट्ने काम बाहेक थप काम हुन सकेको छैन। विभिन्न जातजातिका जीवजन्तु, पशुपंक्षीको छुट्टाछुट्टै बाँसस्थान, पोखरी, गेट, भवन लगायतका संरचनाहरू निर्माण गर्न बनाइएको पवित्रहाङमा चिडियाखानाको पनि डिपिआर गरेको छ। डिपिआरपछि निर्माण कार्य सुरू गरी पोलहरू गाड्ने, जाली लगाउने काम भइरहेको छ (केहेरसिं योङहाङसँगको कुराकानीमा आधारित)।

नेपाल सरकारको आर्थिक वर्ष २०७५/०७६ को बजेट वक्तव्यको बुँदा नं. ११४ मा नेपालको पर्यटन प्रवर्द्धनका लागि नयाँ गन्तव्य पहिचान तथा विकास गर्ने उल्लेख छ। सोही अनुसार, नेपाल सरकारले पर्यटन प्रवर्द्धन र विकासका लागि सय गन्तव्यको सूची सार्वजनिक गरेको थियो । तीमध्ये केहीलाई 'स्थापित तथा प्रवर्द्धन गरिनुपर्ने गन्तव्यहरु' र केहीलाई 'नयाँ तथा विकास गरिनुपर्ने गन्तव्यहरु' भनी छुट्याइएको छ। नयाँ तथा विकास गरिनुपर्ने गन्तव्यहरुमा 'गुरू फाल्गुनन्द सर्किट' राखिएको छ । गुरू फाल्गुनन्द सर्किटमा पाँचथरको लोब्रेकुटी, इलामको चुक्चिनाम्बा, गजुरमुखीधाम र माङसेबुङ लारूम्बा समावेश छन्।

नेपाल सरकारले पर्यटन प्रवर्द्धन र विकासका लागि



पहिचान गरेको भएपनि पर्यटनमा आवश्यक संरचना निर्माणमा सरकारी बजेट पर्न सकेको छैन। यसरी सरकारले पर्यटकीय गन्तव्यको सूचीमा राखेको करिब सात वर्ष बितिसक्दा पनि माङसेबुङमा अहिलेसम्म पर्यटन प्रवर्द्धनका लागि कुनै भौतिक पूर्वाधार निर्माण भएको छैन । किरात धर्म दर्शनलाई प्रचार-प्रसार र सम्वर्द्धन गर्दै आएका धार्मिक र सामाजिक संस्थाहरुले प्रयास गर्दै आए पनि सफल हुन सकेका छैनन् (केहेरसिं योङहाङसँगको कुराकानी आधारित)।

## धार्मिक पर्यटनको सम्भावना र चुनौति

माङसेबुङ एक धार्मिक पर्यटकीय क्षेत्र बन्ने प्रचुर सम्भावना बोकेको इलाम जिल्लाको स्थानीय तह हो । माङसेबुङमा रहेको किरात समुदायको केन्द्रीय धार्मिकस्थल माङसेबुङ, गजुरमुखि धाम, माङमालुङ/थालाचेप्पा धार्मिक पर्यटकीय क्षेत्रहरू त सामान्य प्रचारप्रसार गरिएको भएपनि राष्ट्रिय विभूति महागुरू फाल्गुनन्द र अङसीमाङ आत्मानन्द तथा अङसीमामाङ पवित्रहाङमाको जन्मभूमि र तपोभूमिहरू प्रचार प्रसार र विकास निर्माणबाट ओझेलमा परेका छन् । यी ऐतिहासिक र महत्वपूर्ण धार्मिकस्थल बाहेक पनि माङसेबुङमा असंख्य धार्मिक पर्यटकीयस्थल बन्न सक्ने र बनाउन सकिने क्षेत्रहरू रहेका छन्। तर, यसमा राज्यको नजर पुग्न जरूरी छ।

'किरात धर्मावलम्बीहरूको पहलमा निर्माण भइरहेको माङसेबुङलाई विश्व सम्पदा सूचिमा सूचिकृत गर्न, गराउन राज्यनै लाग्न आवश्यक छ। यसका लागि आवश्यक पूर्वाधारहरूको निर्माणमा राज्य अनुदार नहुने हो भने, माङसेबुङलाई धार्मिक पर्यटकीय क्षेत्रको रूपमा स्थापना गर्न धेरै समय कुर्नु पर्दैन' (माङसेबुङ दर्पण, २०८१, पृ. ६)। यसरी किरात धर्मावलम्बीहरुको धार्मिक केन्द्रका रुपमा विकास भएपछि माङसेबुङमा नेपालका पूर्व राजा, राष्ट्रपति, प्रधानमन्त्रीहरु, सभामुख, मन्त्रीहरु, सांसदहरु र विश्वका किरात धर्मावलम्बीहरुले तीर्थाटन गर्न थालेका छन्। हजारौं वर्षको इतिहास भएको हिन्दूको वनारस, बौद्धको लुम्बिनी,

ईशाइको जेरुसेलम र ईश्लामको मक्का मदिनाझैं किरातको माङसेबुङ पनि धार्मिक नगरको रुपमा पछिल्लो समय विकास हुँदै गएको छ।

'माङसेबुङलाई किरात धर्मावलम्बीहरुको धार्मिक नगरको रुपमा विकास गर्न सके यो नेपाललाई चिनाउने लुम्बिनीजस्तै अर्को 'ब्राण्ड' बन्न सक्छ। जसले नेपालको धार्मिक पर्यटनमा सहयोग त पुऱ्याउँछ नै र नेपाल हिन्दू, बौद्ध र किरात धर्मका लागि पवित्र धार्मिक स्थल बन्नेछ' ( आङबुङहाङ, स्मृति ग्रन्थ, २०६७, ५९७)। यहाँ आवतजावतका लागि बाह्रै महिना यातायात सञ्चालन हुने सडक बन्न सकेको छैन्। हिउँदभरी किरात धर्मावलम्बी भक्तजन साथै आन्तरिक तथा वाह्य पर्यटकहरू सहज आवतजावत गरिरहेको भएपनि वर्षायाममा यातायातको समस्या हुने गरेको छ। पर्यटकहरूको आवासका लागि व्यवस्थित होटल, गेष्टहाउसहरू निर्माण र सञ्चालन हुन सकेका छैन्। भरपर्दो विद्युत, सञ्चार र स्वास्थ्य सेवा समेत सञ्चालन हुन सकेको छैनन्। त्यसैले माङसेबुङलाई धार्मिक पर्यटकीय क्षेत्रको रूपमा स्थापित गर्न यस विषयमा तीन वटै तहका संघीय, प्रदेश र स्थानीय सरकारले पहल गर्न आवश्यक छ।

यसरी माङसेबुङ धार्मिक तथा भौगोलिक दृष्टिकोणले महत्वपूर्ण मानिएपनि पूर्वाधारको अभाव अझै पनि चुनौतीका रुपमा रहेको छ। विशेषगरी यातायात, सञ्चार, विद्युत, होटल तथा स्वास्थ्य सेवा जस्ता आधारभूत पूर्वाधारको विकास आवश्यक छ। यसमा सामान्य सेवा सुविधा भएपनि भरपर्दो र व्यवस्थित हुन सकेको छैन। सन्दकपुर, माइपोखरी, गजुरमुखी, कन्यामजस्ता इलामका प्रसिद्ध पर्यटकीय क्षेत्रसँग माङसेबुङले धार्मिक पर्यटनको एउटा पृथक गन्तव्य बन्ने सम्भावना बोकेको छ।

यसैगरी पर्यटन प्रवर्द्धन र विकासको लागि नेपाल सरकारले 'माङसेबुङ सर्किट'को रूपमा नयाँ गन्तव्यको रूपमा पहिचान गर्ने गरी किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा नामक संस्थाबाट माङसेबुङ लारूम्बाबाट गुरूआमा जन्मस्थल उत्तरे, चुक्चीनाम्बा, महागुरू जन्मस्थल डाडाँगाउँ, गुरू जन्मस्थल अगौटेबारी, देउमाई नगरपालिकामा अवस्थित महागुरू तपोभुमि खत्रक्पा, फुलुङगी र माई नगरपालिकामा अवस्थि मैना चुली हाङसाम वरक जोडेर अवधारणा पत्र नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालयमा पेस गरिएको छ। तर यसको अहिलेसम्म कुनै सुनवाई हुन सकेको छैन (नन्दकुमार नेम्बाङसँगको कुराकानीमा आधारित)।

यसरी माङसेबुङ सर्किटको रूपमा नयाँ गन्तव्य पहिचान गरी भ्रमण पर्यटकीयस्थलको रूपमा विकास गर्न सक्यो भने पर्यटनसँगै खोज अनुसन्धानकर्ताका लागि पनि अध्ययन केन्द्र बन्छ। यसले पर्यटन व्यवसायलाई टेवा पुऱ्याउन सक्छ। तर, त्यसको लागि भौतिक पूर्वाधारहरू तयार हुन अपरिहार्य छ। खोज अनुसन्धान र अवलोकन गर्ने भौतिक संरचनाहरू निर्माण हुन जरूरी छ। त्यो ठाउँमा आवतजावतको लागि सडक, विद्युत, होटल लगायतका आधारभूत आवश्यकताहरूको सेवा सुविधा हुन आवश्यक छ। यसमा सरोकारवालाहरूले ध्यान दिन सके माङसेबुङ धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास र विस्तार गर्न सकिन्छ।

माङसेबुङमा वर्षेनी आयोजना हुने कार्यक्रमहरूमा देश विदेशका लाखौं भक्तजनहरू आवतजावत हुने गरेका छन् । कार्यक्रममा सहभागि हुन र विशेष गरी किरात धर्मगुरु मुहिङगुम अङसीमाङ आत्मानन्द लिङ्देन 'सेइङ' तथा मुहिङगुम अङसीमामाङ पवित्रहाङमा साँबा लिङ्देनहरूको दर्शन भेट गर्न दैनिक दर्शनार्थीहरू माङसेबुङ आउने जाने गरेका छन्।

यसरी माङसेबुङमा वर्षेनी कार्तिक २५ गते किरात धर्म दर्शनका पुनः उत्थापक, समाज सुधारक राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ फाल्गुनन्द लिङ्देन जन्मजयन्ती, मसिर १८ र १९ गते मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङ जन्मोत्सव (उधौली सेवा), माघ ५ र ६ गते सावायेहाङ किरात खिबेक्वा याक्वा सेवा (उभौली सेवा) र फागुन ३ र ४ गते मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देन जन्मोत्सव विशेष आकर्षणको रुपमा सभ्य र भव्य रुपमा समारोह आयोजना गरी मनाउने गर्दछन्। यी बाहेक अन्य स-साना कार्यक्रम र उत्सवहरु अनगिन्ती आयोजना हुने गरेका छन् ( माङसेबुङ संक्षिप्त परिचय, ०६८, पृ. १३-१४) ।

## निष्कर्ष

माङसेबुङको धार्मिक, सांस्कृतिक र पर्यटकीय सम्पदाको जगेर्ना र विकासका लागि तीनवटै तहका सरकारहरु तथा निजी क्षेत्रको संयुक्त पहल अपरिहार्य छ। माङसेबुङलाई विश्व सम्पदा सूचीमा समावेश गराउने दीर्घकालीन प्रयास गर्न सकिनेछ। किरात धर्मको अध्यात्मिक राजधानीका रुपमा



यसलाई विकास गर्दा नेपालको धार्मिक पर्यटनमा एउटा नयाँ 'ब्रान्ड' थपिन सक्छ । यसको लागि सरोकारवालाहरूले दीर्घकालिन नीति योजना तर्जुमा गरी कार्यान्वयनमा त्यतिकै लाग्न आवश्यक छ।

यहाँको धार्मिक पर्यटकीय क्षेत्रहरू सामान्य प्रचारप्रसार गरिएको भएपनि पर्यटकीय क्षेत्र बन्न सक्ने सम्भावना बोकेका थुप्रै क्षेत्रहरू प्रचार प्रसार र विकास निर्माणबाट ओझेलमा परेका छन्। यी ऐतिहासिक र महत्वपूर्ण धार्मिकस्थलहरू माङसेबुङ, फुलुङगी, खत्रक्पा, चुक्चिनाम्बा, अगोटेबारी, गजुरमुखी, थालाचेप्पा/माङमालुङ लगायतलाई परिक्रममा गर्ने धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न एउटा माङसेबुङ सर्किट अवधारणा निर्माण गरी कार्यान्वयन गर्न सबैले पहल गर्नु बुद्धिमता हुनेछ।

## सन्दर्भ सामग्रीहरु


आङबुहाङ, अबोध अविरल। २०६७। माङसेबुङ : धार्मिक नगरको सपना र सम्भावना, किरात धर्म दोस्रो अन्तर्राष्ट्रिय महासम्मेलन स्मृति ग्रन्थ, ५८९-५९७

आङबुहाङ, सरस्वता। २०६७। किरात साम्जीक मुन्धुम निसामहिम, किरात धर्म दोस्रो अन्तर्राष्ट्रिय महासम्मेलन स्मृति ग्रन्थ, ५९८-६०६

केदेम, ज्ञानु र अरू (सं.) (२०८१), माङसेबुङ दर्पण । माङसेबुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय इभाङ, धार्मिक पर्यटकीय तीर्थस्थल माङसेबुङ, (किरात इङभो पान्जुम्भो र माङसेबुङ पब्लिकेशन्स एण्ड मिडिया प्रा. लि), ३-६

केदेम, ज्ञानु। माङसेबुङ मासिक, वर्ष ३, अंक ४, चैत २०७५। सरकारी कामकाजमा लिम्बू भाषा र किरात लिपि, ३-८। धनबहादुर थेवे 'निवाहाङ'।

केदेम, ज्ञानु। माङसेबुङ मासिक, वर्ष २, अंक २, पुस २०७४। धार्मिक पर्यटकीयस्थल माङसेबुङ, ३-६। धनबहादुर थेवे 'निवाहाङ'।

माङसेबुङ मासिक, वर्ष ४, अंक ७, साउन २०७७। धनबहादुर थेवे 'निवाहाङ'।

माङसेबुङ संक्षिप्त परिचय। २०६८। माङसेबुङ पर्यटन विकास केन्द्र

केदेम, ज्ञानु। माङसेबुङ मासिक, वर्ष ६, अंक १२, मंसिर २०७९। सत्य, शान्ति र एकताका संवाहक लिङ्देन आत्मानन्द सेइङ संक्षिप्तमा, ३-९। धनबहादुर थेवे 'निवाहाङ'।

किरात इङसे, वर्ष ४, अंक २, फागुन २०८१। धार्मिकस्थल माङसेबुङको चर्चा, किरात इङभो पान्जुम्भो, ४

माङसेबुङ गाउँपालिकाको वेबसाइट https://mansebungmun.gov.np

यी हुन् एक सय वटा नयाँ पर्यटकीय गन्तव्य (सूचीसहित) (कात्तिक १५, २०७५) https://deshsanchar.com

केदेम, ज्ञानु। माङगेन्ना मासिक, वर्ष १, अंक २/३, २०६७। निषेधित क्षेत्र बन्दै माङसेबुङ, सुधार समिति गठन, पृ. १। पदमकुमार लाओती।

माङगेन्ना मासिक, वर्ष ७, २०७२। हरियाली बन्दै धार्मिक पर्यटकीयस्थल माङसेबुङ, पृ. १। पदमकुमार लाओती।

माङसेबुङ बुलेटिन। वर्ष १, अंक १, २०७८/०७९। शाकाहारी तीर्थाटन क्षेत्र : माङसेबुङ, माङसेबुङ गाउँपालिका, ३२

केदेम, ज्ञानु। माङसेबुङ मासिक, वर्ष ८, अंक १, पुस २०८०। पर्यटकको रोजाईमा इलामका पर्यटकीय गन्तव्यहरू, पृ. ६-७। धनबहादुर थेवे 'निवाहाङ'।

**स्रोत व्यक्ति**

केहेरसिं योङहाङ, अध्यक्ष : किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा समिति, माङसेबुङ, इलाम

नन्दकुमार नेम्बाङ, पूर्व सचिव : किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा समिति, माङसेबुङ, इलाम





# लुङमेन्दिङ नोनिङ्वा

किरात धर्म दर्शनदाता, महान समाज सुधारक, राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरु फाल्गुनन्द लिङदेनज्यूको १४१ औं जन्मजयन्तीको पावन अवसरमा सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति र समृद्धिको

लुङ्मेन्दिङ नोनिङ्वा

**किरात साम्यो साक्थिम्गेन मुजोत्लुङ पान्जुम्भो**

**माङसेबुङ, इलाम**

मनप्रसाद चेम्जोङ — कोषाध्यक्ष

दिलिप माखिम — सचिव

लेखनाथ चेम्जोङ — अध्यक्ष





# लुङमेन्दिङ नोनिङ्वा

किरात धर्म दर्शनदाता, महान समाज सुधारक, राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरु फाल्गुनन्द लिङदेनज्यूको १४१ औं जन्मजयन्तीको पावन अवसरमा सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति र समृद्धिको

लुङ्मेन्दिङ नोनिङ्वा



**सन्जीत तुम्सा**

सदस्य

किरात साम्यो माङसेवासाबा मुजोत्लुङ पान्जुम्भो

एवं स परिवार, माङसेबुङ -५, भालुटार, इलाम



[illegible] ॥

# लुङमेन्दिङ नोनिङवा

**किरात धर्म दर्शनदाता, महान समाज सुधारक, राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरु फाल्गुनन्द लिङ्देनज्यूको १४१ औं जन्मजयन्तीको अवसरमा सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति र समृद्धिको**

## लुङमेन्दिङ नोनिङ्वा

### मनोज सिवाकोटी
हिमसामा : रिना सिवाकोटी
एंव स परिवार
माङसेबुङ -५, भालुटार, इलाम



### सेक्मुरीफुङ महिला वचत तथा ऋण समूह
माङसेबुङ -५, लासीङबुङ, इलाम

सरुहाङमा इधिङगो सेलिङ — कोषाध्यक्ष
तिलरुपा सवेन्हाङ राई — सचिव
चन्द्रा सेन्दाङ योङहाङ — अध्यक्ष

### अमृत चेम्जोङ
अध्यक्ष : गेट डिउटी मिक्पोरा समिति
एंव स परिवार
माङसेबुङ -५, भालुटार, इलाम



### सिद्धिलाल लिङ्देन
हिमसामा : लोरिङदेन बालमति लिङ्देन
एंव स परिवार
देउमाई -९, जीतपुर, इलाम



### होमबहादुर फत्र
हिमसामा : खालिङ जसमाया फत्र
एंव स परिवार
देउमाई -९, जीतपुर, इलाम



### नरेन्द्र सङमी
हिमसामा : येक्तेन मनिमाया सङमी
एंव स परिवार
देउमाई -९, जीतपुर, इलाम



### नगेन्द्र आङदेम्बे
हिमसामा : चेम्जोङ मुना आङदेम्बे
एंव स परिवार
देउमाई -९, जीतपुर, इलाम



### गुन्जमान लिङ्देन
हिमसामा : आङदेम्बे कौशिला लिङ्देन
एंव स परिवार
देउमाई -९, जीतपुर, इलाम



### छत्रबहादुर लिङ्देन
हिमसामा : चेम्जोङ आशा लिङ्देन
एंव स परिवार
देउमाई -९, जीतपुर, इलाम



### आइतबहादुर पत्रे
हिमसामा : लिङ्देन ऐतरानी पत्रे
एंव स परिवार
देउमाई -९, जीतपुर, इलाम



### मनबहादुर लिङ्देन
हिमसामा : मरोहाङ सेतीमाया लिङ्देन
एंव स परिवार
देउमाई -९, जीतपुर, इलाम



### योङहाङ धनमाया लिङ्देन
एंव स परिवार
देउमाई -९, जीतपुर, इलाम





# मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङ ७२ औं शुभ जन्मोत्सव

## मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङ्मा लिङ्देन नुमाङगेन्ना सेवा महासमारोह

## हार्दिक निमन्त्रणा

**कार्यक्रम :**

- २०८२ मंसिर ७ गतेदेखि : आत्मानन्द गोल्डकप प्रारम्भ ।
- २०८२ मंसिर १६ गते: साक्मुरा वादेम्मा सेवा ।
- २०८२ मंसिर १७ गते: विश्व शान्ति तथा मानव एकताका लागि किरात हाङसाम मुजोत्लुङ माङहिम्मा येत् नाम्धुङ लधुङसेमी सेवा तथा आत्मानन्द गोल्ड कपको फाइनल खेलसँगै खेलकुद प्रतियोगिताका विजयी खेलाडीहरूलाई पुरस्कार वितरण ।
- २०८२ मंसिर १८ गते: मुहिङगुम अङसीमाङ् लिङ्देन आत्मानन्द सेइङज्यूको ७२ औं शुभ जन्मोत्सव तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देनज्यूको नुमाङगेन्ना सेवा महासमारोह-२०८२ समुद्घाटन । शुभकामना मन्तव्य, धन्यवाद आशीर्वचन, आत्मानन्द साहित्य पुरस्कार वितरण साथै विशेष समारोहबीच सावायेहाङ नुमाङगेन्ना सेवा ( माङगेन्ना सेवा मुन्धुम ७२ जना माङसेवासाबा/माङसेवासामाबाट वाचन) । साँझ बृहत सांस्कृतिक कार्यक्रम
- २०८२ मंसिर १९ गते : मुहिङगुम अङसीमाङ लिङदेन आत्मानन्द सेइङज्यू तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देनज्यूबाट विशेष माङआशीर्वचन, मुहिङगुम अङसीमाङ तथा मुहिङगुम अङसीमामाङमा मिक्तोक (उपहार) अर्पण । संस्थागत धन्यवाद-पत्र वितरण, पुस्तक/पुस्तिका विमोचन, माङगेन्ना चामल वितरण, विहान साहित्यिक कार्यक्रम तथा साँझ सांस्कृतिक कार्यक्रम
- पुनश्च : नुमाङगेन्ना सेवासँगै सावायेहाङ माङगेन्ना कार्यक्रम समेत आयोजना गरिएकोले यसका लागि आवश्यक सामग्रीहरु दियो कलस, थाली, चामल, तेल, धागो, पानी, फूल र माङगेन्ना भेटी भक्तजन आफैले व्यवस्थापन गर्नुपर्ने छ । माङगेन्ना सेवामा उपस्थित हुन नसकेका परिवारजनको हकमा येबो (मैनाम) मार्फत पनि माङगेन्ना गर्न, गराउन सकिनेछ । महासमारोहको अवसरमा सम्पूर्ण भक्तजनहरुलाई सावायेहाङ जलपान कार्यक्रम पनि आयोजना गरिएको छ । साथै मुबेक्वा चासोक सेवाको लागि सम्पूर्ण भक्तजनहरूले माङ हुक्वा संकलन गरी सेवामा सहभागि भइदिन हुन अनुरोध छ ।

अतिरिक्त खेलहरू : म्याराथन, पक्लुङ, लठ्ठा तान्ने, धनुकाँण, कराँते आदि
प्राविधिक सहयोग : फुटबल संघ इलाम
खेलकुद प्रवर्द्धन : माङसेबुङ गाउँपालिकाको कार्यालय इभाङ, इलाम
मुख्य सहयोगी : गुरू निजी आश्रम अर्थ समिति माङसेबुङ-५, इलाम
विशेष सहयोगी : गुरू आश्रम निजी सचिवालय गुरू आश्रम, माङसेबुङ,

**खेलकुद पुरस्कार**

फुटबल तर्फ विजेतालाई : रु ३,११,१७२।- ट्रफी, मेडल, प्रमाणपत्र
फुटबल तर्फ उपविजेतालाई : रु २,०५,१७२।- ट्रफी, मेडल, प्रमाणपत्र

**खेलकुद संयोजन**

आत्मा पवित्र हक्चात यक्चुम




बिदाई : २०८२ मसिंर २० गते
माङसेबुङ गाउँपालिका-५, माङसेबुङ इलाम





**आयोजक :**
मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द 'सेइङ' ७२ औं जन्मोत्सव
मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङ्मा लिङ्देन नुमाङगेन्ना सेवा महासमारोह